# बुढानीलकण्ठ नगरपालिकाको नक्सा





प्रकाशक:

बुढानीलकण्ठ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

शिक्षा, युवा तथा खेलकुद महाशाखा

हात्तीगौँडा, काठमाडौं, बागमती प्रदेश, नेपाल


"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"

# बुढानीलकण्ठ शैक्षिक दर्पण २०८१




बुढानीलकण्ठ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

हात्तीगौँडा, काठमाडौं

बागमती प्रदेश, नेपाल

# बुढानीलकण्ठ शैक्षिक दर्पण

# २०८१

वर्ष : ३ अङ्क : ३

बुढानीलकण्ठ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**शिक्षा, युवा तथा खेलकुद महाशाखा**

हात्तीगौंडा, काठमाडौं

बागमती प्रदेश, नेपाल

## सल्लाहकार

नगरप्रमुख श्री मिठाराम अधिकारी
नगर उपप्रमुख श्री अनिता लामा
प्रमुख प्रशासकीय अधिकृत श्री तुल्सीराम अर्याल

## सम्पादन मण्डल

### संयोजक

उपसचिव श्री ललित बिक्रम सिंह

### सदस्य

अधिकृत आठौं श्री अनिता खनाल
माध्यमिक शिक्षक (नेपाली) श्री शशी खड्का

**बुढानीलकण्ठ नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**शिक्षा, युवा तथा खेलकुद महाशाखा**

**हात्तीगौंडा, काठमाडौं**
**बागमती प्रदेश, नेपाल**

---

कम्प्युटर: आनन्द राज शाक्य, anandeye@gmail.com

*"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"*

**बुढानीलकण्ठ नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**हात्तीगौडा, काठमाडौं**

**बागमती प्रदेश, नेपाल**



## शुभकामना

यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाले विभिन्न लेख रचना, शैक्षिक तथ्याङ्क तथा सूचक र विवरण समावेश गरी शैक्षिक दर्पण प्रकाशन गर्न लागेको विषयले मलाई हर्षित बनाएको छ ।

शिक्षा आफैंमा विकास, समृद्धि र उन्नयनको आधार हो । शिक्षालाई पूर्वाधारको पनि पूर्वाधार मानिन्छ । शिक्षाको यथोचित विकासबिना विकासात्मक गतिविधिहरूको गुणात्मकता र दिगोपनामा कायम गर्न समेत कठिन हुने देखिन्छ । यस विषयलाई आत्मसात गर्दै यस नगरपालिकाले केही वर्ष यता शिक्षालाई उच्च प्राथमिकतामा राखेर कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्दै आएको छ ।

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई अनिवार्य र नि:शुल्क बनाएको छ भने माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने प्रावधानलाई आत्मसात गरेको छ । संविधानले सुनिश्चित गरेको बालबालिकाको शिक्षाको अधिकारलाई व्यवहारत: कार्यान्वयन गर्नुपर्ने भएको छ । यस संवैधानिक दायित्वलाई कार्यान्वयन गर्न संस्थागत विद्यालयहरूको तर्फबाट आवश्यक सहयोग प्राप्त हुने अपेक्षा लिएको छु ।

यस नगरपालिका भित्र रहेका विभिन्न शैक्षिक मुद्दाहरूलाई आमजनमानसमा लिन शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालयका शैक्षिक आवश्यकता र मागहरू पहिचान गर्न समेत यस प्रकाशनले उच्च योगदान गर्ने विश्वास लिएको छु ।

अन्त्यमा यस प्रकाशनको कार्यमा संलग्न सम्पूर्ण सिर्जनशील मस्तिष्कहरूप्रति आभार प्रकट गर्दै प्रकाशनको स्तरीयता र निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछु ।

मिठाराम अधिकारी
नगरप्रमुख

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"

बुढानीलकण्ठ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

हात्तीगौडा, काठमाडौं

बागमती प्रदेश, नेपाल



# शुभकामना

हाम्रो नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाले नगरपालिकाको शिक्षालाई सुधार, विकास र उन्नयनको दिशामा अग्रसर गराउन विभिन्न सिर्जनशील क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ । विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा विद्यालय केन्द्रित गरी सञ्चालन गरिएका विभिन्न असल शैक्षिक अभ्यासहरूले बुढानीलकण्ठको शिक्षाको रूपान्तरणमा महत्त्वपूर्ण टेवा पुग्न गएको अनुभूति गराएको छ ।

शिक्षा, युवा तथा खेलकुद महाशाखाको योजना र विद्यालयहरूको नेतृत्वमा बालबालिकाको अन्तरनिहित प्रतिभाको प्रस्फुटन गराउन विभिन्न साहित्यिक कार्यक्रमदेखि विद्यालयको शिक्षण सिकाइलाई मनोरञ्जनपूर्ण बनाउन रमाइलो शुक्रबारसम्मका क्रियाकलाप सञ्चालन गरिएका छन् । यसका अलवा शिक्षकको पेसागत विकास, विद्यार्थी मूल्याङ्कन, स्थानीय पाठ्यक्रमको कार्यान्वयन, विद्यालयमा वृत्ति मार्ग निर्देशन सेवा सञ्चालन, विद्यालय स्काउट तथा विद्यालय दिवा खाजा लगायतमा यस नगरपालिकाले नवीनतम अभ्यास गरिरहेको छ ।

उपर्युक्त सन्दर्भमा शिक्षा, युवा तथा खेलकुद महाशाखाले विगतका बर्षझैं यस बर्ष पनि विभिन्न लेख रचना, शैक्षिक तथ्याङ्क तथा सूचक र विवरण समावेश गरी शैक्षिक दर्पणको दोस्रो अङ्क समेत प्रकाशन गर्न लागेको विषयले अत्यन्त खुसी बनाएको छ । यस दर्पणले नगरपालिकाको शैक्षिक विवरण र सूचनाहरूका साथै शिक्षक, विद्यार्थी तथा शैक्षिक सरोकारवालाका लेख, रचना समेत प्रकाशन गरी असल शैक्षिक अभ्यासहरूलाई संस्थागत गर्न सहयोग गर्ने विश्वास लिएको छु ।

अन्त्यमा यस प्रकाशनको कार्यमा संलग्न सम्पूर्ण सिर्जनशील मस्तिष्कहरूप्रति आभार प्रकट गर्दै प्रकाशनको प्रभावकारिता, स्तरीयता र निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछु ।

अनिता लामा

नगरउपप्रमुख

टोल फ्री नं. १६६००१०००३२, फोन नं. ०१-४३७२७२५

www.budhanilkanthamun.gov.np, E-mail: info@budhanilkanthamun.gov.np, budhanilkanthamun@gmail.com

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"
बुढानीलकण्ठ नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
हात्तीगौडा, काठमाडौं
बागमती प्रदेश, नेपाल



# शुभकामना

बुढानीलकण्ठ नगरपालिकामा सञ्चालन गरिएकाका विभिन्न नवीनतम शैक्षिक अभ्यासहरू नेपालभरिका स्थानीय तहका लागि अनुकरणीय र अनुसरणीय बनेका छन् । सबै सामुदायिक माध्यमिक विद्यालयमा लागु गरिएको विद्यार्थी वृत्ति मार्गदर्शन तथा रोजगार मेला होस् या नगरपालिका स्तरीय प्रथम बुद्धिचाल प्रतियोगिता किन नहोस, सघन शिक्षण सिकाइ कक्षाको सञ्चालन होस् वा विद्यार्थीको नतिजामा एकै वर्षमा गर्न सकिएको उल्लेख्य सुधारका कार्य किन नहोस् सबै सरोकारवालामा सार्वजनिक शिक्षाको रूपान्तरणमा नयाँ अपेक्षा वृद्धि गर्न सकिएको छ ।

विषयगत शिक्षण विभागलाई सवलीकरण गर्नेदेखि शिक्षक ल्यापटप व्यवस्थापन, प्रत्येक विषय, कक्षा, विद्यार्थी, शिक्षक र विद्यालयको न्यूनतम् सिकाइ उपलब्धि ६० प्रतिशत कायम गराउने, विद्यालय ब्रान्डिङ गर्ने, कार्यगत अभ्यास सहितको प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने, प्रारम्भिक बाल विकास कक्षादेखि दश कक्षासम्मका बालबालिकाहरूलाई निःशुल्क दिवा खाजाको व्यवस्थापन गर्ने लगायतका कार्यहरू शैक्षिक उन्नयन वर्ष घोषणा अर्न्तगत कार्यान्वयन गरिएका छन् ।

माथि उल्लिखित विभिन्न विगत वर्षमा गरिएका असल शैक्षिक अभ्यासहरूलाई यस प्रकाशन मार्फत संस्थागत गर्दै विद्यार्थी, शिक्षक, शिक्षाविद्का लेख, रचनाहरू र शैक्षिक उन्नयन वर्षको कार्यान्वयनका लागि कार्ययोजना समेत समाहित गर्दै बुढानीलकण्ठ शैक्षिक दर्पणको तेस्रो संस्करण प्रकाशन हुन गइहेको विषयले मलाई खुसी बनाएको छ ।

अन्त्यमा यस प्रकाशनले यस नगरपालिकाको शैक्षिक उन्नयनको अभियानलाई सफलताको शिखरमा पुऱ्याउन थप टेवा प्रदान गर्ने विश्वास गर्दै प्रकाशनको सफलता र निरन्तरताको कामना गर्दछु ।

शान्ता

शान्ता ढकाल
संयोजक, सामाजिक विकास समिति

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"
बुढानीलकण्ठ नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
हात्तीगौडा, काठमाडौं
बागमती प्रदेश, नेपाल



# शुभकामना

बुढानीलकण्ठलाई समृद्ध बनाउन र बुढानीलकण्ठवासीलाई सुखी र खुसी बनाउने प्रमुख आधार शिक्षा हो । शिक्षालाई जति व्यावहारिक र जीवनोपयोगी बनाउन सकियो त्यत्तिकै अनुपातमा विकास र समृद्धिको यात्रालाई गतिशील बनाउन सकिनेमा कुनै शङ्का देखिँदैन ।

विगत केही वर्ष यता बुढानीलकण्ठ नगरपालिकाले शिक्षालाई विकासको संवाहकका रूपमा आत्मसात गर्दै शिक्षालाई उच्च प्राथमिकता राखेर बजेट विनियोजन गरेको देखिन्छ ।

सामुदायिक र संस्थागत विद्यालयहरू बिचको खाडल कम गरी एक अर्काका असल अभ्यासहरूबाट दुवै प्रकारका विद्यालयलाई लाभान्वित गर्न विभिन्न स्वरूपमा साझेदारी र सहकार्य गर्ने कार्यक्रमहरू समेत सञ्चालनमा ल्याउने गरी नगरपालिकाको शिक्षा नीति, १० वर्षे शिक्षा योजना र पाँच बर्षे पूर्व प्राथमिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

यो प्रकाशन शिक्षामा आरम्भ गरिएका विभिन्न नवप्रर्वतनशील एवम् सिर्जनात्मक क्रियाकलापको एउटा प्रयास समेत हो । यसले दिग्गज शिक्षाविद्का साथै विभिन्न सर्जकका लेख, रचना तथा विभिन्न शैक्षिक विवरण समावेश गरेको छ ।

वास्तवमा पुस्तक प्रकाशन कार्य आफैँमा संवेदनशील र जटिल कार्य हो । यस कार्यमा संलग्न व्यक्तित्वहरूले ठुलो लगाब र मिहिनेत गरेर यो दर्पण तयार गर्नुभएको छ । प्रकाशन कार्यमा खटिनुहुने सम्पूर्ण कर्मचारी र सर्जक एवम् योगदानकर्ताप्रति कृतज्ञता जाहेर गर्दै प्रकाशनको निरन्तरता र स्तरीयताको कामना गर्दछु ।

तुल्सीराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

टोल फ्री नं. १६६००१०००३२, फोन नं. ०१-४३७२७२५
www.budhanilkanthamun.gov.np, E-mail: info@budhanilkanthamun.gov.np, budhanilkanthamun@gmail.com

# सम्पादकीय

बुढानीलकण्ठको शिक्षामा सुधार, बिकास र रूपान्तरणका लागि बुढानीलकण्ठ नगरपालिकाले विभिन्न शैक्षिक कार्यक्रम र अभियान सञ्चालन गरिरहेको छ । विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्नेदेखि शिक्षक र विद्यालय कर्मचारीको मनोबल र अभिप्रेरणा वृद्धि गर्न, सामुदायिक विद्यालयमा न्यूनतम सक्षमताको अवस्थाको सुनिश्चितता गर्नेदेखि संस्थागत विद्यालयहरूलाई नियमन गरी सेवामूलक बनाउन यस्ता विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

खासगरी शिक्षामा सामान्य सुधारले विद्यार्थी र अभिभावकका बदलिंदा अपेक्षाहरू पूरा नहुने ठानी आर्थिक वर्ष २०८०।८१ देखि शैक्षिक उन्नयन वर्षको घोषणा गरी विभिन्न शैक्षिक अन्वेषणशील गतिविधिहरू सञ्चालनमा रहेका छन् । स्थानीय पाठ्यक्रममा वृत्ति शिक्षाको समावेशदेखि नियमित रूपमा हरेक वर्ष आयोजना गरिने वृत्ति मेला, सबै सामुदायिक माध्यमिक विद्यालयमा सञ्चालन गरिएको वृत्ति मार्गनिर्देशन, सबै सामुदायिक विद्यालयमा स्काउट, प्रारम्भिक बाल विकासदेखि दश कक्षासम्म स्वच्छ र पोषणयुक्त खाजाको व्यवस्थापन, शिक्षक बिदा बैंकिङ, शिक्षक पेसागत विकासको बेलेन्डड ढाँचा, शिक्षक बैंकमार्फत सबै विद्यालयमा विषयगत र अतिरिक्त शिक्षकको नियमित आपूर्ति जस्ता प्रमुख कार्यक्रमहरू अन्य स्थानीय तहका लागि पनि अनुकरणीय र अनुसरणीय भएका छन् ।

बुढानीलकण्ठको शिक्षा क्षेत्रमा सुधार र उन्नयनका लागि विगत तीन वर्ष यता दिइएको अग्रसरताले सामुदायिक विद्यालयप्रतिको आर्कषण पुनः जागृत हुँदै छ । शैक्षिक सत्र २०८१ मा मात्र थप २५०० जना विद्यार्थी सामुदायिक विद्यालयमा भर्ना भई प्रति विद्यालय विद्यार्थी अनुपात २४५ जना पुग्न गएको छ । संस्थागत विद्यालयहरूमा शुल्क ढाँचा, छात्रबृत्ति वितरणमा पारदर्शिता र विद्यालयको हाताबाट पाठ्यपुस्तक र स्टेशनरी सामग्री बिक्री वितरण गर्न प्रतिबन्ध लगाइएको छ । विद्यार्थीको सिकाइ उपलब्धिमा एकपछि अर्को वर्ष चमत्कारपूर्ण सुधार हुन गएको छ । वि.सं. २०८० मा लिइएको एसईई परीक्षामा सामुदायिक विद्यालय तर्फ ८२ प्रतिशत नतिजा प्राप्त हुन गएको छ। आधारभूत तहको कक्षा ८ मा लिइएको परीक्षा र एसईईको परीक्षामा देखिएको नतिजा वृद्धिले आम शैक्षिक सरोकारवालामा शिक्षामा रूपान्तरणको अनुभूति हुन गएको छ ।

सबै सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला, स्तरीय पुस्तकालय, विज्ञान प्रयोगशाला लगायत न्यूनतम पूर्वाधारको सुनिश्चितता गरिएको छ । यद्यपि सामुदायिक विद्यालयमा बढ्दो विद्यार्थी चाप वृद्धि गर्न थप पूर्वाधारको विकास र विस्तार गर्नुपर्ने छ । शिक्षण पद्धतिमा आमूल परिवर्तन ल्याउने गरी सञ्चालनमा ल्याइएको रमाइलो शुक्रबार कार्यक्रमलाई थप प्रभावकारी बनाउन अपरिहार्य छ ।

विद्यार्थीको सिकाइ उपलब्धिप्रति जवाफदेहिता बहन गर्ने शिक्षक प्रणालीको विकास गर्दै विद्यालय शिक्षामा भर्ना हुने प्रत्येक बालकको भविष्य सुनिश्चित बन्ने वातावरणको निर्माण हरेक विद्यालयमा गर्न वाञ्छनीय रहेको छ । सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षाको अधिकार सुनिश्चित गर्ने गरी लचिला प्रकृतिका कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने छ । विद्यालय शिक्षामा गुणस्तर वृद्धिको लागि थप कार्यक्रम र अभियानको सञ्चालन गर्नुपर्ने भएको छ ।

**सम्पादन मण्डल**

# विषयसूची


| | |
|---|---|
| बुढानीलकण्ठ नगरपालिकाको शैक्षिक विवरण | १ |
| रमाइलो शुक्रवार | ८ |
| बुढानीलकण्ठ नगरपालिकाका असल शैक्षिक अभ्यास र भावी गन्तव्य | १६ |
| The Key to Effective Classroom Management | २७ |
| आलोचकलाई एउटा शिक्षकको चिठी | ३१ |
| The core causes and potential challenges to Nepal's education dilemma | ३५ |
| सुपरग्लूले टालेको जुत्ता | ३७ |
| पहराको फूल | ३९ |
| विद्यालय शिक्षा ऐन र यससँग गाँसिएका केही विषय | ४० |
| नयाँ बालबालिकालाई स्वागत | ४५ |
| लैङ्गिक समानता र महिला सशक्तीकरण | ४८ |
| नागरिक शिक्षाको आवश्यकता | ४९ |
| डढेलो | ५३ |
| मेरो समय | ५९ |
| एक शिक्षकको अनुभूतिमा रमाइलो शुक्रबारले सिर्जना गरेका तरङ्गहरू | ६१ |
| आमा | ६५ |
| गजल | ६६ |
| PROCRASTINATION | ६७ |
| शिथिल शरीर | ६८ |
| मेरो कल्पनाको साथी | ६९ |
| आमा तिमी | ७० |
| हाम्रो गौरव | ७२ |
| POEM | ७३ |
| शिक्षक | ७४ |
| ध्यान र ज्ञान नै जीवनको सार्थकता | ७५ |
| अन्तर्वार्ता | ८० |
| शैक्षिक उन्नयन वर्ष कार्यान्वयन कार्यविधि, २०८० | ९२ |
| वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०८० | ९९ |
| सामुदायिक विद्यालयको विवरण | १२६ |
| संस्थागत विद्यालयको विवरण | १२७ |
| आ.व. २०८०/८१ मा विद्यालयगत (सामुदायिक) निकासको विवरण | १३२ |
| आ.व. २०८१/८१ को बजेट र कार्यक्रम (शैक्षिक उन्नयन वर्ष घोषणा कार्यान्वयन) को प्रगति विवरण | १३३ |

## (अ) बुढानीलकण्ठ नगरपालिकाको शैक्षिक विवरण

### (क) विद्यालय विवरण

| क्र. सं. | तह | २०७९ | | | २०८० | | | २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा | सामुदायिक | संस्थागत | जम्मा | सामुदायिक | संस्थागत | जम्मा |
| १ | प्रारम्भिक बाल विकास | १९ | ४१ | ६० | १९ | ४५ | ६४ | | | |
| २ | प्राथमिक १-५ | ४ | ७ | ११ | ४ | ७ | ११ | २ | ११ | |
| ३ | नि.मा.वि. १-८ | ५ | ९ | १४ | ४ | १० | १४ | ५ | १८ | |
| ४ | मा.वि.९-१० | ११ | ७२ | ८३ | ११ | ७२ | ७७ | १२ | ७७ | |
| ५ | मा.वि. ११-१२ | ५ | ८ | १३ | ५ | ८ | १३ | ५ | १० | |
| ६ | खुला विद्यालय | २ दुवै तह | | २ | २ ( दुवै तह | | २ | २ | ० | |
| ७ | महिला विद्यालय | १ | १ निजि | | १ | १ निजि | २ | १ | १ | |
| ८ | धार्मिक विद्यालय | २ गुम्बा १/वेद विद्याश्रम १ | | २ गुम्बा १/वेद विद्याश्रम १ | २ गुम्बा १/वेद विद्याश्रम १ | | २ | २ गुम्बा १/वेद विद्याश्रम १ | | २ |
| ९ | क्याम्पस | ३ | ३ | ३ | ३ | ३ | ६ | | | |

## (ख) विद्यार्थी विवरण

### १. विद्यालय तह

| क्र. सं. | तह | वि.सं. २०७९ | | | वि.सं. २०८० | | |
|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा | सामुदायिक | संस्थागत | जम्मा |
| १ | प्रारम्भिक बाल विकास | ७४७ | ४१५७ | ४९०४ | ८३७ | ६८८ | ७,०२५ |
| २ | १-५ | २८९८ | ११६९३ | १४५९१ | ३०५१ | १३१७४ | १६,२२५ |
| ३ | ६-८ | १८५६ | ६७२१ | ८५७७ | २१४० | ७८४१ | ९,९८१ |
| ४ | ९-१० | १२७६ | ४३७७ | ५३५३ | १४३६ | ४७७४ | ६,२१० |
| ५ | ११-१२ | १६०९ | ७२४ | २३३३ | १३६० | ६४७ | २,००७ |
| | जम्मा | ८३८६ | २७६७२ | ३६०५८ | ८८२४ | ३२६२४ | ४१,४५८ |

### २. उच्च शिक्षा तर्फको विवरण

| क्याम्पसको नाम र ठेगाना | स्थापना वर्ष | विद्यार्थी सङ्ख्या | | | शिक्षक विवरण | | | उत्तीर्ण दर |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | महिला | पुरुष | जम्मा | |
| गणेश बहुमुखी क्याम्पस | २०६५ | ३१६ | १५१ | ४६७ | ४ | २६ | ३० | २१.६८ |
| बुढानीलकण्ठ क्याम्पस | २०६५ | २१६ | १२५ | ३४१ | १६ | ८ | २४ | ५२ |
| कपन बहुमुखी क्याम्पस | २०६९ | २४८ | २०२ | ४५० | १४ | ११ | २५ | २९ |

## (ग) शिक्षक विवरण (सामुदायिक विद्यालयको मात्र)

| क्र.सं. | तह | दरबन्दी र राहत अनुदान समेत | | नगरपालिकाको अनुदान तर्फ |
|---|---|---|---|---|
| | | संख्या | कैफियत | |
| १. | प्राथमिक | १२० | | ६ |
| २. | निम्न माध्यमिक | ५८ | ४ जना प्राविधिक धारको समेत | ७ |
| ३. | माध्यमिक ९-१० | ४७ | ४ जना प्राविधिक धारको समेत | २० |
| ४. | माध्यमिक ९-१२ | १८ | ८ जना प्राविधिक | |
| जम्मा | | २४३ | | |

(घ) बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी विवरण (सामुदायिक विद्यालयको मात्र)

| क्र.सं. | सहजकर्ता तथा कर्मचारी विवरण | २०७९ | २०८० | कैफियत |
|---|---|---|---|---|
| १. | बाल विकास सहजकर्ता | २० | २० | |
| २. | विद्यालय कर्मचारी | १० | १० | |
| ३. | विद्यालय सहयोगी | २० | २० | |
| जम्मा | | ५० | ५० | |

(ङ) प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ अध्ययरनत विद्यार्थी विवरण

| विद्यालयको नाम र ठेगाना | विषय | स्थापना वर्ष | विद्यार्थी सङ्ख्या | | | शिक्षक विवरण | | | उत्तीर्ण दर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | महिला | पुरुष | जम्मा | |
| ग्राम शिक्षा माध्यमिक विद्यालय | इलेक्ट्रिकल इन्जिनियरिङ | २०७५ | | ८२ | १३४ | ० | ८ | ८ | १०० |
| बुढानीलकण्ठ माध्यमिक विद्यालय | कम्प्युटर | २०७३ | ५३ | १५५ | २०८ | ६ | ७ | १३ | ८३.५८ |
| बालउद्धार मा.वि. | कम्प्युटर | २०७४ | ११५ | ७७ | १९२ | ० | ८ | ८ | ९९ |
| बिएमसी स्कुल | सिभिल इन्जिनियरिङ | २०७६ | १९ | ४३ | ६२ | २ | १० | १२ | १०० |
| कार्नेभ्याली ध्रुवतारा स्कुल | सिभिल इन्जिनियरिङ | | ३६ | १७ | ५३ | २ | ११ | १३ | १०० |
| जम्मा | | | | | | | | | |

(च) बुढानीलकण्ठमा सिपमूलक तालिम कार्यक्रममा सहभागी विद्यार्थी विवरण

| विद्यालय/संस्थाको नाम र ठेगाना | विषय | विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| बालाजु बहुप्राविधिक शिक्षालय | सिनियर प्लम्बिङ | ० | १२ | १२ |
| | सिनियर कुकम्यान | | | ४० |
| बुढानीलकण्ठ माध्यमिक विद्यालय | कम्प्युटर हार्डवेयर | ८ | ३२ | ४० |

## (छ) शैक्षिक सूचकहरूको अवस्था

| क्र.सं | सूचकहरू | २०७९ | २०८० |
|---|---|---|---|
| १. | पूर्व प्रा.वि.को सहजै देखिने भर्नादर | ९७.६८ | ९९.२ |
| २. | आधारभूत तहको सहजै देखिने भर्नादर | ९८.५९ | ९८.६ |
| ३. | माध्यमिक तहको सहजै देखिने भर्नादर | ९६.७७ | ९७.५ |
| ४. | आधारभूत तह (१-५) खुद भर्नादर | ९५.६८ | ९८.५५ |
| ५. | आधारभूत तह (१-८) खुद भर्नादर | ९६.६८ | ९६.७ |
| ६. | माध्यमिक तह खुद भर्नादर | ९५.६४ | ९५.७ |
| ७. | आधारभूत तहको कक्षा छाड्ने दर | १४.४५ | ११.४५ |
| ८. | माध्यमिक तहको कक्षा छाड्ने दर ९-१० | २५.१९ | २१ |
| ९. | आधारभूत तहको उत्तीर्ण दर | ९५.९२ | ९६ |
| १० | माध्यमिक तहको उत्तीर्ण दर | ८९.१८ | ९० |
| ११. | आधारभूत तहको सिकाइ उपलब्धि | ६९. ८८ | ७० |
| १२. | माध्यमिक तहको सिकाइ उपलब्धि | ६८.८५ | ६९ |
| १३. | शिक्षक विद्यार्थी अनुपात आधारभूत/ माध्यमिक | २६.५८/४२.२९ | २६/४० |
| १४. | योग्यता पुगेका शिक्षक प्रतिशत आधारभूत/ माध्यमिक | १०० | १०० |
| १५. | तालिम प्राप्त शिक्षक आधारभूत/ माध्यमिक | ९८.७२/९३ | ९९/९४ |
| १६. | योग्यता पुगेका प्रधानाध्यापक आधारभूत/ माध्यमिक | ५५.५५/ ३० | ५६/३२ |
| १७. | महिला शिक्षक अनुपात आधारभूत/ माध्यमिक | १.४५/०.२० | १.५/०.२५ |
| १८. | लैङ्गिक समता सूचक आधारभूत/ माध्यमिक | १: १.०५ | १: १.०५ |

(च) एसईई नतिजाको अवस्था

| S. N. | School Name | Result CGPA | | | | | | | Total | Highest CGPA |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 3.6-4 | 3.2-3.6 | 2.8-3.2 | 2.4-2.8 | 2.0-2.4 | 1.6-2 | 0.8-1.2 | | |
| 1. | Gram Sikshya Mander Ma Vi | 7 | 16 | 17 | 16 | 4 | | | 60 | 3.8 |
| 2. | Bal Uddhar Ma Vi | 34 | 4 | 15 | 20 | 10 | | | 83 | 9.2 |
| 3. | Jana Udhar Ma Vi | 0 | 2 | 6 | 11 | 5 | | | 24 | 3.35 |
| 4. | Mahakal Jana jagrit Ma Vi | 0 | 4 | 9 | 7 | 14 | 1 | | 35 | 3.4 |
| 5. | Janagrati Ma Vi | 0 | 1 | 4 | 6 | 2 | | | 13 | 3.5 |
| 6. | Yagyamati Ma Vi | 0 | 3 | 11 | 8 | 0 | 0 | | 22 | 3.3 |
| 7. | Naulin Ma Vi | 0 | 2 | 14 | 19 | 4 | 1 | | 40 | 3.55 |
| 8. | Ganesh Ma Vi | 2 | 5 | 13 | 26 | 32 | 13 | | 91 | 3.7 |
| 9. | Panchakanya Ma Vi | 0 | 0 | 9 | 4 | 4 | 4 | 1 | 21 | 3 |
| 10. | Budhanilkantha Ma Vi | 1 | 1 | 7 | 21 | 36 | 22 | 7 | 95 | 3.6 |

## (छ) शैक्षिक सत्र २०८१ सामुदायिक विद्यालयको आधारभूत तहमा नयाँ भर्ना भएका विद्यार्थी

| S. N. | School Name | class 1 | | | Class 2 | | | Class 3 | | | Class 4 | | | Class 5 | | | Class 6 | | | Class 7 | | | Class 8 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | B | G | T | B | G | T | B | G | T | B | G | T | B | G | T | B | G | T | B | G | T | B | G | T |
| 1. | Aatma bikas Basic School | | | | | | | | | | | | | | | | 2 | 2 | 4 | | | | | | |
| 2. | BhadraKali Basic School | 7 | 0 | 7 | 2 | 2 | 4 | 3 | 1 | 4 | 3 | 3 | 6 | 0 | 2 | 2 | 1 | 0 | 1 | | | | | | |
| 3. | Madan Ashrit Basic School | 1 | 4 | 5 | 5 | 4 | 9 | 2 | 1 | 3 | 3 | 5 | 8 | 3 | 2 | 5 | 4 | 4 | 8 | 1 | 4 | 5 | 1 | 4 | 5 |
| 4. | Budhanilkantha Secondary School | 6 | 11 | 17 | 13 | 5 | 18 | 8 | 12 | 20 | 11 | 6 | 17 | 9 | 9 | 18 | 12 | 14 | 26 | 14 | 19 | 33 | 16 | 11 | 27 |
| 5. | Naulin Secondary School | 22 | 20 | 42 | 27 | 22 | 49 | 21 | 20 | 41 | 29 | 33 | 62 | 26 | 33 | 69 | 28 | 33 | 61 | 29 | 30 | 59 | 42 | 33 | 75 |
| 6. | Bal Udhar Secondary School | 8 | 12 | 20 | 9 | 11 | 20 | 10 | 8 | 18 | 15 | 13 | 28 | 10 | 12 | 22 | 20 | 18 | 38 | 16 | 23 | 39 | 19 | 25 | 44 |
| 7. | Bal Kumari Secondary School | 2 | 3 | 5 | 5 | 4 | 9 | 1 | 7 | 8 | 4 | 4 | 8 | 8 | 7 | 15 | 6 | 5 | 11 | 2 | 3 | 5 | 1 | 0 | 1 |
| 8. | Pancha Kanya Secondary School | 2 | 2 | 4 | 5 | 5 | 10 | 1 | 4 | 5 | 3 | 1 | 4 | 4 | 2 | 6 | 2 | 0 | 2 | 2 | 2 | 4 | 4 | 4 | 8 |
| 9. | Bal Bikas Samaj Basic School | 1 | 2 | 3 | | | | | | | | | | | | | | | | | | | | | |
| 10. | Gram Sikshya Secondary School | 9 | 9 | 18 | 7 | 7 | 14 | 1 | 12 | 13 | 12 | 7 | 19 | 4 | 5 | 9 | 11 | 12 | 23 | 8 | 13 | 21 | 16 | 10 | 26 |
| 11. | Nepal Charter Basic School | 8 | 11 | 19 | 12 | 9 | 21 | 11 | 4 | 15 | 6 | 8 | 14 | 3 | 4 | 7 | | | | | | | | | |
| 12. | Ganesh Secondary School | 11 | 9 | 20 | 6 | 5 | 11 | 9 | 9 | 18 | 10 | 11 | 21 | 7 | 5 | 12 | 11 | 31 | 42 | 20 | 11 | 31 | 14 | 19 | 33 |
| 13. | Pathivara Basics | 12 | 4 | 16 | 7 | 5 | 12 | 6 | 7 | 13 | 8 | 4 | 12 | 6 | 10 | 16 | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 14. | Jaya BhadraKali Basic School | 7 | 6 | 13 | 1 | 0 | 1 | 2 | 0 | 2 | 2 | 1 | 3 | 1 | 0 | 1 | 0 | 1 | 1 | 1 | 2 | 3 | 0 | 1 | 1 |
| 15. | Yagyamati Secondary School | 13 | 4 | 17 | 5 | 1 | 6 | 3 | 3 | 6 | 4 | 3 | 7 | 2 | 5 | 7 | 4 | 5 | 9 | 6 | 5 | 11 | 3 | 1 | 4 |
| 16. | JanaJagitri Secondary School | 2 | 1 | 3 | 2 | 0 | 2 | 1 | 3 | 4 | | | | 1 | 1 | 2 | 0 | 1 | 1 | | | | | | |
| 17. | Mahankal JanaJagitri Secondary School | 6 | 5 | 11 | 2 | 3 | 5 | 4 | 1 | 5 | 1 | 6 | 7 | 3 | 5 | 8 | 4 | 1 | 5 | 2 | 4 | 6 | 4 | 10 | 14 |
| 18. | ShreeRam Basic School | 6 | 11 | 17 | 3 | 4 | 7 | 1 | 2 | 3 | 3 | 3 | 6 | 1 | 3 | 4 | 0 | 1 | 0 | | | | 1 | 3 | 4 |
| 19. | Jana Udhar Secondary School | 6 | 10 | 16 | 4 | 6 | 10 | 5 | 3 | 8 | 6 | 3 | 9 | 3 | 3 | 6 | 6 | 14 | 20 | 4 | 1 | 5 | 3 | 5 | 8 |

**(Note: B =Boys, G= Girls and T= Total)**

## (क) शिक्षामा बजेट विनियोजनको अनुपात

| आ.व. २०७८ | जम्मा बजेटसँगको अनुपात | आ.व. २०७९ | जम्मा बजेटसँगको अनुपात | आ.व. २०८० | जम्मा बजेटसँगको अनुपात |
|---|---|---|---|---|---|
| १ करोड ४३ लाख | ०.४७ प्रतिशत | सात करोड | २.१५ प्रतिशत | १२ करोड ५१ लाख | ३.६३ प्रतिशत |

# रमाइलो शुक्रवार

**ललित विक्रम सिंह**
**उपसचिव, शिक्षा, युवा तथा खेलकुद महाशाखा**
**बुढानीलकण्ठ नगरपालिका**

## पृष्ठभूमि

शिक्षामा सुधार, विकास र रूपान्तरणका लागि बुढानीलकण्ठ नगरपालिकाले निक्कै लामो अध्ययनपछि निष्कर्षका रूपमा ल्याएको कार्यक्रम हो रमाइलो शुक्रबार । वि.सं.२०७८ सालबाट बुढानीलकण्ठ नगरपालिकाले विद्यालय शिक्षा प्रणालीलाई सबलीकरण र सुदृढीकरण गर्ने कार्यक्रमअन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गऱ्यो । अध्ययन अनुसन्धान गऱ्यो । शिक्षाका विभिन्न सरोकारवालाहरूसँग छलफल, अन्तरक्रिया र बहस चलायो । यो छलफलको केन्द्रमा विद्यार्थी थिए । विद्यार्थीलाई केन्द्रमा राखेर त्यसको परिमितिमा शिक्षक र अभिभावकका धारणा र सुझावहरू सङ्कलन गरियो । शिक्षा प्रणालीको सुधारका लागि गहन अध्ययन सञ्चालन गरियो । अध्ययनको प्रश्नहरूमा विद्यार्थीहरू किन सिक्न लालयित छैनन् ? शिक्षकको शिक्षण व्यवहार किन विद्यार्थीहरूको सर्वाङ्गीण व्यक्तित्व बिकासमा कामयाबी हुन सकेको छैन ? शिक्षक किन विद्यार्थीको सिकाइप्रति पूरापूरा जवाफदेही बनिरहन सकेको छैन ? शिक्षक स्वयम् को पेसागत बिकासमा किन जवाफदेही बन्न सकिरहेको छैन ? सबै शिक्षकमा किन राम्रो गर्ने, अन्वेषण गर्ने तथा सिर्जनशील हुने सोच आउन सकेको छैन ? जस्ता जिज्ञासामूलक प्रश्नहरू थिए । यी प्रश्नहरूले एउटा शिक्षाकर्मीको रूपमा काम गर्ने लेखक स्वयम्लाई लघारिरह्यो । ती प्रश्नहरूका उत्तर खोज्न लामो अध्ययन गरियो । यसरी लामो समयको चिन्तन मनन र अध्ययनको निष्कर्ष पछि रमाइलो शुक्रबार कार्यक्रम आएको हो ।

## के हो रमाइलो शुक्रबार ?

विद्यार्थीको सिकाइलाई केन्द्रमा राखेर तयार पारिएको कार्यक्रम रमाइलो शुक्रबार हो । यसले विद्यार्थीसँग के प्रतिभा छ ? विद्यार्थीको रुचि र खुबी के छ ? विद्यार्थी कक्षाकोठामा के चाहन्छ ? विद्यार्थीमा निहित सम्भावनाहरू के के छन् ? आदि जस्ता प्रश्नहरूको समाधान खोज्ने कार्यक्रम रमाइलो शुक्रबार हो । यो एक बिंगहम कार्यक्रम हो । यसले शिक्षा प्रणालीको डेलिभरी पक्षलाई मात्र सुधार गर्दैन । यसले त विद्यालय शिक्षामा रहेका अभावहरूलाई परिपूरण गर्ने कार्य समेत गर्दछ। उदाहरणको रूपमा अहिले हाम्रा कक्षाकोठामा ब्लाकिंट एप्रोचमा शिक्षण सिकाइ हुन्छ । शिक्षक कक्षामा सबै विद्यार्थीका लागि समान हुने शिक्षण विधि, शैक्षिक सामग्री र मूल्याङ्कन पद्धतिको प्रयोग गर्दछ । विद्यार्थीहरू मध्ये को तीव्र सिकाइ क्षमता राख्दछ ? को को विद्यार्थी मध्यम स्तरको सिकाइ क्षमता राख्दछन् र को को विद्यार्थी सिकाइमा

कमजोर छन् अर्थात् को को कक्षामा पछाडी बस्ने विद्यार्थी हुन् ? ती पछाडीका बेन्चमा बस्ने विद्यार्थीका लागि केन्द्रित गरेर समता शिक्षण कसरी गर्ने भन्ने सामान्य हेक्का राखिरहेको हुँदैन । शिक्षण सिकाइका नाममा औपचारिकता  मात्र पूरा गरिएको शिक्षणले तीब्र सिकाइ भएको विद्यार्थी जहिले पनि अघि बढिरहने र कमजोर सिकाइ भएको विद्यार्थी जहिले पनि पछि पछि परिरहने अवस्था सिर्जना हुन्छ । यसले शिक्षण सिकाइमा समता र समन्याय सुनिश्चित गर्न सक्दैन । खासमा भन्नु पर्दा शिक्षण सिकाइलाई समतामूलक बनाउने र शिक्षण पद्धतिमा देखिएका तमाम समस्याको समाधान खोज्ने कार्यक्रम रमाइलो शुक्रबार हो ।

**रमाइलो शुक्रबार कार्यक्रमले पहिचान गरेका हाम्रो शिक्षण पद्धतिका खास खास मुद्दाहरू के के छन् ?**

शिक्षाले आचरण पक्ष (अध्यात्म पक्ष), ज्ञान पक्ष र सिप पक्षको विकास गर्न सक्नुपर्छ तर अहिले विद्यालय शिक्षामा अध्यात्म र सिप विकासको पक्ष उपेक्षित छ । पढ्यो पढ्यो पाठ, सोह्र दुना आठ भने जस्तै छ । विद्यालय तहको शिक्षा पूरा गरेका तथा विद्यालय तहको शिक्षा लिइरहेका हरेक विद्यार्थीमा आचरणजन्य समस्याहरू देखिन्छन् । आचरणको विषयमा कुरा गर्दा खानपानदेखि नैतिक पक्षसम्मको विषय हुन सक्छ । अहिलेका बालबालिकाहरूको खानपान अल्पपोषक खाना (आलु, पिजा, केक र कोक) बनेको छ । हाम्रो भान्छामा परम्परादेखि पाक्दै आएका खानाप्रति अहिलेका बालबालिकाहरूमा वितृष्णा छ । कति भात र दाल खाने ? कति रोटी खाने ? खान्न भन्दै भान्छाबाट भाग्ने बालबालिकाहरूको धरै देखिन्छन् । सरसफाइ गर्ने बानी त्यस्तै छ । कक्षा दशमा पढ्ने भइसकेको हुन्छ तर आफूले लगाएको मोजा धुन जान्दैन, आफू बस्ने कोठा मिलाउन जान्दैन । आमाबाबालाई सामान्य घरायसी काममा सघाउन मान्दैन ।

सामाजिक सम्बन्धको विषय हेर्दा काकाकाकी चिन्दैन । बाजेबज्यैलाई माया र सम्मान दिन सक्दैन । नैतिक आचरणको पक्ष झन् कमजोर भएर गएको छ । कुलतमा लाग्ने, चोरी गर्ने, ढाँट्ने, छल्ने, सामान्य कुरा पनि सहन नसक्ने जस्ता समस्याहरू अहिलेका बालबालिकाहरूमा बढ्दै गएका छन् साथै सामान्य कुरामा पनि सहनशीलता, ध्यान र धैर्यता छैन । जसले गर्दा आत्महत्या लगायत अन्य नराम्रा कार्यमा युवायुवती फस्दै गएका छन् । सिप पक्षमा त्यत्तिकै गम्भीर समस्या देखिन्छ । दैनिक जीवनमा आइपर्ने काम गर्नका लागि संवाद, छलफल, सञ्चार सिप लगायत खाना पकाउने, सरसफाइ गर्ने, कपडा धुने जस्ता सिपहरू समेत विकास हुन सकिरहेका छैनन् ।

शिक्षण सिकाइमा परम्परागत शिक्षक केन्द्रित विधिको अन्त्य हुन सकेको छैन । विद्यार्थीले गरेर सिक्ने अवसर पाएका छैनन् । अनुभवजन्य सिकाइले स्थान पाउन सकेको छैन । यसले गर्दा सिकाइ दिगो र कामयाबी हुन सकेको छैन । सिनेमा हेरे जस्तो शिक्षण सिकाइले बालबालिकाको भविष्य बनाउन सक्दैन ।

शिक्षण सिकाइले जीवन, जगत र सन्दर्भलाई पूरापूर समाहित गर्न सकेको छैन । महाभारतको उद्योग पर्वमा सिकाइ हुने चार स्रोतमा २५ प्रतिशत मात्र विद्यालय सिकाइ हुने ठानिएको छ, बाँकी ७५ प्रतिशतमा २५ प्रतिशत कालक्रम र घटनाबाट हुने सिकाइलाई मानेको छ । अर्को २५ प्रतिशतमा विज्ञ तथा स्रोतव्यक्तिको मार्गदर्शनबाट हुने सिकाइलाई मान्दछ भने बाँकी २५ प्रतिशत साथीसङ्गीसँगको सहकार्यबाट हुने

सिकाइलाई ठान्दछ । यसरी हेर्दा हाम्रो शिक्षण पद्धतिमा ७५ प्रतिशत सिकाइ उपेक्षित छ । हामीले हाम्रो शिक्षणमा यी महत्त्वपूर्ण पक्षलाई स्वीकार गर्न नसकेसम्म विद्यालय तहको शिक्षा पूरा गरेर निस्कने हरेक बालकमा सर्वाङ्गीण विकास असम्भव हुन जाने देखिन्छ ।

अहिले विद्यार्थी आफ्नो लागि पढिरहेको छैन । पढिरहेको छ त खाली परीक्षामा उत्तीर्ण हुनका लागि, शिक्षकको लागि, विद्यालयका लागि र अभिभावकका लागि पढिरहेको छ । विद्यार्थीहरू भनिरहेका छन् कि हामीलाई पढ् पढ् मात्र भन्छन् । लेख लेख मात्र भन्छन् । कति पढ्ने हो ? कति लेख्ने हो ? अहिले प्राय विद्यार्थीहरू पढ्नु पर्दा चिटचिडाहट भइरहेको छ । यसको प्रमुख कारण पढाउने नाममा हामीले गृहकार्य, कक्षाकार्य भार बहन गरायौं । विद्यार्थीलाई मेसिन जस्तो ठान्यौं । निर्देशित पढाइलाई स्थान दियौं । यस प्रकारले निर्देशित पढाइ र लेखाइले विद्यार्थीमा रहेको सिर्जनशीलता मार्‍यो । यो पढ पढ र लेख लेख विधिको प्रयोगबाट हामीले विद्यार्थीलाई अन्तत सम्भावनाको उज्यालोभन्दा निरासाको घोर अन्धकार तर्फ अभिमुख गराइरहेका छौं तर पढाउने बहानामा हामी के गरिरहेका छौं हामीलाई तत्वबोध छैन ।

विद्यार्थी मूल्याङ्कन पद्धति शिक्षकको शिक्षण कमजोरी, विद्यार्थीको सिकाइ कमजोरी, विद्यालयको शिक्षण सिकाइ वातावरणमा रहेको त्रुटि र कमजोरी पहिचान  गर्न र त्यसलाई उजिल्याउन अभ्यस्त भएन । खाली धेरै विद्यार्थीलाई कमजोर साबित गर्न र केहीको सफलतामा हर्षबढाई गर्ने खालको भयो ? यसले शिक्षा प्रणालीको स्वर्ण भविष्यको नक्सा कोर्ने  ताकत राख्न सकेन ।

अभिभावकले समेत आफ्ना लालबालाको भविष्यको आधार निर्माण गर्न विद्यालय र शिक्षकसँग सहकार्य र साझेदारी गर्न सकेनन् । अभिभावकको महत्वपूर्ण भूमिका हुने विषयमा उनीहरूमा बोधगम्य रहन सकेन । विद्यालयमा भर्ना गरेर मात्र शुल्क तिरिदिँदा दायित्व पूरा भएको ठान्न थाले । विद्यालयले समेत अभिभावलाई विद्यार्थीको शैक्षिक उपलब्धि अभिवृद्धिमा जोड्न सकेन । अभिभावक, विद्यार्थी र शिक्षकबिच नियमित ढाँचामा सञ्चार र सहकार्य हुने पद्धति नबसेसम्म विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्ने विषय कोरा कल्पना हुन जान्छ भन्ने विषयमा ध्यान पुग्न सकेको छैन ।

अर्को कमजोर पक्ष विद्यार्थीले आफ्नो उद्‌गमको महिमा बोध गर्न सकेन । जन्मदिने आमादेखि कर्मदिने बाबा, दीक्षा दिने गुरु र उभिन टेकिने माटोको मायाको मर्म बुझ्न सकेन र बुझ्न सिकाइएन । यसले गर्दा विद्यार्थीहरूमा बाबाआमाप्रति, घरपरिवारप्रति, समाज र राष्ट्रप्रतिको माया, सम्मान र भक्ति कमजोर हुँदै गइरहेको छ । जसले गर्दा मार्तभूमिप्रतिको विर्कषण बढ्न गयो र विदेश मोह बढिरह्यो । यो देशमा बसेर केही गर्न सकिने सपनाको क्षयीकरण भइरह्यो । यो कसरी भयो ? शिक्षा प्रणालीमा के त्यस्ता छिद्र छन् ? जसले राष्ट्रप्रति नागरिकलाई आर्कषण गर्नुको साटो विर्कषण गरिरहेछ ?

यसरी रमाइलो शुक्रबारले मौजुदा शिक्षा प्रणालीका केही कमजोरी, केही मुद्दा र केही चुनौतीहरूलाई उजागर गरेको छ । यसो भनिरहँदा हाम्रो शिक्षा प्रणाली फोहोरको  डङ्गुर हो, त्रुटि र कमजोरीको विशाल पहाड हो, प्यान्डोरा बक्स हो भन्ने हिसाबले चित्रण गर्न खोजेको होइन । शिक्षा प्रणालीका सबल पक्ष जो

छन् छँदै छन् । कमजोर पक्षलाई उजागर गर्न सकियो भने मात्र अझ सुधार र उन्नयनको बाटोमा अघि बढ्न सकिन्छ भन्ने आसयले कमजोर पक्षलाई उजागर गर्न खोजिएको हो ।

हाम्रो शिक्षाप्रणालीमा थुप्रै सबल पक्षहरू छन् । हाम्रो पाठ्यक्रम विश्वका उत्कृष्ट पाठ्यक्रममध्येमा पर्छतर यो समयअनुसार परिमार्जित हुन भने सकेन । हिन्दु संस्कृति, बुद्ध दर्शन र नेपाली समाजका मौलिकताबाट यो नजानिँदो ढङ्गले पर पुग्यो । पश्चिमा शिक्षाको नक्कल गर्दा आफ्नो अमूल्य मौलिकता नष्ट गर्न पुग्यो । जसलाई पुनः जोड्न सकेको खण्डमा शिक्षा प्रणालीलाई उत्कृष्ट बनाउने आधार तयार गर्न सकिन्छ ।

**रमाइलो शुक्रबारको अनुभव**

रमाइलो शुक्रबार लागु गरेका विद्यालयहरूमा वैशाख २१ गते यता नयाँ तरङ्ग सिर्जना हुन गएको छ । विद्यार्थीहरूमा विद्यालय आउने उत्साहमा वृद्धि हुन गएको छ । रमाइ रमाइ सिक्ने, व्यावहारिक कुरा सिक्ने, उत्पादनमूलक कुरा सिक्ने, प्रविधि सिक्ने, असल आचरण र व्यवहार सिक्ने, सहकार्य र साझेदारी गरी सिक्ने, रुचिअनुसार सिक्ने, विद्यार्थीहरूको पूर्ण सक्रियताका साथ सिक्ने अबसर सिर्जना हुँदा पढ पढ विधिको परम्परागत शिक्षण ढाँचामा परिवर्तन आएको छ । यसबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा ह्वात्तै बृद्धि आउने अपेक्षा गरिएको छ । कराइ कराइ घाँटी सुकाएर थाक्ने गरी पढाउनुपर्ने, करायो करायो दक्षिण हरायो प्रकृतिको शिक्षणमा सुधार आउन थालेको छ । वर्षौंसम्म शिक्षकसँग नजिक हुन नसकेका विद्यार्थीहरू दुई तीनओटा रमाइलो शुक्रबारको सञ्चालन पछि नजिकिएका छन् । शिक्षकले आफ्नो भावनाको प्रतिनिधित्व गरेर शिक्षण सिकाइ गरेकामा शिक्षकप्रति कृतज्ञता जाहेर गरिरहेका छन् ।

विद्यार्थीहरूलाई रुचिको आधारमा वर्गीकरण गरी शिक्षकहरू विद्यार्थीहरूको रुचि, चाहना र भावनाअनुसार शिक्षण गर्न तत्पर भएका छन् । शिक्षकहरूको विद्यालय र शिक्षणप्रतिको लगाव बढेको छ । शिक्षकहरूले समेत आफूमा निहित प्रतिभाको प्रयोग गर्दै शिक्षण कार्यमा रमाउन थालेका छन् । एउटा शिक्षकमा नभइ नहुने आधारभूत ज्ञान, सिप र आचरणको विकास गर्नका लागि शिक्षकहरू स्वचालित रूपमा पेसागत विकास गर्ने बाटोमा अघि बढिरहेका छन् ।

अभिभावकहरू आफ्ना बालबालिकाको सिकाइमा सुधारका लागि सहकार्य गर्न तत्पर भएका छन् । बालबालिकाहरू विद्यालयमा रमाएर आउन थालेको, क्रियापरक सिकाइमा केन्द्रित हुन थालेको, उनीहरूमा निहित प्रतिभाको उजागर भएकोमा दङ्ग परेका छन् ।

रमाइलो शुक्रबारमा राम्रो अनुभव मात्र नभई केही अन्यौलता पनि रहे । खासगरी सुरुसुरुमा शिक्षकहरूमा केही अन्यौलतमा रहेका थिए । रमाइलो शुक्रबारलाई पाठ्यक्रममा कसरी जोड्ने ? यसले विद्यालयको नियमित शिक्षण सिकाइमा नराम्रो असर त गर्दैन ? परम्परागत शुक्रबारको कार्यक्रम जस्तो निस्फल त हुँदैन ? शिक्षकहरू रमाइलो शुक्रबारका दिन आफ्नो कर्तव्यबाट भाग्ने त होइनन् ? सिप पक्षको विकास गर्न धेरै खर्च लाग्छ, जोहो कसरी हुन्छ ? जस्ता विषयले प्रधानाध्यापकहरूलाई र शिक्षकहरूलाई पिरोली पनि रहेको थियो तर शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक र विषयगत

समितिहरूलाईं पटक पटक अभिमुखीकरण गरिसके पछि यो कार्यक्रम सबै सामुदायिक विद्यालयमा अघि बढिरहेको छ । संस्थागत विद्यालयहरूले पनि एक पछि अर्कोले सुरुवात गर्ने क्रम बढिरहेको छ ।

रमाइलो शुक्रबार कार्यक्रमका लागि थप बजेटको आवश्यक पर्ने तर नगरपालिकाले बजेट नदिने भन्ने गुनासो पनि आएपछि नगरपालिकाले प्रति विद्यार्थी रु २३५ का दरले रमाइलो शुक्रबार व्यवस्थापन रकम निकासा गरिसकेको जानकारी गराएपछि बजेटको अभाव पनि पूर्ति भएको छ । अब सिप पक्षको विकासका लागि रोष्टरको विकास र परिचालन कसरी गर्ने ? जस्ता विषयहरूलाई सम्बोधन कसरी गर्ने भन्ने चिन्ता विद्यालय र नगरलाई रहेको छ ।

**रमाइलो शुक्रबार कसरी ?**

रमाइलो शुक्रबार थिम हो । यसले विद्यालय तहको सानो कक्षामा आचरणको विकासमा जोड दिन्छ । मध्यम कक्षामा जीवनोपयोगी सिपको विकासमा ध्यान दिन्छ । माथिल्लो कक्षामा सिपको विकास गराउँदै जीवनको वृत्ति पहिचान गर्दै गरिखान सक्षम बनाउँछ । विद्यालय तह पूरा गरिरहँदा अब के गर्ने ? कता जाने ? नेपालमा त केही अवसर नै छैन भन्ने द्विविधाबाट युवाहरूलाई मुक्त गराउन चाहन्छ । अवसरै अवसरको देश, गरिखान सम्भावनानै सम्भावना भएको माटो, जुनसुकै चुनौतीसँग पौठेजोरी खेल्दै भए पनि अन्ततः आफूलाई खुसी र समृद्ध बनाउन सक्ने नागरिकको रूपमा विकास गर्ने आधारभूमिका रमाइलो शुक्रबारले तय गर्न गर्न सक्छ । विद्यालय तहमा दिइने शिक्षा बलियो भयो भने कोही पनि नागरिक दुर्बल हुन सक्दैन । यसरी विद्यालय तहमा दिइने शिक्षालाई बलियो बनाउने कार्यक्रमका रूपमा रमाइलो शुक्रबारलाई विकास गर्न निम्न चरणहरू पूरा गर्नु पर्छ ?

१ विद्यार्थीहरूको रुचि पहिचान गर्ने

२. सङ्गत रुचिको आधारमा बिद्यार्थीहरूको समूह निर्माण गर्ने

३. विद्यार्थीहरूको रुचि समूहलाई केन्द्रित गरी कार्यक्रमनिर्माण गर्ने

४. स्रोत साधनको योजना बनाउने

५. विज्ञ जनशक्ति तथा स्रोत व्यक्तिको रोष्टर तयार गर्ने

६. वर्षभरिका शुक्रबारलाई समेटी रमाइलो शुक्रबार कार्यक्रमको कार्ययोजना बनाउने

७. रमाइलो शुक्रबार कार्ययोजनाको कार्यान्वयन गर्ने

८. विभिन्न विद्यालयहरूको रमाइलो शुक्रबार कार्यक्रमको अनुभव आदान प्रदान गर्ने

९. रमाइलो शुक्रबार कार्यक्रमको समीक्षा गरी प्रतिवेदन तयार गर्ने आदि ।

माथि उल्लिखित चरण पूरा गरी रमाइलो शुक्रबार कार्यक्रम सञ्चालन गर्न देहायका कार्यक्रमहरू सञ्चालन गर्ने :

१. नियमित योग अभ्यास (कम्तिमा २ मिनेटदेखि १५ मिनेटसम्म)

२. नियमित खेलकुद कार्यक्रम (प्रत्येक विद्यार्थीले हप्तामा आधा घण्टा खेल्ने व्यवस्था गर्ने)

३. नियमित रूपमा सङ्गीत र नृत्य

४. पठन संस्कृतिको विकास (पुस्तक सार, पुस्तकालय अध्ययन)

५. STEAM सञ्चालन

६. विद्यार्थीको सिकाइका लागि घर, समाज र विद्यालय साझेदारी

७. परियोजनामा आधारित सिकाइ

९. निरन्तर मूल्याङ्कन

१०. जीवनोपयोगी सिप सिकाइ

११. साहित्यिक कार्यक्रम

१२. गरिखाने शिक्षा आदि ।

रमाइलो शुक्रबार कार्यक्रम विद्यार्थीको नेतृत्वमा सञ्चालन हुनु पर्छ । यसका लागि बालक्लब, समूह नेता, रुचि समूह, बहिनी र भाइका लागि दिदी, बहिनी र भाइका लागि दाइ, जोडी समूह, गुरु जस्ता नमुना प्रयोग गर्न सकिन्छ । यो कार्यक्रम अत्यावश्यक बाहेक कक्षाकोठामा केन्द्रित गरेर सञ्चालन गरिनु पर्छ। कार्यक्रम सञ्चालन हुने हरेक समूहमा शिक्षकको सहजीकरण रहनुपर्छ । पाथ गोल थ्योरी जस्तो शिक्षक विद्यार्थीको पछाडी रहने र सहजकर्ताको भूमिका निर्वाह गर्न हरदम तयार रहने हुनुपर्छ । शिक्षकले सिर्जना, अन्वेषण, आविष्कार, विद्यार्थीको रुचि, भावना र सम्भावनाको नेतृत्व गर्न सक्नुपर्छ । शिक्षक माझी र माली जस्तो भूमिकामा रहनुपर्छ नकि विगतको जस्तो शुक्रबारीय कार्यक्रमलाई बहान बनाउँदै एक दुई जना शिक्षकले चलाइहाल्छन् । बाँकी पालो मिलाएर विद्यालयबाट भागौं भन्ने दुषित सोच राख्ने हुनु हुँदैन । यस्तो सोच राख्दा रमाइलो शुक्रबार नीरस शुक्रबारमा परिणत हुन सक्छ । शैक्षिक सुधार र उन्नयनको एउटा महान यात्रा अवरुद्ध हुन पुग्छ । जसको समग्र दोषको भारी केही पात्रले मात्र बोकेर बस्नुपर्ने हुन सक्छ ।

रमाइलो शुक्रबारले पेसेवर शिक्षकको खोजी गर्छ । विद्यार्थीको भावनाप्रति प्रतिबद्ध शिक्षकको विकास गर्छ । शैक्षिक सुधार, विकास र रूपान्तरणको अभियान्ता हुन इच्छुक शिक्षकको पहिचान गर्छ । समग्रमा भन्दा यसले शिक्षकमा लगाब, जवाफदेहिता, सङ्घर्ष, सिर्जनशीलता मागेको छ । यसो हुन सक्दा मात्र रमाइलो शुक्रबार रमाइलो शुक्रबार हुन सक्छ ।

## रमाइलो शुक्रबारमा कसको के भूमिका रहन्छ ?

रमाइलो शुक्रबारका लागि संयोजक पनि तोकिएको छ। प्रति विद्यार्थी रु २३५ का दरले विद्यालयको खातामा रकम निकासा पनि गरिसकिएको छ। रमाइलो शुक्रबारलाई सफल र प्रभावकारी बनाउन प्रधानाध्यापकदेखि विद्यालय व्यवस्थापन समितिका अध्यक्षसम्मलाई अभिमुखीकरण गरिसकिएको छ । कार्यपालिकादेखि नगरसभासम्ममा पनि रमाइलो शुक्रबार कार्यक्रमको औचित्य र आवश्यकतामाथि छलफल भइसकेको छ। रमाइलो शुक्रबारका संयोजकलाई मात्र नभई विषयगत समितिका संयोजक र पदाधिकारी लगायत समग्र शिक्षकहरूलाई अभिमुखीकरण गरिसकिएको छ । यस सन्दर्भमा नगरपालिकाले यस कार्यक्रमका लागि लिनुपर्ने नेतृत्व र निर्वाह गर्नुपर्ने भूमिकामा कुनै कमी हुन दिइएको छैन। यो भूमिका आगामी दिनमा पनि नगरपालिकाले निर्वाह गर्ने नै छ। अब भूमिका प्रधानाध्यपकको, संयोजकको र आम शिक्षकको रहनुपर्छ।

बालकुमारी माध्यमिक विद्यालयको जस्तो गरी वर्षभरिको कार्य योजना बनाउने, हरेक बुधबार आउने शुक्रबारको योजना बारे शिक्षक कर्मचारीबिच छलफल र बहस गरी थप योजना बनाउने र प्रभावकारी कार्यान्वयन गर्ने । सबै शिक्षक को भन्दा को कम भन्ने भावका साथ रमाइलो शुक्रबारका लागि दत्तचित्त भएर लाग्ने, विद्यार्थीले नेतृत्व लिएर स्वचालित रूपमा कार्यक्रमको सञ्चालन गर्ने, समुदायका विज्ञ व्यक्तिले विद्यालयको आग्रहमा मात्र नभई मसँग यो अनुभव र सिप छ, नजिकको विद्यालयमा त्यसलाई प्रदान गर्नु मेरो दायित्वमा पर्छ भन्ने ठानी सहयोग गर्ने, उपयुक्त सिप र अनुभव भएका अभिभावकले विद्यालयको रोष्टर सूचीमा आफ्नो नाउँ अङ्कित गर्दै विद्यालयलाई सहयोग गर्ने, वडा कार्यालयहरूले आफ्नो वडाको बजेट र कार्यक्रममा रमाइलो शुक्रबार लाई केन्द्रित गर्ने भूमिका निर्वाह गर्नुपर्छ। सामुदायिक विद्यालयको रूपान्तरणको अभियान निष्कर्षमा पुग्दै छ। यसका लागि रमाइलो शुक्रबार महत्वपूर्ण साधन सावित हुँदैछ। यसका लागि सहयोग गर्न सहयोगी मनहरू मात्र नभई समाजमा गनिएका र सम्भावना भएका कोही छुट्नु हुँदैन । ताकि आगामी दिनमा बुढानीलकण्ठको सामुदायिक विद्यालयको रूपान्तरणमा मैले पनि भूमिका खेलेको थिएँ भनेर दावी र गर्व गर्न सकिने बाटो बनोस् ।

## भावी दिशा

रमाइलो शुक्रबार जटिल ठानिएको शिक्षण कार्यलाई सरल बनाउने एउटा बाटो पनि हो। यसले विद्यार्थीको सक्रियता बढाउने हुंदा शिक्षकको भूमिकालाई कठोर नबनाई लचिलो र सिर्जनशील बनाउँछ । जसबाट घण्टौंको शिक्षणले गर्दा शिक्षकमा हुने मानसिक र शारीरिक थकानमा पनि कमी आउँछ । शिक्षकले कर्मकाण्डी शिक्षणभन्दा सिर्जनशील कार्यमा ध्यान दिन पुग्छ । हरेक दिन नयाँ विधि, नयाँ प्रविधि, नयाँ शैक्षिक सामग्रीका साथ शिक्षण गर्ने तत्परता शिक्षकमा विकास हुन्छ । हरेक कक्षामा नयाँ प्रयोग गरेर शिक्षण गर्ने, हरेक काम फरक ढङ्गले गर्न खोज्ने जाँगरको विकास हुन जान्छ ।

विद्यार्थी र शिक्षकको रुचिमा देखिने खाडल कम गर्दै रमाइलो शुक्रबारले विद्यार्थीको रुचि, भावना र चाहना मुताबिक शिक्षण गर्न शिक्षकलाई उद्वेलित बनाउँछ। यसबाट शिक्षण पद्धतिमा परिवर्तन भई रमाएर सिक्ने

बातावरण कक्षाकोठामा सिर्जना हुन्छ । बालमैत्री शिक्षण सिकाइको प्रवर्धन हुन्छ । हरेक विद्यार्थी सिक्न समर्थ हुन्छ । समतामूलक र समन्यायिक शिक्षणले सार्थकता पाउँछ । जसबाट विद्यार्थीको कक्षा छाड्ने दर, कक्षा दोहोऱ्याउने दर घटन गई तह पूरा गर्ने दर, उर्तीण दर आदिमा वृद्धि गराई शिक्षाको आन्तरिक र बाह्य दक्षतामा वृद्धि गराउँछ । जसबाट शिक्षा प्रणालीको नयाँ शिराबाट सबलीकरण र पुनःउत्थान हुन पुग्छ ।

अहिलेसम्मको अनुभवको आधारमा यस कार्यक्रमलाई सबलीकरण गर्न थप उपायहरू अवलम्बन गरिने छ । १९ ओटै सामुदायिक विद्यालयहरूका रमाइलो शुक्रबारका कार्ययोजनाहरूलाई एकीकरण गरी साझा कार्यक्रमको एउटा खाका बनाइने छ । जसमा थप सिर्जनशील अभ्यास गर्ने स्थान विद्यालयलाई प्रदान गरिने छ । शिक्षकको पेसागत विकास कार्यक्रमलाई रमाइलो शुक्रबार कार्यक्रमसँग आवद्ध गरी सञ्चालन गरिने छ । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई रमाइलो शुक्रबार कार्यक्रमको अभिन्न अङ्ग बनाइने छ । रमाइलो शुक्रबारका लागि आवश्यक स्रोतसाधनको खोजी र थप प्रवाह गर्ने प्रबन्ध गरिने छ । यस कार्यका लागि वडा कार्यालय लगायत सम्वद्ध संस्थाहरूसँग समन्वय र सहकार्य गरिने छ । विद्यालय र नगर तहमा विज्ञ रोष्टर निर्माण गरी परिचालन गरिने छ । रमाइलो शुक्रबारका लागि वेबसाइट निर्माण गरी प्रयोगमा ल्याइने छ । यस कार्यक्रममा उच्च लगाब राखी काम गर्ने शिक्षकलाई मूल्याङकन गरी प्रोत्साहित गरिने छ र शिक्षकको कार्यसम्पादन मूल्याङ्कनमा रमाइलो शुक्रबार कार्यक्रमलाई जोडिने छ ।

अन्त्यमा रमाइलो शुक्रबार शिक्षाप्रणालीमा रूपान्तरण ल्याउने एउटा महान अभियान हो । यो अभियानलाई सार्थक बनाई उत्थानशील शिक्षा प्रणालीको प्रवर्धन गर्ने दायित्व हामी सबैको हो । यो युगीन दायित्व सबैले निर्वाह गरौं । यसका लागि हामी बुढानीलकण्ठका हरेक शिक्षकले आफूलाई फरक सोच र सामार्थ्यमा विकसित गर्न सकौं । आफूलाई अनुकरणीय र अनुसरणीय आचरण र व्यवहारको खानी बनाऔं ।

# बुढानीलकण्ठ नगरपालिकाका असल शैक्षिक अभ्यास र भावी गन्तव्य

शिक्षा प्रणाली पुरानो भयो । यसको पाठ्यक्रम बढी सैद्धान्तिक छ, यो सामयिक र माटो सुहाउँदो बन्न सकिरहेका छैन । शिक्षकहरूमा अल्छीपना छ, यसले गर्दा शिक्षक शिक्षणमा नवीनता ल्याउन लालयित बन्न सकिरहेको छैन । विद्यार्थीको सिकाइ उपलब्धिप्रति शिक्षक जवाफदेही हुन सकिरहेको छैन । विद्यार्थी परीक्षामा अनुत्तीर्ण होस् कि जीवनका असफल होस् शिक्षकले खासै मतलब नगरे पनि उनीहरूको पेसामा फरक परिरहेको छैन । राम्रो गर्ने शिक्षकलाई पनि प्रणालीले प्रोत्साहन गर्न सकिरहेको छैन । कक्षाकोठाको शिक्षण सिकाइ खाली दृष्टिकोण (ब्लाकिंट एप्रोचमा) हुने गरेको छ । त्यहाँ समता शिक्षण प्रारम्भ नै हुन सकिरहेको छैन । कमजोर विद्यार्थीले सिकाइका लागि थप शिक्षण सहयोग प्राप्न गर्न सकिरहेको छैन । विद्यार्थी मूल्याङ्कन समेत परम्परागत ढर्राबाट बाहिर आउन सकिरहेको छैन । पढ पढ, लेख लेख विधिबाट गरिने शिक्षण सिकाइको अभ्यास र विद्यार्थीले के जानेको छैन भन्ने सोच राखेर गरिने मूल्याङ्कन पद्धतिले शिक्षकको शिक्षण र विद्यार्थीको सिकाइमा सुधार ल्याउन सक्दैन । विद्यार्थी खेलेर, अनुभव गरेर र रमाएर सिक्न चाहन्छ । शिक्षक सुनाएर, घोकाएर र थर्काएर सिकाउन उद्वेलित छ । अभिभावक विद्यार्थीको सिकाइका लागि त्यत्तिकै असहयोगी छ । यसका लागि अभिभावक विद्यालय, शिक्षक र विद्यार्थीसँग सहकार्य गर्न तत्पर बन्न सकिरहेको छैन । विद्यालयमा आफ्ना बालबालिकाहरूलाई पठाएर मात्र दायित्व पूरा हुने सोचमा अभिभावक छन् । तालुक निकाय र संरचनाहरू पनि शिक्षामा सुधार, विकास र उन्नयनका लागि सहजीकरण गर्न भन्दा नियन्त्रण र निर्देशन गर्न रमाउँछन् । यस प्रकारको अवस्थाले शिक्षामा उन्नयनको यात्रा अघि बढ्न सक्दैन । शिक्षामा उन्नयनका लागि शिक्षक, प्रधानाध्यापक र विद्यालयलाई स्वायत्तत्ताको जरुरी पर्छ । शैक्षिक संरचनाहरू स्वायत्त हुन सके मात्र सिर्जनशीलताको अभ्यास गर्न सक्छन् । त्यसैले शैक्षिक संस्था र संरचनाहरूलाई स्वतन्त्र र स्वायत्त रूपमा काम गर्न दिनुपर्छ । तब मात्र विद्यालयमा नयाँ र सिर्जनशील शैक्षिक अभ्यासहरू गर्न सकिन्छ । यसै विषयलाई हृदयङ्गम गरी बुढानीलकण्ठ नगरपालिकाले विभिन्न शैक्षिक अभ्यासहरू गरिरहेको छ । यी अभ्यासहरूले विद्यालय शिक्षामा शैक्षिक सुधार, विकास र उन्नयनका लागि नयाँ तरङ्ग पनि सिर्जना गरिरहेका छन् । अभिभावक, विद्यार्थी र शैक्षिक सरोकारवालाहरूमा नयाँ आशा र अपेक्षाको सञ्चार पनि गरिरहेका छन् । जुन अन्य पालिकाहरूका लागि अनुकरणीय र अनुरणीय पनि बनिरहेका छन् । यस्ता केही प्रमुख अभ्यासहरू निम्न बमोजिम रहेका छन् :

## १. शिक्षक डायरी कार्यान्वयन

कक्षाकोठाको शिक्षणलाई योजनाबद्ध र प्रभावकारी बनाउन शिक्षक डायरी कार्यान्वयन गरिएको छ । शिक्षक डायरीमा प्रत्येक बालबालिकाको अभिभावकसँगको नियमित अन्तरसम्बन्ध, विद्यार्थीको वर्तमान सिकाइको

अवस्था, लक्षित सिकाइ उपलब्धि, बर्षभरि कम्तीमा ३ औटा कार्यमूलक अनुसन्धान गर्नै पर्ने व्यवस्था, बार्षिक तथा इकाइ शिक्षण योजना लगायत पाठ्यक्रम, शिक्षक आचारसंहिता, कार्यमूलक अनुसन्धान सम्बन्धी जानकारी समावेश गरिएको छ। यस शिक्षक डायरीको कार्यान्वयनलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसँग आबद्ध गरिएको छ । नगरपालिकाबाट गरिएको एक अध्ययनले १०० प्रतिशत शिक्षकले शिक्षक डायरी कार्यान्वयनमा ल्याएको देखिन्छ । जसमा ८८ प्रतिशत शिक्षकले राम्रोसँग शिक्षक डायरी कार्यान्वयन गरिरहेका र १२ प्रतिशत शिक्षकको शिक्षक डायरी कार्यान्वयन कमजोर रहेको देखाएको छ साथै अध्ययनले प्रत्येक शिक्षकसँग शिक्षणको योजना रहनु र उक्त योजना कार्यान्वयनमा शिक्षकहरूमा देखिएको तत्परता र नगरपालिकाको सहजीकरण निक्कै प्रशंसनीय रहेको बताएको छ।

## २. रमाइलो शुक्रबार

पाठ्यक्रममा आधारित पठनपाठनलाई प्रवर्धन गर्ने हेतुले रमाइलो शुक्रबार कार्यक्रम लागु गरिएको छ। यस कार्यक्रममार्फत क्रमबद्ध रूपमा कक्षा तीनसम्म पाठ्यपुस्तक प्रयोग नगरी पाठ्यक्रममा आधारित पठनपाठन गर्ने अभिष्ट राखिएको छ। जसबाट शिक्षकको पेसागत विकास स्वचालित रूपमा हुने विश्वास गरिएको छ भने विद्यार्थीहरूले रमाइ रमाइ सिक्ने वातावरण सिर्जना हुन गएको छ साथै रमाइलो शुक्रबार कार्यक्रममार्फत बालबालिकाहरूमा असल आचरणको विकास गर्ने, शिक्षा र सिपबीच अन्तरसम्बन्ध स्थापित गरी शिक्षालाई उत्पादनसँग जोड्ने लक्ष्य राखिएको छ ।

## ३. कार्यमूलक अनुसन्धान / प्रायोगिक अनुसन्धान

कार्यमूलक अनुसन्धानलाई शिक्षक डायरीको अभिन्न अङ्गका रूपमा कार्यान्वयन गरिएको छ । यसले शिक्षकहरूको पेसागत विकासलाई स्वचालित बनाउन सघाउ पुऱ्याएको छ । कार्यमूलक अनुसन्धानको बारेमा सामान्य जानकारी राख्न नसकेका शिक्षकहरू अहिले यसको राम्रो अभ्यास गर्न समर्थ भएका छन्। कार्यमूलक अनुसन्धानका अलवा नगरपालिकाले शिक्षकको मनोबल र अभिप्रेरणाको अवस्था र शिक्षकको कार्यमा समय (टाइम अन टास्क) सम्बन्धी अध्ययन गराई प्रतिवेदन सार्वजनिक गरिसकेको छ। अध्ययनले बुढानीलकण्ठका ९० प्रतिशत शिक्षक आफ्नो पेसाप्रति सन्तुष्ट रहेको, सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षक मध्ये ५५ प्रतिशत स्नात्तोकतर उपाधि प्राप्त रहेको बताएको छ। शिक्षकले आफू शिक्षण पेसाप्रति अभिप्रेरित र सन्तुष्ट हुने प्रमुख आधारका रूपमा विद्यार्थीलाई सिकाउन सक्नुलाई मानेका छन्।

## ४. सफलताका लागि सङ्घर्षका कथा

सामुदायिक विद्यालयमा अध्ययन गरेर सङ्घर्ष गर्दै अध्ययनमा राम्रो सफलता हासिल गर्दै गइरहेका विद्यार्थीहरूका कथा लेखिएको छ। यी कथाहरू उनीहरूकै शिक्षकबाट लेखिएका हुन्। यस कथा लेखनबाट एकातिर अन्य विद्यार्थीहरूलाई समेत सफलताका लागि सङ्घर्ष गर्ने अभिप्रेरणा प्राप्त भएको छ भने अर्कोतिर सङ्घर्षशील विद्यार्थी स्वयम् (कथाका पात्र) लाई आत्मसम्मान मिल्न गएको छ। शिक्षकहरूलाई आफ्ना विद्यार्थीका बारेमा नगिचबाट चिन्नु जान्नुपर्ने स्थिति बन्न सकेको छ।

## ५. सबै स्कुलमा स्काउट

विद्यार्थीहरूमा असल आचरण, स्वयम्सेवी भावना, मानवीय सहयोग र सामाजिक कार्यमा लगाब बढाउन कक्षा छदेखि माथि सञ्चालन भएका सबै विद्यालयहरूमा विद्यालय स्काउट कार्यक्रम लागु गरिएको छ। यस कार्यक्रमअन्तर्गत प्रत्येक विद्यालयमा ३२ जना विद्यार्थीका लागि विद्यालय स्काउट पोसाकका लागि प्रति विद्यार्थी रु १५०० का दरले प्रति विद्यालय रु ४८००० रकम विद्यालयको खातामा निकासा गरिएको छ।

## ६. विद्यालय दिवा खाजा

प्रारम्भिक बाल विकासदेखि कक्षा दशसम्म अध्ययनरत सबै विद्यार्थीका लागि नगरपालिकाले प्रति विद्यार्थी रु २० का दरले लगानी गरी प्रत्येक बार फरक परिकार सहित स्वच्छ र स्वस्थकर दिवा खाजाको व्यवस्था गरेको छ। यसले भोकबाट विद्यार्थीको सिकाइमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्दै विद्यार्थीको भर्नादर बढाउन सहयोग गरेको छ। विद्यार्थीको कक्षा छाड्ने दरमा कमी ल्याएको छ। सामुदायिक विद्यालयप्रति आर्कषण वृद्धि गरेको छ।

## ७. विद्यालयमा न्यूनतम् अवस्थाको सुनिश्चितता

विद्यालयमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित गर्न नगरपालिकाले सबै विद्यालयमा पुस्तकालय, सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला,सफा शौचालय, पिउने पानीको सुनिश्चितता, पर्याप्त फर्निचर व्यवस्थापन, उपयुक्त कक्षाकोठाको व्यवस्था लगायतको प्रबन्ध गरिएको छ । यसका साथै विद्यालयहरूलाई थप ब्राण्डिङ गर्दै शिक्षा, उत्पादन र प्रविधिबिच अन्तरसम्बन्ध कायम गरी विद्यालय सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

## ८. कक्षा अवलोकन

शिक्षकको पेसागत विकासमा सहयोग पुग्ने गरी विज्ञ झिकाई कक्षा अवलोकन गराइएको छ। विषयगत विज्ञहरूबाट कक्षा अवलोकन गराई शिक्षकको शिक्षणमा देखिएका कमिकमजोरी सुधार गर्नेगरी पृष्ठपोषण प्रदान गर्ने कार्य गरिएको छ। यसबाट शिक्षकहरू त्रसित हुने भन्दा आफ्नो नमूना शिक्षण प्रर्दशन गर्न र शिक्षणमा रहेका त्रुटि, कमीकमजोरीहरू पहिचान गरी सुधार गर्न तत्पर देखिएका थिए।

## ९. शिक्षक बैङ्कको निर्माण :

विद्यालयहरूमा कुनै पनि दिन र पिरियड खाली नहुने गरी विशेषज्ञ र अतिथि शिक्षक परिचालन गर्न शिक्षक बैङ्कको निर्माण गरिएको छ । शिक्षक बैङ्कअर्न्तगत सङ्गीत, नृत्य, खेलकुद, योग, विज्ञान, गणितलगायतका विषयमा विज्ञता हासिल गरेका र पूर्व योग्यता पार गरेका उम्मेदवारहरूको रोस्टर निर्माण गरी परिचालनको तयारी गरिएको छ। यसबाट लागत लाभ र विद्यार्थीको शिक्षण सिकाइ आवश्यकता सहज रूपमा पूरा हुन जाने अपेक्षा गरिएको छ। यसअन्तर्गत हाल ३३ जना गणित, विज्ञान, अङ्ग्रेजी, नेपाली, सङ्गीतका शिक्षक परिचालन गरिएको छ। जसबाट विद्यालयमा विषयगत शिक्षकको आवश्यकता

पूर्ति गर्न सकिएको छ ।

## १०. एकीकृत शैक्षिक भित्तेपात्रोको निर्माण र कार्यान्वयन

सामुदायिक र संस्थागत विद्यालयहरूको विद्यालय सञ्चालनमा एकरूपता ल्याउन एकीकृत शैक्षिक भित्तेपात्रो निर्माण गरी कार्यान्वयन गरिएको छ । शैक्षिक भित्तेपात्रोमा पठनपाठन, परीक्षा सञ्चालन, शिक्षक पेसागत विकास, अतिरिक्त तथा सहक्रियाकलाप, छात्रवृत्ति वितरणलगायतका विभिन्न शैक्षिक क्रियाकलापहरूलाई सङ्गठित रूपमा उल्लेख गरिएको छ ।

## ११. संस्थागत विद्यालयको नियमन

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र यससम्बन्धी नियमावली २०७७ अनुसार संस्थागत विद्यालयले प्रत्येक शैक्षिक सत्रमा प्रदान गर्नुपर्ने छात्रवृत्तिको कोटा निर्धारण गरी सूचना प्रकाशन र छात्रवृत्तिमा विद्यार्थी छनोट गर्ने कार्यलाई व्यवस्थित रूपमा कार्यान्वयन गरिएको छ  साथै संस्थागत विद्यालयहरूको वर्गीकरण गरी शुल्कढाँचा समेत कार्यान्वयनमा ल्याइएको छ । संस्थागत विद्यालयहरूलाई विद्यालय हाताबाट पाठ्यपुस्तक र स्टेशनरी बेच्न नदिन कडाइ गरिएको छ ।

## १२. विद्यालय कर्मचारी र बाल विकासका शिक्षकको पारिश्रमिकमा विशेष प्रोत्साहन

अन्तर्राष्ट्रिय श्रम सङ्गठनले निर्धारण गरेको न्यूनतम् ज्यालासमेत प्राप्त गर्न नसकिरहेका विद्यालय कर्मचारी र बाल विकास शिक्षकको पारिश्रमिकमा वृद्धि गरी  न्यूनतम् रु. १५००० भन्दा घटी नहुने व्यवस्था गरिएको छ । २०७८ श्रावणदेखि नै मासिक रु. १५००० का दरले विद्यालय कर्मचारी र बाल विकास शिक्षकको पारिश्रमिक भुक्तानी गरिएको छ । यसका साथै निवृत्त विद्यालय कर्मचारीको प्रोत्साहनका लागि निवृत्त कर्मचारी प्रोत्साहन कार्यविधि  जारी गरी कार्यान्वयन गरिएको छ ।

## १३. शैक्षिक उन्नयन वर्षको घोषणा  कार्यान्वयन

आर्थिक वर्ष २०८०/०८१ उन्नयन यस कार्यक्रमअर्न्तगत मेरो विद्यालय, मेरो सपना परियोजनाको कार्यान्वयन गर्न म बनाउँछु मेरो विद्यालय कार्यक्रम, नगरप्रमुख छात्रवृत्ति कार्यक्रम, नमुना विद्यालय विकास कार्यक्रम कार्यान्वयन गरिएको छ। शैक्षिक उन्नयन वर्ष घोषणा कार्यविधि  निर्माण गरी प्रभावकारी रूपमा यसको कार्यान्वयन गरिएको छ । आर्थिक वर्ष २०८०/०८१ मा शिक्षालाई उच्च प्राथमिकता दिँदै १२ करोड ५१ लाख रकम बिनियोजन गरिएको छ ।

## १४. विद्यार्थी वृत्ति परामर्श

बुढानीलकण्ठ नगरपालिकाभित्रका सबै माध्यमिक विद्यालयहरूमा ENSSURE परियोजनासँगको सहकार्यमा विद्यार्थी वृत्ति परामर्श (करियर काउन्सिलिङ) कार्यक्रम सञ्चालन गरिँदै छ । हाल ११ ओटा माध्यमिक विद्यालयमा उक्त वृत्ति परामर्श (करियर काउन्सिलिङ) कार्यक्रम लागु गरिएको छ ।

## १५. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण

बुढानीलकण्ठ नगरपालिकाले हामी र हाम्रो बुढानीलकण्ठ नामको स्थानीय पाठ्यक्रम निर्माण गरी उक्त पाठ्यक्रम कार्यान्वयनका लागि हाम्रो बुढानीलकण्ठ पाठ्यपुस्तक निर्माण गरेर कार्यान्वयन भइरहेको छ। यसबाट बुढानीलकण्ठको समग्र परिवेश बुझेको विद्यार्थी उत्पादन हुन गई बुढानीलकण्ठलाई माया गर्ने र अपनत्व दिने जनशक्ति उत्पादन गर्न सहज भएको छ।

## १६. वृत्ति मार्गदर्शन तथा रोजगार मेला आयोजना

बुढानीलकण्ठ नगरपालिकाको आयोजना, बागमती प्रदेशको आर्थिक सहयोग र हेल्भिटासअर्न्तगतको इन्स्योर परियोजनाको सहकार्यमा मिति २०८० माघ ११ र १२ गते भव्यताका साथ तेस्रो वृत्ति मार्गदर्शन तथा रोजगार मेलाको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा ४२ ओटा विभिन्न स्टलहरूबाट १४ हजार जनाभन्दा बढी विद्यार्थी तथा युवाहरूलाई वृत्ति मार्गदर्शन तथा रोजगार सम्भाव्यता पहिचानका लागि सहजीकरण गरिएको थियो।

## १७. अनिवार्य तथा निःशुल्क शिक्षा लागु गरिएको पालिका घोषणा

चौधौं नगर सभाको चौथो बैठकले मिति २०८१ असार १० गतेका दिन बुढानीलकण्ठ नगरपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा लागु गरिएको पालिका घोषणा गरिएको छ।

## १८. समावेशी विद्यालय घोषणा

बुढानीलकण्ठ नगरपालिकाको वडा नं. ४ स्थित श्री नेशनल ब्लुमिङ फ्लावर एकेडेमीलाई अटिज्म भएका बालबालिका केन्द्रित गरी शिक्षा र हेरचाह कार्यक्रम सञ्चालन गर्ने केन्द्रका रुपमा समावेशी विद्यालय घोषणा गरिएको छ।

## बुढानीलकण्ठको शैक्षिक गन्तव्य

बुढानीलकण्ठलाई थप विकसित, सभ्य र समृद्ध बनाउने प्रमुख आधार शिक्षा हो। यस नगरपालिकाभित्रका विद्यालयहरूलाई निश्चित मापदण्डमा सञ्चालन गरेर विद्यालयहरूमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चत गर्दै प्रत्येक विद्यालयलाई शैक्षिक गुणस्तरको केन्द्रका रूपमा विकास गर्न वाञ्छनीय देखिन्छ। यसका लागि प्रत्येक विद्यालयमा न्यूनतम् शैक्षिक शैक्षिक तथा भौतिक पूर्वाधारको प्रवन्ध गर्न शिक्षामा स्थानीय सरकारको विशेष लगानी हुनु पर्छ।

खासगरी एउटा विद्यालयमा न्यूनतम् रूपमा भौतिक र शैक्षिक पूर्वाधार केके कुराहरू हुनु पर्छ ? एउटा विद्यालयलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि के कस्ता सुविधाहरू विद्यालयमा रहनु पर्छ ? आदि कुराहरूको निर्धारण हुनु पर्छ। प्रत्येक विद्यालयहरूमा कम्तीमा निम्नानुसारका शैक्षिक भौतिक पूर्वाधार हरूको विकास गरी विद्यालयलाई भौतिक रूपमा रमणीय, शैक्षिक रूपमा गुणस्तरीय र मनोवैज्ञानिक

रूपमा बालमैत्री बनाउन वाञ्छनीय देखिन्छ ।

### १. जग्गा तथा खेलमैदान

प्रत्येक आधारभूत विद्यालयमा कम्तीमा ५ रोपनी जग्गा रहनुपर्छ । साधारण माध्यमिक विद्यालयमा कम्तीमा १० रोपनी र व्यावसायिक मा.वि.मा कम्तीमा १५ रोपनी जग्गा हुनै पर्छ । त्यति जग्गा नभएमा विद्यालय भवन, खेलमैदान लगायका पूर्वाधारका लागि आवश्यक पूर्वाधारको व्यवस्थापन गर्न सकिँदैन ।

### २. विद्यालय भवन र कक्षाकोठा

प्रत्येक प्राथमिक विद्यालयमा न्यूनतम् आठ ओटा, आधारभूत विद्यालय (पूर्व प्राथमिक कक्षादेखि आठ कक्षासम्म) मा न्यूनतम् १२ कोठा र माध्यमिक विद्यालयमा न्यूनतम् १८ ओटा कक्षाकोठा रहनुपर्छ साथै कक्षाकोठाहरू कम्तीमा ९ फिट उचाइका र ३५ देखि ४५ वर्ग मिटर क्षेत्रफल भएका पर्याप्त प्रकाश भएका र दोह्रोरो हावा प्रवेश गर्ने खालका हुनुपर्छ । तब मात्र पूर्व प्राथमिक कक्षा, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधि ल्याबलगायतका आवश्यक स्थानको व्यवस्थापन हुन सक्दछ ।

### ३. सफा शौचालय तथा किशोरी कक्ष

प्रत्येक विद्यालयमा विद्यार्थीको अनुपातमा छात्रछात्राहरूका लागि छुट्टा छुट्टै शौचालयको प्रबन्ध हुनुपर्छ । छ कक्षाभन्दा माथि चलेका प्रत्येक विद्यालयमा कम्तीमा एउटा किशोरी कक्षको व्यवस्था हुनुपर्छ ताकि किशोरीहरूमा आकस्मिक रूपमा आइपर्ने शारीरिक र मानसिक समस्याहरूलाई सहज रूपमा सम्बोधन गर्न सकियोस् ।

### ४. पिउने पानीको व्यवस्था

प्रत्येक विद्यालयमा विद्यार्थीको अनुपातमा सफा र स्वच्छ पिउने पानीको प्रबन्ध गरिएको हुनुपर्छ । पिउने पानीको अभावमा विद्यार्थीहरूका शरीरमा पानीको कमी हुन गई टाउको दुख्ने, ज्वरो आउने लगायतका समस्याहरू आउने गर्दछन् । जसले विद्यार्थीहरूको शिक्षण सिकाइमा प्रत्यक्ष असर पार्ने गर्दछ ।

### ५. अपाङ्गमैत्री विद्यालय संरचनाको व्यवस्था

विद्यालयको हाता (कक्षाकोठा, शौचालय, पुस्तकालय, प्रयोगशाला) मा अपाङ्गमैत्री संरचनाको निर्माण हुनुपर्छ र परीक्षा प्रणालीसमेत समावेशी बनाइनुपर्छ । विशेष गरी अटिजम भएका बालबालिकाहरूको सङ्ख्या बढ्दै गएकाले अटिजम भएका विद्यार्थी केन्द्रित गरी प्रत्येक विद्यालयमा कम्तीमा दुई जना शिक्षकलाई अटिजम भएका बालबालिकाको शिक्षा र हेरचाह सम्बन्धी तालिम दिनुपर्ने देखिन्छ ।

### ६. पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधि ल्याबको व्यवस्था

प्रत्येक विद्यालयमा तहगत रूपमा निश्चित पुस्तकहरू भएको पुस्तकालय, तीनओटै विज्ञानका लागि छुट्टाछुट्टै सामग्री भएको विज्ञान प्रयोशाला र सूचना प्रविधि ल्याबको व्यवस्था गरिनुपर्छ ।

## ७. सफा, शान्त र हरियाली स्कुल

प्रत्येक विद्यालयमा बगैँचाको निर्माण गरी उक्त बगैँचाको उचित सम्भारको व्यवस्था गरिनुपर्छ । प्रत्येक विद्यालयको कम्तीमा २० प्रतिशत क्षेत्रफलमा बोटबिरुवा तथा फूल रोपी हरियाली कायम गरिनुपर्छ ।

## ८. निरन्तर विद्यार्थी मूल्याङ्कन

निरन्तर विद्यार्थी मूल्याङ्कनको अवलम्बनले विद्यालय सञ्चालनको अवस्थामा बदलाव ल्याउँछ । यसको अभ्यासले विद्यालयको सञ्चालन, शिक्षकको शिक्षण र विद्यार्थीको सिकाइमा फरकपन ल्याउँछ । त्यसैले प्रत्येक विद्यालयले निरन्तर विद्यार्थी मूल्याङ्कनको अवलम्बन गर्नुपर्छ ।

## ९. विद्यालय सुधार योजना तथा शिक्षण र सिकाइ सुधार योजनाको निर्माण र कार्यान्वयन

प्रत्येक विद्यालयको प्रधानाध्यापकले विद्यालय सुधार योजना, प्रत्येक विद्यालयको शिक्षकले शिक्षण सुधार योजना र प्रत्येक अभिभावक र विद्यार्थीले विद्यार्थीको सिकाइ सुधार योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्छ ।

## १०. विद्यालय व्यवस्थापन समितिको सक्रियता

विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेखका लागि गठित विद्यालय व्यवस्थापन समितिले कार्य विवरणअनुसारका काम बिरलै गरेको देखिन्छ । जसका कारण विद्यालयको प्र.अ. को धेरै समय विद्यालयका लागि आवश्यक स्रोतसाधनको जोहो गर्न मै जाने गरेको देखिन्छ । यी सबै काम गरेर प्र.अ.लाई विद्यालयको प्राज्ञिक नेतृत्व पूर्णरूपमा गर्न सघाउन वि.व्य.स. को भूमिका केन्द्रित गर्नुपर्ने देखिन्छ ।

## ११. प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रबन्ध

दक्ष र योग्य मानव संसाधनको विकासका लागि प्राविधिक र व्यावसायिक शिक्षा अपरिहार्य भइसक्यो । अझै पनि यस शिक्षाको व्यवस्थापनमा तदारुकता नदेखाउने विद्यालय, विद्यार्थी र अभिभावकको नजरमा पर्ने देखिँदैन । त्यसैले प्रायः विद्यालयले अब प्राविधिक र व्यावसायिक शिक्षाको प्रबन्ध गर्न विलम्ब गर्नुहुँदैन ।

## १२. अङ्ग्रेजी माध्यममा पठनपाठन

विद्यार्थी र अभिभावकहरू अङ्ग्रेजी शिक्षाको मोहबाट मुक्त नभएसम्म विद्यालयहरूले उक्त मोह पूरा गराउन अघि सर्नै पर्छ। नसर्ने हो भने विद्यार्थी र अभिभावक विकर्षण हुने सम्भावना बढ्दै छ । प्रत्येक विद्यालयले उक्त अपेक्षाको सम्बोधन गर्न नेपाली माध्यमका साथसाथै अङ्ग्रेजी माध्यममा पठनपाठनलाई अघि बढाउनुपर्छ ।

## १३. वैकल्पिक शैक्षणिक प्रणालीको अवलम्बन

लकडाउनले जब्बर रूपमा स्थापित गरेको वैकल्पिक शैक्षिक प्रणालीको अवलम्बन सामान्य अवस्थामा समेत अपरिहार्य भएर गएको छ । विद्यार्थीका अभिभावकसँग उनीहरूका छोराछोरीको शिक्षा बारे समीक्षा गर्नु होस् यात किफायती रूपमा प्रविधिको पहुँचमा रहने अभिभावकसँग अन्तरक्रिया गर्न होस् या

बालबालिकाको गृहकार्य जाँच गर्न समेत यो माध्यम उपयोगी साबित भएको छ। यसलै शिक्षण सिकाइमा वैकल्पिक माध्यमको प्रयोगलाई अवलम्बन गर्नु हरेक विद्यालयका लागि अपरिहार्य भइसकेको छ।

### १४. विद्यालय हातामा सुपथ खाजाघरको सञ्चालन र व्यवस्थापन तथा विद्यालयमा दिवाखाजाको व्यवस्थापन

विद्यार्थीको दिवाखाजाको व्यवस्थापन गर्नका लागि विद्यालयमा खाजाघर सञ्चालन अपरिहार्य देखिन्छ। अल्पपोषक खानाबाट विद्यार्थी र विद्यालयलाई मुक्त गर्न पनि यो अपरिहार्य बनेर गएको छ।

### १५. प्रविधियुक्त शिक्षण

नेपालको विद्यालयहरूले समेत शिक्षण सिकाइमा रोबोटिक्सको प्रयोग गरी सकेको अवस्थामा शिक्षण सिकाइलाई रोचक, सान्दर्भिक र प्रभावकारी बनाउन यस्तै खालका सूचना प्रविधिको प्रयोग वाञ्छनीय भएको छ। सूचना प्रविधिलाई शिक्षण माध्यम र शिक्षणको विषयका रूपमा समेत विकास गर्न आवश्यक रहेको देखिन्छ।

### १६. शैक्षिक सूचकमा वृद्धि

वि.सं. २०८१ भित्र बुढानीलकण्ठमा शैक्षिक सक्षमताको विकास गरी देहायअनुसार शैक्षिक सूचकहरूमा वृद्धि गरिने छ :

- पूर्व प्रा.वि.को सहजै देखिने भर्नादर : ९९.५ प्रतिशत
- कक्षा १ मा बाल विकासको अनुभवसहित भर्ना हुने दर : ९५ प्रतिशत
- प्रा.वि.को खुद भर्नादर : ९९.८ प्रतिशत
- आधारभूत तहको भर्नादर : ९९ प्रतिशत
- माध्यमिक तहको खुद भर्ना दर (९-१२) : ९५.३ प्रतिशत
- कक्षा आठ सम्मको टिकाउ दर : ९५ प्रतिशत
- कक्षा दश सम्मको टिकाउ दर : ७७ प्रतिशत
- प्रा.वि.को कक्षा छाड्ने दर : १ प्रतिशत
- आधारभूत तहको कक्षा छाड्ने दर : २ प्रतिशत
- माध्यमिक तहको कक्षा छाड्ने दर (९-१०) : ५ प्रतिशत

माथि उल्लिखित भौतिक पूर्वाधार तथा शैक्षिक सूचकका साथै विद्यालयको सफ्टवेयरका पक्षमा निम्नानुसारको सुधार र विकास गर्न आवश्यक छ :

### १. सक्षम नेतृत्व विकास

हरेक विद्यालयको सुधार, विकास र उन्नयनको प्रस्थान विन्दु विद्यालयमा सक्षम नेतृत्वको बहाली नै हो।

विद्यालयमा सक्षम, दूरदर्शी तथा प्रभावकारी नेतृत्व स्थापना गर्न नसक्दा विद्यालयमा उपलब्ध सम्पूर्ण स्रोतसाधन निष्प्रभावी हुन्छन् । विद्यालयमा उपलब्ध स्रोतसाधनको प्रभावकारी परिचालन गर्न होस् वा विद्यालयका थप सम्भावना पहिचान गरी विकास गर्न किन नहोस् सक्षम नेतृत्व नभई हुँदैन । त्यसैले सारा काम छोडेर म यो देशमा एउटा व्यक्ति खोजिरहेछु भने झैं विद्यालयमा सर्वप्रथम एउटा सक्षम नेतृत्वको बहाली गरौं । जुन संस्थाको आवश्यकता मात्र नभई दिनप्रतिदिन मनोबल गुमाउँदै गएका शिक्षणकर्मीको पेसागत चाहना र सुन्दर भविष्यको आशमा विद्यालयको दैलो टेकेका विद्यार्थीको अधिकार पनि हो । यसैले हरेक विद्यालयमा सक्षम शैक्षिक नेतृत्वको विकास नै विद्यालयको शैक्षिक सुधार र उन्नयनको निकास हो । यसका लागि विद्यमान शैक्षिक नेतृत्वले कि त आफूलाई सक्षम सावित गर्ने कि सक्षमलाई स्थान दिलाउनुपर्छ । आफू पनि सफल हुन नसक्ने र सफल हुन सक्नेलाई बाटो छेक्ने काम कसैले पनि गर्न हुँदैन ।

## २. समूह कार्य

विद्यालय एउटा परिवार हो । त्यहाँ एउटा परिवारमा रहने माया ममता, आपसी सम्मान र सद्भाव, एकता र सहकार्य हुनुपर्छ तर यो धेरै विद्यालयमा देखिँदैन । त्यहाँ शिक्षक कर्मचारीबिच कुनै न कुनै किसिमको टानटुन, द्वन्द्व, तनाव, बेमेल, खिसिट्युरी आदि इत्यादि रहेको देखिन्छ । यो सक्षम नेतृत्वको अभावमा, अपारदर्शी कार्यशैलीको कारण, पद्धतिको पालना नहुँदा, अनुशासन र आचरणमा कमी रहँदा देखिन्छ । संस्थामा वैयक्तिक स्वभाव, टकराव र स्वार्थले स्थापना पाउँदा यसो हुने गर्छ । संस्थागत स्वार्थ र सामूहिक हितलाई केन्द्रमा राखी काम गर्दा द्वन्द्वको अवस्था अन्त्य हुन्छ र समूह कार्यले स्थान पाउँछ । समूह कार्यबिना संस्थालाई सफलताको शिखरतर्फ अभिमुख गर्न सकिँदैन । त्यसैले नमुना कार्य गर्न समूह कार्यको अपरिहार्यता रहन्छ ।

## ३. समग्र शैक्षिक गतिविधिको केन्द्रमा विद्यार्थी

जबसम्म विद्यालय र शिक्षकले विद्यार्थीबिना आफ्नो अस्तित्वहीन ठान्दछन् तब मात्र विद्यालयको शैक्षिक व्यवस्थापनको केन्द्र भागमा विद्यार्थी पर्दछन् । विद्यार्थीलाई केन्द्रमा राख्ने बित्तिकै कुनै पनि शिक्षकले विद्यार्थीको सर्वोपरि हितलाई ध्यान दिई शिक्षण सिकाइलगायतका आफ्ना गतिविधि गर्न थाल्दछ । यसबाट विद्यालयको काम गर्ने तौरतरिकामै सुधार र विकास आउँछ साथै वडा कार्यालय र नगरपालिकाबाट समेत विद्यार्थी, शिक्षक, विद्यार्थी र अभिभावकलाई केन्द्रमा राखेर बजेट तर्जुमा र विनियोजन गर्न सकिएमा उक्त लगानी भविष्य केन्द्रित र बहुआयामिक नतिजा र प्रभाव उत्पादन गर्न समर्थ हुने देखिन्छ ।

## ४. कक्षाकोठाको शिक्षण सिकाइ

शैक्षिक सुधार, विकास र उन्नयन देखिने स्थल कक्षाकोठा हो । कक्षाकोठाको शिक्षण सिकाइको अवस्थामा कुनै सुधार आएन भने शैक्षिक सुधार र विकासको अभियान निरर्थक बन्दछ । शिक्षामा लगानी गरिएका हरेक पक्षले अर्थात् हरेक शैक्षिक क्रियाकलापले कक्षाकोठाको शिक्षण सिकाइ र विद्यार्थी मूल्याङ्कनमा बदलाव ल्याउनुपर्छ । यदि कक्षाकोठाको शिक्षण सिकाइको स्वरूप, शिक्षक विद्यार्थीबिचको अन्तरक्रिया र

व्यवस्थापनमा परिबर्तन देखियो भने मात्र शैक्षिक सुधारको सङ्केत पाउन सकिन्छ । अन्यथा सबै शैक्षिक बहस र गतिविधि बकबास मात्र बन्न पुग्छन् ।

## ५. विद्यालय र समुदायको सम्बन्ध

समुदायका आवश्यकता पूरा गर्ने विद्यालय र विद्यालयले दिएको सेवाको अनुभूति गर्ने समुदायबिचको सम्बन्ध समधुर रहेन भने विद्यालय सुधारमा नभई सङ्कटमा रहेको लख सजिलै काट्न सकिन्छ । जुन विद्यालयमा विद्यालय, अभिभावक र समुदायबिच निरन्तर रूपमा दुईतर्फी सञ्चार हुने गर्दछ त्यो विद्यालय समुदायका बदलिँदा अपेक्षा पूरा गर्न मात्र नभई समुदायबाट आवश्यक सहयोग सङ्कलन गर्न पनि समर्थ छ र त्यो शैक्षिक विकासमा अघि बढ्दै छ भन्ने अनुमान लाउन सकिन्छ । यसैले हरेक विद्यालयले विद्यार्थी, अभिभावक, वडा कार्यालय, सामाजिक संघसंस्थालगायतका सम्वद्ध पक्षसँगको सम्बन्ध सुदृढीकरणमा जोड दिनै पर्छ। तब मात्र विद्यालय पहरा पहरामा ठोक्किँदै बग्ने खहरेको चालमा नभई समतलमा बग्ने नदीको गतिमा शैक्षिक सुधार, विकास र उन्नयनको यात्रामा अघि बढ्न सक्छ । यसतर्फ सबै विद्यालयले ध्यान दिनै पर्छ ।

## ६. मानवमूल्यमा आधारित शिक्षा, जीवनोपयोगी शिक्षा, नैतिक शिक्षा

बुढानीलकण्ठका विभिन्न विद्यालयमा अध्ययनरत प्रत्येक विद्यार्थीमा न्यूनतम् मानवीय मूल्यको विकास गरी मानवता, मानव अधिकार र सार्वजनिक हितको बारेमा सुशिक्षित गरिनुपर्ने छ । श्रमलाई सम्मान गर्ने उत्पादनमा जोड दिने र दैनिक तथा व्यावसायिक जीवनमा प्रविधिको प्रयोग गर्न सक्ने सामर्थ्यको विकास हरेक विद्यार्थीमा नगरी हुँदैन । यसरी नै इमानदारिता, सदचरित्रता, अहिंसा, सत्वचनलगायतका पक्षमा न्यूनतम ज्ञान सिप प्रदान गरी हरेक विद्यार्थीलाई नैतिकवान् नागरिकको रूपमा विकास गर्नु वाञ्छनीय छ ।

विद्यालयका पूर्वाधार र शिक्षण व्यवहारका पक्षहरूलाइं विद्यालयले ध्यान दिँदै विद्यालयको शैक्षिक भौतिक विकास गरी आदर्श रूपमा विद्यालयको व्यबस्थापन र प्रशासन सञ्चालन गर्न सकिएमा विद्यालयहरूमा पठनपाठन हुने दरमा बृद्धि मात्र नभएर विद्यार्थीहरूको शिक्षण सिकाइमा उल्लेख्य सुधारसमेत आउने छ । तब मात्र विद्यालयहरू स्वस्थ र सबल रूपमा सञ्चालन हुने छन् । विद्यालयका शिक्षक कर्मचारीहरू उद्देश्य केन्द्रित व्यवस्थापनको अवधारणाअनुसार कार्य सम्पादन गर्न लागि पर्ने छन् । विद्यालयले समुदायका बालबालिकाको शैक्षिक हितमा गरेको प्रयत्नका कारण समुदाय र विद्यालयबिच सुमधुर सम्बन्ध स्थापित हुने छ ।

बुढानीलकण्ठका विद्यालयहरूको व्यवस्थापनमा आएको सुधारले बुढानीलकण्ठलाई शैक्षिक गन्तव्य बनाएर आउने बालबालिकाहरूको सङ्ख्यामा वृद्धि हुने छ ।

हरेक सपनासँग एउटा शक्ति हुन्छ । उक्त शक्तिले व्यक्ति र संस्थालाई एउटा गन्तव्य तय गर्न बाध्य पार्दछ । त्यही गन्तव्यले व्यक्ति र नेतृत्वमा  जोस, जाँगर, उत्साह, इच्छाशक्ति, हुटहुटी, समर्पण र फरक कार्यशैली प्रदान गर्दछ । यिनै तत्वहरूले हरतरहले सपना र गन्तव्यको उडान भर्दछन् र उक्त उडानलाई निरन्तर रूपमा अविचलित भई गन्तव्यको मार्गमा अग्रसर गराउँछन् ।

बास्तवमै सपनाहरू सुधार, विकास र उन्नयनका स्रोत हुन् । सपना नदेख्ने कुनै व्यक्ति र संस्था सुधारिएको, बिकासको शिखरमा पुगेको र उन्नयनले दुनिया तीन छक पार्न सकेको देखिएको छैन ।

सपना एउटा यस्तो अवधारणा हो जो चाँडै व्यवहारमा मूर्त नदेखिएला तर कुनै न कुनै समयमा यो आकारमा आइपुग्छ नै । मात्र निरन्तरको लगाव, धीरता यसका लागि आवश्यक पर्छ। त्यस्तै कुनै सपनाले विपनामा बदलिन निकै लामो समय पनि लिने गर्दछन् । यस सर्न्दभमा सपनाको पुस्तान्तरण जरुरी पर्छ। एउटा पुस्ताले देखेका सपनाको अभिभारा अर्को पुस्ताले लिँदै सपनाको व्यवहारमा रूपान्तरण गर्नु पर्छ। विशेषत: संस्थागत सपनाहरूको हकमा यस्तो हुने गर्दछ । हामीमा सपनाको पुस्तान्तरण नभएर हरेक पुस्ता र नेतृत्वमा नयाँ सपनाको आगमन र पुराना सपनाको बर्हिगमनको लहड चल्ने गर्दछ । यसले पनि सपनाहरूको सङ्ख्या मात्र बढ्ने तर कुनै पनि सपनाको व्यावहारिक रूपान्तरण नहुने गरेको तितो इतिहास छ । यसको प्रमुख कारण सपनाको व्यक्तिगत करण हुनु नै हो । संस्थागत सपनाको विकास र प्रवर्धन हुन सक्दा यस्तो हुँदैन ।

बिगतबाट सिक्दै अब हरेक विद्यालयसँग यस्तो संस्थागत सपना हुनुपर्छ जो वास्तवमै यथार्थ सपना हुनुपर्छ। कार्यान्वयनको कसीमा नतिजामूलक हुने सपना हुनुपर्छ। त्यो सपनाले विद्यार्थी, अभिभावक र समुदायको अन्तरमनको प्रतिनिधित्व गर्नुपर्छ । उक्त सपना व्यवहारमा रूपान्तरण नहुँदै नेतृत्व परिवर्तनसँगै बदलिने सपना हुनुहुँदैन । पानीको फोकाजस्तो क्षणमै बिलाउने सपना नभई शिलालेखमा कोरिने सपना हुनुपर्छ । जुन सपनाले हरेक विद्यालयलाई नमुना बनाउन सकोस्, हरेक शिक्षकलाई पेसाप्रति प्रतिबद्ध बनाउन सक्ने हुनुपर्छ । प्रत्येक विद्यार्थीलाई सामाजिक विकासको नेतृत्वदायी स्थानमा पुऱ्याउन सक्ने हुनुपर्छ ।

## ५. निष्कर्ष

बुढानीलकण्ठले गर्ने शैक्षिक सुधार, विकास र उन्नयनका कार्यले बुढानीलकण्ठभित्रका १३ ओटा वडा, १९ ओटा सामुदायिक विद्यालय र १२३ ओटा संस्थागत विद्यालयका लागि मात्र नवप्रर्वतन गर्दैन । यसले गर्ने कार्य र लिने नेतृत्वबाट बागमती प्रदेशका सबै स्थानीय तह र नेपालका ७७ ओटै जिल्लाको शैक्षिक सुधार र विकासमा टेवा पुग्न जाने छ । यसैले पनि बुढानीलकण्ठले शिक्षामा सामान्य सुधार मात्र खोजेर हुँदैन । समकालीन विश्वमा देखिएका शैक्षिक परिवर्तनको लय समाउँदै शिक्षामा नवप्रर्वतन गर्न सक्ने शिक्षक, विद्यार्थीको व्यक्तित्व विकासमा कार्यशालाको रूपमा रहन सक्ने विद्यालय, ज्ञानप्रति असीम प्यास र जिज्ञासा भएको विद्यार्थी, आफ्ना बालबालिका र विद्यालयको विकासप्रति समर्पित अभिभावकको साथै ज्ञानको सीमाहीन विकासमा उद्वेलित गर्ने शैक्षिक नीति, योजना र कार्यक्रमका साथै शैक्षिक सङ्गठन र संरचनाको अपरिहार्यता छ । यसका लागि विद्यार्थी, शिक्षक र विद्यालयलाई लगानीको केन्द्रमा राख्ने सोच र प्रतिबद्धताको आवश्यकता छ । आजको दिनमा यस प्रतिबद्धताका लागि आग्रह गर्छु ।

स्रोत: २०८० मा प्रकाशित स्मारिकाबाट साभार गरि अद्यावधिक गरिएको

# The Key to Effective Classroom Management

**Shashi Dahal Khatri**
English Teacher
Pancha Kanya Secondary School, Budhanilkantha - 5

**Abstract**

Keeping a classroom atmosphere that supports efficient teaching and learning is essential. It is common for traditional methods and ELT approaches to be insufficient in dealing with noise and disturbances, which results in lost instructional time. Organising classroom supplies and assigning responsibilities to students are examples of physical and instructional management techniques that are part of effective classroom management. Stronger ties between teachers and students, however, are the most long-lasting and successful remedy. Teachers have the ability to minimise disturbances and establish a healthy school environment by building meaningful relationships. This entails treating pupils with dignity and respect, giving candid, encouraging criticism, and maintaining a constant demeanour of warmth and accessibility. Building a relationship with students promotes academic engagement and good behaviour, which in turn helps to address disturbance and noise concerns. An atmosphere that prioritises relationship-building above strictness is more conducive to pleasant and effective learning.

**Introduction**

Complains regarding excessive noise and disruptive classes have become all-too common among teachers today everywhere. Students are unable to focus on their lessons and their teachers. During such situation it is suggested to use different classroom management tools and techniques which may help get things back on track. Even ELT methodologies propose many different techniques to manage disturbed classes. These techniques may help but until then valuable time has already been lost.

**Why is classroom management important?**

Classroom management refers to the wide variety of skills and action which teachers use in their classroom to ensure that their lessons run smoothly without disruptive behavior from students. It is used to keep students organized and well behaved. It helps to maintain a classroom environment suitable for effective teaching learning activities.

Obviously, classroom management has been considered as a key to successful teaching-learning activities. Managing class is the first job of teachers when they enter inside the classroom .There are a number of striking issues in the ELT classroom related with students,

teachers, materials and others. These issues need to be managed much carefully by the teachers so their lesson could be most effective in any context. It normally involves two types of managements: physical management and educational management. Physical management of classroom refers to managing the physical resources such as furniture, light, space, computer, board etc. Similarly, educational management refers to process such as managing the role of teachers and students in different groups and pairs, managing the learning materials etc.

All the above techniques, methods have been used in every classroom. But is it sufficient? Has it helped to solve the problems? Has it helped the disruptive and noisy class? of course not. Still noisy classrooms with disruptive students can be seen in all schools. So how can we solve this problem? This is the main question that comes in our mind. Now let's talk about key element of classroom management that could be more effective and long lasting.

**Keys to effective classroom management**

The only solution any teacher can use, without any particular skill or effort is to build strong teacher student bonds. They need to make meaningful connections with their students. This is one of the most effective way to prevent disruption in the classroom which has been already proved by many researchers, educationists and psychologists.

"Strong teacher-student relationship have long been considered a foundational aspects of a positive school experience"- Clayton Cook, a professor at the University of Minnesota.

So, in order to build strong teacher-student bond, teachers need to change their role in different ways. In the beginning, teachers need to treat students with respect. They need to value the individuality of each student and should be kind and polite. They should always be warm, supportive and positive. They should be able to make the students realize that their teachers care about them. They should feel free and secured and should not have any fear.

Teachers need to listen to them and regularly check in with them and acts how they are doing. They should ask if they need any support from them. They should acknowledge their good behavior. They should give honest feedback but in a very polite way using kind words. They should always offer second chance to their students. Teachers always have pivotal role in their classroom as students are the focal point of teaching learning process. Teacher have to play many different roles there. Though some people argue that there is limited role of teachers in the learners-centered lessons, it is not true. Only the type of roles is changed. Like, they become controller, promoter, resource person, organizer, tutor, participant, assessor etc.

Therefore, if the teachers build a friendly relationship with the students, then only they can feel respected and valued. After they feel respected, they readily establish rapport with their teachers. This helps the teachers takes notes on each individual student and highlight ones who need the most attention. Similarly, for students with learning or behavioral problems, it provides protective effects that helps them stay focused on learning.

Likewise, students will also start responding to the teachers who listen to them. It helps to bring out their hidden problems, even their personal problems. The more they break the ice and open up with theirs teachers, the easier it would be for teachers to discourage disruptive behavior before it becomes an issue. Teachers should always focus on solutions, not problems. They should always criticize the deed, not the doer.

This makes the classroom environment more comfortable, warm, joyful and free. Students can prosper much more physically, mentally and academically in such environment. It brings positive behavioral changes in students where they can learn more and disturb the class less.

**How to establish positive relationship with students**

Teachers can use ample methods to establish strong teacher-student bond. They can do the following activities inside and outside their classrooms.

- speaking politely
- recognizing students
- respecting every student
- listening to them with interest
- being ready to help them whenever they need
- showing concern towards them
- giving honest feedback with kind and positive words

In conclusion, from this presentation, it is clear that the most effective classroom management tool is strong student- teacher bond. The most effective classroom management starts with rapport building. When students start feeling greater sense of belonging, they are more likely to be academically engaged. Not only that, they will also start to demonstrate positive behavior. Then all the problems of noise, disturbances, lack of focus, unnecessary troubles, unwanted issues etc. will be solved smoothly and smartly. So let's become a smart teacher not a strict teacher.

**References**

Evertson, C. M., & Emmer, E. T. (2017). *Classroom Management for Elementary Teachers*. Pearson.

Jones, V. F., & Jones, L. S. (2015). *Comprehensive Classroom Management: Creating Communities of Support and Solving Problems*. Pearson.

Marzano, R. J. (2003). *Classroom Management That Works: Research-Based Strategies for Every Teacher*. ASCD.

Pianta, R. C. (1999). *Enhancing Relationships Between Children and Teachers*. American Psychological Association.

Wong, H. K., & Wong, R. T. (2009). *The First Days of School: How to Be an Effective Teacher*. Harry K. Wong Publications.

# आलोचकलाई एउटा शिक्षकको चिठी

सन्तोष लुईंटेल
शिक्षक, मावि द्वितीय

**श्री आलोचकज्यू**
**नमस्कार ।**

मलाई त हजार बिसन्चोका बिच सन्चो नै छ, आशा छ तपाईंलाई पनि भलो नै होला ।

सामुदायिक विद्यालयमा अध्ययन गरेको र अहिले पनि सामुदायिक विद्यालयमा नै अध्यापनरत रहेकाले तपाईंका तिखा तिखा बाणरूपी आलोचनासँग निरन्तर अभ्यस्त नै छु । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकशिक्षिकाहरूले पढाउँदैनन्, खालि तलब मात्र खान्छन् भन्ने तपाईंको प्राचीनकालदेखिको आलोचनाले मनमा चिसो पसे पनि निरन्तर आफ्नो कर्ममा इमानदारपूर्वक लागिराखेको छु र लागि नै रहन प्रतिबद्ध छु ।

विद्यालयमा नियमित नआउने, विशुद्ध राजनीति मात्र गर्ने, समय मात्र गुजार्ने, कक्षा नलिनेहरूका लागि त तपाईंको आलोचना सही हुन सक्ला तर निरन्तर मिहिनेत गर्ने र निर्धारित जिम्मेवारी पूरा गर्दै गरेको म जस्तो शिक्षकका लागि भने तपाईंको यो आरोपले मुटुमा काँडा बिझेझैं बिझाइरहेको छ ।

के तपाईंल ाई थाहा छ ? सामुदायिक विद्यालयको वर्तमान अवस्था कस्तो छ ? के शिक्षक मात्र शिक्षाको गुणस्तर नसुध्रिनुका कारण हुन् त ? यी विषयहरूका बारेमा तपाईंलाई अवश्य पनि केही जानकारी गराउनु मैले कर्तव्य सम्झेको छु ।

सामुदायिक विद्यालयका महत्त्वपूर्ण तीन अङ्गहरू शिक्षक, विद्यार्थी र अभिभावक सबैको विद्यालय सुधारमा महत्वपूर्ण भूमिका हुन्छ । सबैभन्दा महत्त्वपूर्ण पक्ष विद्यार्थीहरू नै हुन् । सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू के कस्तो परिस्थिति र अप्ठ्याराबाट गुज्रिरहेका छन् भन्ने केही दृष्टान्तहरू प्रस्तुत गर्छु ।

खासगरी सहरी क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू अरूको घरमा बसेर काम गर्दै पढ्ने थुप्रै हुन्छन् । निम्न मध्यम वर्ग, निम्न वर्ग, गरिब दुखी, अशक्त अनेकन् पीडाका बिच जन्मेहुर्केका धेरै विद्यार्थी पढ्ने विद्यालय हो सामुदायिक विद्यालय । ती विद्यार्थीहरूका कथा व्यथा त परको कुरा तिनका सामान्य समस्या सम्झँदासमेत हामी सबैको मन सिरिङ्ग हुन्छ । हामी त त्यही विद्यालयमा कार्यरत हुन्छौं । केही दुखद उदाहरणहरू हेर्नुहोस् ।

विद्यालयमा अनिवार्य विद्यालय पोसाक लगाएर आउनुपर्ने विद्यार्थी नलगाई आउँछ अनि रुँदै भन्छ, "सर साहुले पैसा दिएन, बाआमा टाढा छन् । अब केही दिनमा लगाउँछु ।"

सर आज मेरो गृहकार्य छैन । किन गृहकार्य नगरेको भन्दा उसले आँखाभरि आँसु टिलपिल पार्दै म घरमा काम गर्न बसेको अड्कलले कापी किन्देनन् त्यसैले हो सर !

ऐया ! ऐया ! पेट दुख्यो भन्दै छट्पटिएपछि हतार हतार गरी कक्षाकोठाबाट बोकेर ल्याएको विद्यार्थीलाई बाबु तिमीले बिहान के खायौ भनी सोध्दा उसको जवाफ सुन्दा हामी छक्क पर्छौं । तीन दिन भयो चिया र चिउरा मात्र खाएर आएको ।

सर यसले मेरो खाजा खाइदियो भन्दै झगडा गरिरहेका विद्यार्थीहरूमा खाजा खानेलाई किन यसको खाजा खाएको भनेर सोध्दा उसले भन्छ, "मलाई खाजा नै दिनुभएन अर्की आमाले ! मेरी आमा मरेको एक वर्ष भयो बाबुले अर्की आमा ल्याए । अर्की आमाले मलाई माया गर्दिनन्, उनका छोराछोरीलाई मात्र गर्छिन, मलाई त पिट्छिन् !"

कुनै विद्यार्थी गृहकार्य नगरी आउँछ । किन भन्ने प्रश्नमा उसको उत्तर हुन्छ, घरमा झगडा परिरहन्छ । बुबा रक्सी खाएर मातेर आएपछि नानाभाँती भनेर निहुँ खोज्नुहुन्छ र आमाबाबुको झगडा पर्छ । हाम्रो भाडाको एउटा मात्रै कोठा छ । त्यहीं खानेबस्ने र सुत्ने पढ्ने त्यही एउटा मात्र कोठा छ । त्यसैले मेरो पढ्ने वातावरण नै छैन ।

यी त केही प्रतिनिधिमूलक उदाहरणमात्र हुन् । सामुदायिक विद्यालय र कक्षाकोठामा हुने चरम धार्मिक, सांस्कृतिक, भाषिक तथा वर्गीय विविधता लेखिसाध्य छैन । कतिपय सामुदायिक विद्यालयमा वर्षैभरि भर्ना गर्नुपर्ने बाध्यता, कक्षाभरि अटाइनअटाई विद्यार्थी राख्नुपर्ने बाध्यताले सिक्ने वातावरण सहज छैन । सामान्य आधारभूत ज्ञान नभएको विद्यार्थी माथिल्लो कक्षामा जाने र त्यसलाई पढाउनै पर्ने बाध्यता अत्यन्त कठिन परिस्थिति हो भन्ने कुरा शिक्षकभन्दा बाहेक कसैले बुझ्ने सक्दैन ।

**मित्र,**

विद्यालयमा पठनपाठन सञ्चालन गर्न शिक्षक मात्र जिम्मेवार भएर पुग्दैन, त्योसँग जोडिएका अन्य धेरै कुरा पनि हुन्छन् भनेर सम्झाउने कोही भएको भए आजसम्म तपाईंको दृष्टिकोणमा धेरै परिवर्तन आइसकेको हुने थियो तर अपसोच त्यसो हुन सकेन ।

विद्यालयलाई चुस्तदुरुस्त बनाइराख्ने एउटा महत्त्वपूर्ण पक्ष हो विद्यालय व्यवस्थापन समिति, महत्वपूर्ण नीतिगतलगायतका विविध पक्षमा निर्णय गर्ने तथा वातावरण निर्माण गर्ने यो समिति गठन हुँदा हुने गरेको चरम राजनीतिबाट नेपाली समाज आजित भइसकेको छ । देशभर यो समिति गठनको प्रक्रियालाई हेर्ने हो भने कतै आमनिर्वाचनको झल्को दिने गरी चुनाव गरिन्छ भने केही राजनीतिक दलहरूको प्रत्यक्ष संलग्नतामा तिनीहरूका स्थानीय नेताहरू राजनीति गर्न नै समितिमा संलग्न हुन्छन् । विद्यालय व्यवस्थापन समितिको पदाधिकारी बन्न पैसा खर्च गर्ने, पार्टीका नेताहरूसँग नाजायज राजनीतिक गतिविधि गर्ने, राजनीतिक दल परिवर्तन गर्नेलगायतका विविध अशोभनीय गतिविधि हामी देख्न पाउँछौं । यस्तो प्रक्रियाबाट

गलत प्रवृत्ति भएका, अशिक्षित, अनपढ, मूर्ख व्यक्तिहरू समितिमा छानिन सक्ने सम्भावना रहन्छ ।

विद्यालयका तमाम महत्त्वपूर्ण निर्णयहरू गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको हुन्छ । विद्यालय प्रशासन सञ्चालन गर्ने प्रधानाध्यापकको नियुक्ति प्रक्रियादेखि विद्यालयभित्रका विविध आन्तरिक जिम्मेवारी बाँडफाँडलगायतका धेरै नीतिगत निर्णय यस समितिले गर्नुपर्ने हुन्छ । जब समिति नै ठुलो दबाब, प्रभाव र राजनीतिबाट आएको हुन्छ भने उसले गर्ने निर्णय पनि त्यस्तै प्रकारको हुनु स्वाभाविकै हो ।

सामुदायिक विद्यालयको गुणस्तर वृद्धिमा अर्को सबैभन्दा महत्त्वपूर्ण पाटो हो विद्यालय प्रशासन सञ्चालन गर्दा प्रधानाध्यापकले खेल्ने भूमिका । विद्यालय व्यवस्थापन समिति र शक्तिमा रहेको राजनीतिक दलले आफ्नो प्रभावले आफू निकट प्रधानाध्यापक नियुक्ति गर्नु नेपाल जस्तो देशमा सामान्य नै हो । त्यसरी नियुक्त भएर बन्ने प्रधानाध्यापकले कार्य सम्पन्न गर्दा आआफ्नै जटिलता सामना गर्नुपर्ने नै भयो । सही मान्छे सही भूमिका को अवधारणाअनुसार जिम्मेवारी बाँडफाँड गर्न त्यहाँको स्थानीय राजनीतिक दल र विद्यालय व्यवस्थापन समितिको प्रभावले प्रधानाध्यापक असफल हुन्छ । फलस्वरूप राम्रा मान्छेभन्दा हाम्रा मान्छे हावी हुन्छन् भने कहिलेकाहीँ कक्षा १२ सम्म सञ्चालन हुने विद्यालयमा समेत प्रावि तृतीय दरबन्दी भएकाहरू, न्यून शैक्षिक योग्यता भएकाहरूसमेत प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, संयोजकलगायत महत्वपूर्ण पदमा पदासीन हुन् पुग्छन् । कतिपय विद्यालयमा कसैको दबाब या प्रभावका कारणले मात्र नभई आफ्नै असक्षमताका कारण पनि प्रधानाध्यापकले विद्यालयमा नियमितरूपमा सञ्चालन गर्नुपर्ने कतिपय महत्त्वपूर्ण कार्यहरू सञ्चालन गर्न सक्दैनन् ।

**आलोचक मित्र,**

सामुदायिक विद्यालय चुस्त र दुरुस्त बनाउन अर्को महत्त्वपूर्ण पक्ष हो अभिभावक । माथि उल्लेख गरेका केही विद्यार्थीका उदाहरणहरूले समेत धेरै कुरा प्रस्ट भएको छ । धेरै अभिभावकहरूले सामुदायिक विद्यालयलाई फोहोर जम्मा गर्ने ठाउँजस्तो सोचेको पाउन सकिन्छ । विभिन्न कारणले गलत व्यवहारमा लागेको, उमेर धेरै भएको, अनुशासनमा नरहने खालका विद्यार्थी मात्र होइन घरेलु कामदार जसलाई पूरै समय घरधन्दामा लगाउने र स्कुल जाने समयमा मात्र सरकारी स्कुल त हो नि भन्दै स्कुल पठाउने गलत प्रवृत्तिले कसरी विद्यार्थीको शैक्षिक गुणस्तर राम्रो हुन् सक्छ ? दिनरात मजदुरी गर्ने र आफ्ना छोराछोरीलाई समय दिन नसक्ने, एउटै कोठामा छ/सात जनाको परिवार अट्नुपर्ने, मादक पदार्थ सेवन गरेर आमाबाबुको झगडा परिरहने, बिहानबेलुका छाक टार्न समेत कठिन हुने बालबालिकाले कस्तो शैक्षिक वातावरण पाउलान् र हामीले गुणस्तरीय शिक्षा दिन सकिएला ? विद्यालयमा कुनै दिन पनि अभिभावक आएर आफ्नो बच्चाका बारेमा नबुझ्ने अनि विविध परिस्थितिका कारण विद्यार्थी गलत सङ्गत र व्यवहारमा लाग्ने अनि त्यो मनस्थिति भएको विद्यार्थीको नतिजा कसरी सुध्रिएला ?

**आलोचक मित्र,**

वर्षौंदेखि विभिन्न किसिमका शिक्षकहरू (स्थायी, अस्थायी, राहत, करार, अनुदान आदि) का तमाम समस्या छन् । राज्यले शिक्षकलाई सधैं बेवास्ता र अपमानको नीति लिएको छ । देशको भविष्य निर्माण गर्ने भविष्यका कर्णधारको विकास गर्ने शिक्षकलाई समाजले अपमानको नजरले हेरेको छ । राज्य पूरै शिक्षा क्षेत्रका तमाम समस्या र विकृतप्रति उदासीन छ । शिक्षकका विभिन्न मागहरू सम्बोधन गर्ने भन्दै सम्झौता गर्ने, त्यसलाई लत्याउने कार्यले शिक्षकको मनोबल कसरी बढ्न सक्छ ?

वर्षौंदेखि ल्याउने भनिएको शिक्षा ऐन आएको छैन, संवैधानिक शिक्षक सेवा आयोगको गठन भएको छैन, शिक्षामा २०% लगानी छैन, संविधानमा व्यवस्था भएअनुसार आधारभूत तह निःशुल्क छैन, उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन सार्वजनिक भएको छैन, उमावि शिक्षकको स्थायीको प्रक्रिया अगाडि बढेको छैन, राहतलाई दरबन्दीमा परिणत गरी स्थायी गर्न पहल भएको छैन, बाल विकास शिक्षक, विद्यालय कर्मचारीको तलब बढेको छैन, आवश्यक शिक्षक दरबन्दी थपिएको छैन, शिक्षक अस्पताल बनेको छैन । यी र यस्ता कैयौं समस्या र चुनौतीहरू तत्काल समाधान गर्नुको सट्टा राज्य बेखबर जस्तै छ ।

अन्त्यमा, सामुदायिक विद्यालयमा चुस्तदुरुस्त प्रशासन, मितव्ययिता, आर्थिक पारदर्शिता, सहभागितामूलक निर्णय प्रक्रिया, अपनत्वको भावना, सबैको भावनाको कदर गर्ने संस्कृतिको विकास गर्नुपर्छ । विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनले आआफ्नो अधिकार क्षेत्रमा रही एकअर्काको सम्मान गर्दै कार्य सम्पादन गर्नुपर्छ । विद्यार्थी नियमित तथा अनुशासित हुनुपर्छ भने अभिभावक चनाखो भए पुग्छ । प्रधानाध्यापकले कुशल नेतृत्व गर्दै शिक्षकले आफ्नो जिम्मेबारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ ।

देशमा हुने विविध राजनीतिक उतारचढावले विद्यालयमा समेत अवश्य प्रभाव पर्छ । राजनीतिकलगायत अन्य विविध कारणले सामुदायिक विद्यालयमा कक्षा नलिने, बेवास्ता गर्ने र तलबमात्र खाने शिक्षकलाई तपाईंको आलोचना सही हुन सक्छ तर आफ्नो दैनिक तालिकाअनुसार कक्षा लिने, चुस्तदुरुस्त विद्यालय प्रशासनका लागि निरन्तर लागि पर्ने, आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्ने एउटा शिक्षकका लागि भने यो आलोचना अस्वीकार्य छ । त्यसैले तपाईंको आलोचनालाई पुनर्विचार गर्ने कि ?

यो चिठी पढेपछि फेरि यही समाजको कुनै कुनामा भेटौंला ।

धन्यवाद, नमस्कार

# The core causes and potential challenges to Nepal's education dilemma.

**Nabaraj Bhatta**
Bhakti International Academy
Budhanilkantha-07

Education is the foundation of any nation's development, and Nepal is no exception. However, this nation's education system has substantial problems that limit its ability to provide great learning opportunities to all of its residents. In this article, we will discuss about the core causes and potential challenges to Nepal's education dilemma.

**Nepal's Educational Situation**

Over the years, Nepal has made achievements in expanding access to education, with increased enrollment rates and school expansion. Several major difficulties, however, remain:

1. **Quality Disparities:** While access to education has improved, there remain significant differences in educational quality between urban and rural areas. Rural schools frequently lack enough facilities, trained teachers, and instructional materials.

2. **Teacher Shortages:** Nepal is suffering from a teacher shortage, particularly in remote areas. This has an impact on the quality of education that kids receive.

3. **Curriculum Issues:** The Nepalese curriculum has been criticized for being too theoretical and unrelated to the needs of the labor market. It frequently fails to provide pupils with real-world skills.

4. **Gender gaps:** Gender gaps in education exist, with females in some places encountering enrollment and retention challenges such as early marriage and household obligations.

5. **High dropout rates:** Many Nepalese students do not complete their education due to financial issues, a lack of interest, or the necessity to contribute to family income.

6. **Linguistic Diversity:** Because there are different languages spoken throughout Nepal, linguistic diversity poses educational obstacles. It is still difficult to ensure that children receive an education in their mother tongue.

**The Effect on Society:**

The education problem in Nepal has far-reaching societal consequences:

1. **Unemployment:** A mismatch between educational skills and job market demands adds to excessive youth unemployment.
2. **Poverty:** It is perpetuated by a lack of access to decent education, since individuals struggle to find well-paying work without necessary skills.
3. **Social Inequality:** Education differences deepen socioeconomic inequality, with underprivileged people and rural areas bearing the brunt of the burden.
4. **Slow Economic Growth:** A poorly educated workforce can have a negative impact on a country's economic growth and development.

**Resolving the Crisis**

Addressing Nepal's education crisis demands a different approach:

1. **Infrastructure Investment:** The government should prioritize the construction and maintenance of educational infrastructure, particularly in rural areas.
2. **Teacher Training:** Focusing on teacher training and retention measures can help to increase educational quality.
3. **Curriculum Reform:** A more practical, skills-based curriculum can help students prepare for the labor market.
4. **Gender Equality:** Increasing access to and completion of education for girls through promoting gender equality through awareness campaigns and policies.
5. **Inclusive Education:** Policies should encourage education in multiple languages and ensure that children with disabilities are included.
6. **Community Involvement:** Involving communities in educational decision-making and management can result in improved outcomes.

The education problem in Nepal is a complicated issue that will require serious actions from the government, society, and international organizations. By addressing quality, access, and relevance issues, Nepal can pave the way for a brighter future in which every citizen has the opportunity to acquire a quality education, enabling them to contribute to the nation's growth and development.

# सुपरग्लूले टालेको जुत्ता

शान्ता बुढाथोकी

प्रधानाध्यापक, भद्रकाली आ.वि, बुढानीलकण्ठ-६

विवेकलाई आज पटक्कै निद्रा लागेको छैन । रातमा दुई बजिसक्यो उफ् रात पनि कति लामो यता कोल्टे फर्कन्छ फेरि उता कोल्टे फर्कन्छ , लामो सास लिन्छ दिनमा आफुले बुबालाई गरेको गाली सम्झन्छ । मनमा हजार थरिका कुराहरू खेलेर उसलाई निन्द्रा नै पर्दैन । उसको आँखा अगाडि पाँच रूपैयाँको सुपर ग्लुले जुत्ता टाल्दै गरेका बुबाकै अनुहार झलझली आउँन थाल्छ । यसरी नै उ निदाउन नपाउँदै बिहानको चार बज्छ, कुखुराको भाले कुखुरी काँ .... गर्छ । त्यति नै बेला उसको बुबा खोक्दै उठ्नुहुन्छ । उस्को कोठासँगै जोडिएर रहेको हुँदा आवाज प्रस्ट सुनिन्छ । आमाको सानो आवाज आउँछ । विवेकका बुबा, तपाईं आज आराम गर्नुहोस् । खोकी लागेको छ उठ्नुपर्दैन । म उठ्छु , गाईको कुँडो बसाल्दिन्छु । तपाईं बिस्तारै उठ्दा हुन्छ, त्यो धुवाँले तपाईको खोकी अझ बढ्न सक्छ । आमाको कुराबाट पल्लो कोठाको विवेकलाई आज बुबा अलि सन्चो नभएको थाहा हुन्छ । ऊ जुरुक्कै उठेर गोठ छेउको कुँडो पकाउने अगेना भएको नजिक राखिएको दुईओटा बाल्टिन लिएर धारातिर लाग्छ । एक्कासी आमा उसलाई देखेर झसङ्ग हुन्छिन् र भन्छिन् कस्तो रहेछ यो त, को पो हो भनेर झण्डै सातो गएन मेरो । हुन पनि जहिले छ बजे कलेज हिँड्ने छोरो, फेरि कहिल्यै पनि सिन्को नभाँच्ने छोराको हातमा एकाबिहान दुईओटा भरी बाल्टिन पानी । छोराको एकाबिहानको चुरीफुरी देखेर उनी तीन छक पर्छिन र सोध्छिन्, “ए विवेक” आज किन चाँडै उठेको आज कलेज छिटै जानुपर्ने हो र ? होइन आमा, अब आजदेखि म पनि यसो चाँडै उठ्छु भनेर हो ।

बिबेक त्यसपछि धारामा गएर हातमुख धोएर दुई बाल्टी पानी बोकेर आउँछ । त्यसपछि आमा छक्क पर्दै होइन यसलाई पानी ल्याउने जाँगर कहाँबाट चल्यो आज भन्दै आमा धारातिर जान्छिन् । धारामा हात मुख धोएर आउँदा त बिबेकले आफूले ल्याएको पानी डेक्चीमा राखेर आगो बाली कुँडो अगेनामा बसाली सकेको हुन्छ । आमा भन्छिन, किन आगो बालेको हात भरि कालो लागिहाले छ फेरि एकै छिनमा कलेज हिँड्ने मान्छे छोड् छोड् आमाको कुरो सुनेर उ भन्छ, “आमा आजदेखि यो गाईको कुँडो पकाउने काम चाहि मेरो जिम्मा है ? सधैं बुबाले गर्नुहुन्थ्यो, अबदेखि म बिहानै उठेर पानी ल्याउने र कुँडो पकाउने काम सकेर मात्र कलेज जान्छु है?” आमा अझ छक्क पर्छिन् र अनि भन्छिन्, “के भन्छ यो ? होस्, पर्दैन के हामी छौं दु.ख नगर छोरो तँ खाली राम्रोसँग पढेर हामीलाई शान्ति देउ, त्यति भए पुग्छ बाबु ।” विवेक भने छ्या आमा अब केही त काम गर्न दिनुहोस् । त्यसपछि विवेक अगेनामा दाउरा थप्नतिर लाग्छ । आमाचाहिँ कोठातिर लाग्छिन् । त्यति खेरसम्म बुबा पनि उठिसक्नु भएको हुन्छ ।

आमा भन्छिन्, “आज त अचम्मै भयो विवेकको बा, म कुँडो बसाल्न भनेर अगेनामा गएको त विवेकले

कुँडो बसाल्देछ । फेरि पानी पनि आफैं ल्याएछ, मैले पर्दैन भनेको त । उसले उल्टो अबदेखि बुबालाई बिहान धुवाँमा बस्न नदिनु, अबदेखि यो काम मेरो भागमा पो भन्छ । बिवेकका बुबा पनि कुरा सुनेर छक्क पर्छन् । हिजोको कुरा सम्झन्छन् । हिजोदेखि बिवेक धेरै बोलेको पनि छैन, बिहानसम्म सबै साथीहरू बाइक लिएर आउँछन् । आफू भने स्नातकको अन्तिम बर्षसम्म एउटा बाइक छैन, यस्ता कन्जुस बाले के बाइक किन्दिथे, लोभी बा भनेर गाली गर्दै थियो । फेरि आजचाहिँ के भएछ त्यसलाई ? यतिकैमा बिवेक दुई गिलास चिया ल्याएर टेबलमा राख्छ र भन्छ तपाईंहरू चिया पिउनुहोला । मैले खाए अनि कुँडो पनि पाक्यो गोठको भकारो पनि निकालिदिएँ, अब म कलेजतिर लागेँ है ? । बुबा अझ जिल्ल पर्नुहुन्छ, जहिले कलेज जाँदा सय रूपैयाँ चाहियो । छिटो दिनु भन्दै झर्की फर्की गर्ने छोरोलाई के भयो ? पैसा पनि मागेन आज । यस्तैमा दिनको ११ बज्छ, बिवेकका बुबा दुध बेच्न बजार गएका हुन्छन् । आमा घरकै काममा व्यस्त थिइन् । बिवेक घर आइ हतार हतार खाना खाएर डोको लिएर स्याउला काट्न जान्छ । एकै छिनमा बुबा घर आउँछन् । आमाले छोराको आजको सबै बृत्तान्त सुनाउँछिन, बुबा भने छोरामा आएको परिबर्तनप्रति शका गर्छन र भन्छन् मोराले बाइकको लागि फकाउन पो थाल्यो कि के हो ? बिवेककी आमा यसपालि बिवेकलाई जसरी पनि एउटा बाइक किनिदिनुपर्‍यो । हुन पनि कस्ता कस्ता मान्छे बाइकमा हुँइकन्छन् । त्यही देखेर यसले पनि रहर गर्‍यो ।

साँझमा जब बिवेक सबै काम सकेर कोठामा गृहकार्य गर्न थाल्छ । सधैँ साँझ साथीहरूसँग घुम्न निस्कने बिवेकको त घैंटोमा घाम लाग्यो जस्तो छ, आमाले भन्नुभयो । यसरी नै दिन, हप्ता, महिना गर्दा गर्दै सात महिना भयो घरको काममा सघाइदिने कलेज जाने फुर्सदमा पढेर बस्ने, बिवेकमा आएको यस किसिमको परिवर्तनले बुबाआमालाई खुसी बनायो । एक दिन साँझ बिवेकका बुबा आफूले जम्मा गरेर राखेको पैसाको थुप्रो गन्दै थिए । पैसा जम्मा एक लाख ३५हजार भएको रहेछ । आमा पनि सँगै थिइन, बुबाले भने, "हेर बिवेककी आमा आजभोलितिर बिवेकको पनि स्नातकको नतिजा आउँछ रे । अब डिग्री पढ्नलाई सदरमुकाम पठाउनुभन्दा यहीँ घरदेखि नै बाइकमा जा भन्नुपर्ला । एउटा बाइक त किनिदिनु पर्ने भयो । घरबाट भए सदरमुकाम ३०/४०मिनेटमा पुगी हालिन्छ बाइकमा । आमाले पनि हुन्छ भनिन् । भोलि नै त्यसलाई लिएर गएर बाइक किनिदिने र फाइनाइन्सबाट बाँकी पैसा तिर्ने सल्लाह गर्दै बुबाआमा कुराकानी गर्दै थिए । त्यति नै बेला बिवेक हँसिलो अनुहार लगाउँदै घरभित्र पस्यो र भन्यो बुबा मेरो स्नातकको नतिजा आयो नि । मेरो मुख्य विषय अङ्ग्रेजीमा ८० प्रतिशत आएको रहेछ । यो जिल्लाभरि अङ्ग्रेजीमा प्रथम श्रेणीमा पास भए, यो खबर मैले पढेको विद्यालयका प्रधानाध्यापलाई पनि थाहा भएछ, उहाँले हाम्रो विद्यालयमा माध्यामिक तहको अङ्ग्रेजी दरबन्दी खाली छ, तिमी भोलिबाट नै विद्यालयमा पढाउन आऊ भन्नुभएको छ । अनि बुबा तपाईंलाई थाहा छ ? माध्यमिक शिक्षकको त तलब पनि ४० देखि ४५ हजार हुन्छ रे । म पनि अब शिक्षण गर्छु है ? बुबा बिवेकका कुराले अत्यन्तै खुसी हुनुभयो र भन्नुभयो बधाई छ छोरा । हाम्रो नाक राख्न सफल भयौ । हाम्रो मेहनत खेर गएन । तब बिवेक गम्भीर हुँदै बोल्यो, यो बधाईको हकदार म होइन तपाईं हो । मेरो जीवनको परिबर्तन नै तपाईं हो । जुन दिन तपाईंले उत्तम

दाइको पसलबाट पाँच रूपैयाँ पर्ने सुपरग्लुले आफूले लगाएको जुत्ता टाल्नुभयो । त्यसपछि मैले मेरो बुबाको दु.ख देखें । तपाईंले चाहेको भए नयाँ जुत्ता फेर्न सक्नुहुन्थ्यो तर तपाईंलाई मेरो स्तरीय कलेजमा पढ्ने सपना पूरा गर्नु थियो, त्यसमाथि मेरो बाइक मोहले निम्त्याएको मेरो कलह, तपाईंले जुत्ता टालेर लगाएको देखेर म आफैंलाई धिकार्न पुगें र आज म यस ठाउँमा आइपुगें । धन्यवाद, बुबाआमा यति भन्दा भन्दै विवेकका आँखाभरि आँसु भए । आमा पनि सुक्कसुक्क गर्नथाल्नुभयो । बुबा र आमाले आँसु झार्न थालेको देखेर विवेकले कुराको प्रसङ्ग बदलिदियो । बाबा, अहिले मलाई बाइकको कुनै आवश्यकता छैन । पछि लिउँला बरू त्यो सुपरग्लुले दश ठाउँमा टालेर लगाएको जुत्ताचै फाल्नुपर्‍यो । नयाँ जुत्ता ल्याउनुपर्‍यो । यति भन्दै विवेक रुन्चे हाँसो हाँस्दै घरभित्र पस्यो । आमाबुबा पनि खुसीले हर्षका आँसु पुछ्दै छोरा भित्र पसेको ढोकापट्टि हेरिरहे ।

---

**लघुकथा**

# पहराको फूल

**गंगा खड्का**
**बुढानीलकण्ठ, काठमाडौं**

ऊ बगैंचामा फुलेको फूलहरू देखेर आकर्षित भयो । त्यतै मिसिएर ऊ पनि फुल्न चाह्यो तर मालीले ठाउँ दिएन । त्यसपछि ऊ अर्को विकल्प खोज्दै कसैको करेसाबारीको एक छेउमा फुल्ने सुर कसेर गयो तर घरपटीले फुल्न दिएन । ऊ त्यत्तिमै थाकेन । उसले कसैको घरको गमलामा सजिन खोज्यो । त्यहाँ पनि अनुमति पाएन । ऊ निराश भएर पहरामा गएर फुल्यो ।

एक दिन उसलाई आफूले फुल्न नपाएका ठाउँका फूलहरू के के गर्दै होलान् भन्ने जिज्ञासा लाग्यो । ऊ तिनीहरूका अवस्थाबारे बुझ्न हिँड्यो । कुनै फूल शवयात्रामा प्रयोग गरिँदै रहेछन् । कुनै फूल विभिन्न उत्सवमा प्रयोग भएर ओइलिँदै रहेछन्, कुनै फूलचाहिँ प्रयोगपछि फालिँदै रहेछन् ।

ऊ अझै अगाडि बढ्ने क्रममा साहित्यिक महोत्सव सञ्चालन हुँदै रहेछ । त्यहाँ एक जना कवि कविता मार्फत पहराको फूलको खुब गुणगान गाउँदै रहेछन् ।

उसले सोच्यो, "जिन्दगीमा जे हुन्छ राम्रैका लागि हुन्छ ।"

# विद्यालय शिक्षा ऐन र यससँग गाँसिएका केही विषय

**पारसमणि दाहाल**

**महासचिव, नेसनल प्याब्सन**

निजी लगानीका विद्यालयहरूको सन्दर्भलाई लिएर समय समयमा तातो बहस चल्ने गरेको छ। अहिले यो बहस विद्यालय शिक्षा ऐनसँग जोडिएर आएको छ। प्रत्येक वर्ष चैत्र वैशाख महिनामा अस्थायी रूपमा नै सही तर वर्षौंदेखि वस्तुगत ढङ्गले समाधान हुन नसकेको वा सम्बन्धित पक्षले समाधान गर्न इच्छाशक्ति नदेखाएको एउटा आम चर्चाको विषय हो, विद्यालयहरूले लिने शुल्क । पछिल्लो समयदेखि विद्यार्थीको किताब, कापी, पोसाक आदिलाई लिएर पनि राष्ट्रिय चर्चा हुन थालेको छ। एकातिर सडकदेखि सदनसम्म विद्यालय शिक्षा ऐनलाई लिएर शिक्षा क्षेत्र तातिरहेको छ भने विभिन्न पालिकाहरू विद्यालयका भण्डार कक्षमा छापा मार्ने कार्यमा तल्लीन छ।

आधा सताब्दीदेखि मुलुकको शिक्षा क्षेत्रलाई डोऱ्याउँदै आएको विगतको शिक्षा ऐनलाई प्रतिस्थापन गर्दै आउन लागेको विद्यालय शिक्षा ऐन अहिले सङ्घीय संसदको कठघरामा विभिन्न पार्टीका सांसदहरूको जुहारीको विषय बनेर बसेको छ। निजी विद्यालयहरूको आयु निर्धारण गर्नेदेखि लिएर कर्जा र दायित्व फरफारक गरी सबै सम्पत्ति सरकारलाई बुझाउँनुपर्नेसम्मको प्रावधान समेटिएको विद्यालय शिक्षा ऐन लालमोहर लागेर बजारमा आउँदा कस्तो रूप र रङमा आउँन हो त्यो भने हेर्न बाँकी नै छ।

२०२८ सालमा जन्मिएको शिक्षा ऐनले झण्डै ३० वर्ष पञ्चायती शासनको आज्ञाकारी मानसपुत्रको रूपमा जीवन निर्वाह गर्नुपऱ्यो । पञ्चायती शासकको शासनयन्त्रलाई टिकाइराख्न मानसपुत्र शिक्षा ऐनले पञ्चायती मन्त्री फेरिने बित्तिकै संसोधनको कसीमा रापिनु पर्थ्यो । सरकारी विद्यालयमा आफ्ना मान्छेलाई जागिर खुवाउन होस् वा आफू अनुकुलको प्रधानाध्यापक चयन गरेर भौतिक निर्माणमा छुट् याइएको बजेटको कमिसनको भाग आफू समक्ष आइपुग्ने सरल बाटो तय गर्न होस्। यिनै स्वार्थका कारण मन्त्री फेरिए लगत्तै शिक्षा ऐनले संसोधनको कठघरामा उभिनुपर्थ्यो । यस कालखण्डमा नेपालका समग्र ऐनहरूमध्ये सायदै शिक्षा ऐन मात्रै त्यस्तो ऐन बन्यो जसले संसोधनको म्याराथुन आयोजना गरिएको भए प्रथम पुरस्कार नै पाउने थियो। पुरस्कार दिने मेसो नभए तापनि शिक्षा ऐनमा गरिएको संसोधनले ऐनको सिङ्गो स्वरूप नै ऊट जस्तो बन्न पुग्यो । तत्कालीन ऐनले शिक्षाको राष्ट्रिय उद्देश्य, दीर्घकालीन नीति, प्रतिफल र शैक्षिक जनशक्तिको आवश्यकता जस्ता आधारभूत कुराहरूको राजमार्गलाई धेरै पछाडि नै छाडिसकेको थियो ।

पञ्चायती कालखण्ड पश्चात २०४६ सालदेखि मुलुकले अङ्गीकार गरेको बहुदलीय प्रणाली अन्तर्गत गठन भएका सरकार र त्यसका शिक्षा मन्त्रीहरूको सोच र कार्यशैली पनि पञ्चायती मन्त्रीहरूको भन्दा भिन्न रहन सकेन। केही पटकको संसोधन पश्चात पछिल्लो समयका सरकारका मन्त्रीहरूले त शिक्षा ऐन

संसोधनको विधेयक संसदको ढोकासम्म पुऱ्याउननै सकेनन् । मन्त्रीको व्यक्तिगत स्वार्थ, पार्टीको स्वार्थ, बिभिन्न सङ्घसङ्गठनहरूको दबाब र शिक्षामा छुट्याउने बजेटकै कारण शिक्षा ऐनलाई संबिधान सम्मत र समयसापेक्ष संसोधन र परिमार्जन गर्ने हिम्मत पछिल्लो समयका शिक्षा मन्त्रीहरू र सरकार प्रमुखले गर्न नै सकेनन् ।

अहिले 'न हाँसको चाल न कुखुराको चाल' को गतिमा मुलुकको शिक्षा ऐन 'विद्यालय शिक्षा ऐन'को जामा पहिऱ्याएर सङ्घीय संसदमा प्रवेश गराइएको छ । प्रस्तावित विद्यालय शिक्षा ऐनलाई मुलतः सरकारी विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूले नै अस्वीकार गर्दै आउनुभएको छ । हाँस्यास्पद कुरा त के छ भने, त सरकारी विद्यालयका शिक्षक कर्मचारीहरूले यो ऐनलाई स्वीकार्न सक्नुभएको छ न त अन्य शिक्षा सम्बद्ध सरोकारवालाहरूले । प्रस्तावित यो ऐनको मर्म र भावना त निजी लगानीमा सञ्चालनमा रहेका विद्यालयहरूको उपस्थितिकै कारण मुलुकको शिक्षा लथालिङ् र भताभुङ्ग भएको हो भन्ने दुरासयले नै काम गरेको देखिएको छ । सबैले  बुझ्नुपर्ने विषय त के हो भने, निजी लगानीका विद्यालयहरूको लगानी र व्यवस्थापन मात्र निजी हो । पाठ्यक्रम, परीक्षा तथा शैक्षिक क्रियाकलापहरू त त्यही ऐन अन्तर्गत रहेर सञ्चालन गरिएकाछन् जुन सरकारी विद्यालयहरूका लागि पनि हो । निजी लगानीका विद्यालयहरूका लागि हालसम्म सरकारले छुट्टै ऐन बनाएको छैन,जुन ऐनको कारणले निजी लगानीका विद्यालयहरूले प्रचुरमात्रामा फाइदा उठाएर उनीहरू वाहवाहीको पात्र बनेका हुन र त्यही ऐन कै कारण सरकारी लगानीका विद्यालयहरू यथास्थानबाट उठन नसकेका हुन !

हाल संसदमा प्रस्तुत गरिएको विद्यालय शिक्षा ऐनलाई अझै वस्तुपरक ढङगले पुर्वाग्रहरहित भएर निर्माण गर्ने हो भने यसले मुलुकको विद्यालय शिक्षालाई सही मार्गमा डोऱ्याउने छ । निजी लगानीको सुरक्षा, सम्पत्तिको हस्तान्तरण, बदलिंदो विश्व व्यवस्थाको माग र आवश्यकता परिपूर्ति गर्ने पाठ्यक्रम लगायतलाई सम्बोधन हुने गरी निजी विद्यालय शिक्षा ऐन बनाउन जरुरी छ । प्रस्तावित विद्यालय शिक्षा ऐनलाई अझ चुस्त र परिपक्व बनाउने हो भने सरकारी विद्यालय र निजी लगानीमा सञ्चालनमा रहेका विद्यालयहरूको छुट्टाछुट्टै ऐन बनाउनु बुद्धिमानी हुने छ । लगानी र व्यवस्थापनको दृष्टिले सरकारी र निजी विद्यालयहरू आधारभूत रूपमै भिन्न प्रकृतिका संस्था हुन । यी दुवै प्रकृतिका संस्थाहरूले प्रदान गर्ने सेवाको राष्ट्रिय उद्देश्य एउटै हो । लक्ष्य र गन्तव्य एउटै हो । मात्र हिंड्ने बाटो फरक तर पुग्ने ठाउँ पनि एउटै हो ।

मुलुकमा रोजगारीको चरम अभावका कारण दिनानुदिन विदेशिने नेपालीहरूको ग्राफचित्र सगरमाथाझैं उच्च बन्दै गएको छ । यसको दोषारोपण निजी लगानीका विद्यालयहरूले मुलुकमा दुई प्रकारको नागरिक तयार गऱ्यो भन्ने आम बुझाइ त तर निजी होस् वा सरकारी शिक्षालयहरूले त मात्र शिक्षा दिने हुन् । उत्पादित जनशक्तिलाई व्यवस्थापन गर्ने, रोजगारी दिने निकाय त निजी लगानीका विद्यालयहरू पक्कै होइनन् । यस्तो आम बिषयलाई नजरअन्दाज गर्दै सम्पूर्ण दोष निजी लगानीका विद्यालयहरूलाई थोपर्नु अन्याय नै हो ।

सरकारी वैदेशिक रोजगार विभागको भर्खरैको तथ्याङ्कअनुसार २०७९ फागुन महिनामा ६२ हजार नेपाली बिदेसिए । २०७९ माघ महिनामा ६४ हजार २ सय ८४ जना बिदेसिए भनिएको छ ।

मुलुकको सातओटा जिल्लाहरूबाट मात्र २०७९ फागुन महिनामा निम्नानुसार नेपालीहरू बिदेसिएको तथ्याङ्कले सार्वजनिक गरेको छ :

| | |
|---|---|
| धनुषा | ३,१२९ |
| झापा | २,७३५ |
| मोरङ | २,३९६ |
| सिराहा | २,३४५ |
| महोत्तरी | २,३०५ |
| रूपन्देही | १,८१६ |
| सर्लाही | १,७२५ |

२०७९ फागुन महिनामा बिदेसिने नेपालीहरूमध्ये ४२,७१८ जना दक्ष थिए । १३,५८० जना अदक्ष थिए भने दक्षभन्दा माथिल्लो योग्यता भएका ५,४४९ जना थिए र व्यावसायिक योग्यता भएका ६८ जना र उच्च दक्षता भएकाहरू जम्मा ३० जना नेपालीहरू बिदेसिएको तथ्याङ्क वैदेशिक रोजगार विभागको छ। के यी सबै नेपालीहरू निजी विद्यालयमा नै अध्ययनगर्नेहरू हुन त ? अब प्रश्न उठ्नु स्वभाविक छ । के अदक्ष, दक्ष, उच्च दक्ष र व्यावसायिक योग्यता भएकाहरूलाई निजी लगानीकै विद्यालयहरूले रोजगारीको अवसरबाट बञ्चित गरेका हुन र ? अनि उनीहरू यस देशमा सम्भावना नदेखेर बिदेसिएका होइनन् र ? नीति निर्माणकर्ताहरूको ध्यान यसतर्फ जान पर्दैन र ?

निजी लगानीका विद्यालय सञ्चालकहरूले धेरै पहिलादेखि भन्दै आएको विषय हो, गुणस्तर ! उनीहरू सरकारी विद्यालयको दाँजोमा निजी विद्यालयहरूको शिक्षा गुणस्तरीय छ भन्ने भनाइमा दृढ छन् । यद्यपि सबै निजी विद्यालयहरूको गुणस्तर एउटै छैनन् र सबै सरकारी विद्यालयहरूको गुणस्तर पनि निम्न छैन तर पनि निजी लगानीका विद्यालयहरू र सरकारी विद्यालयलाई एकै ठाउँमा राखेर तुलना गर्ने हो भने निजी लगानीका विद्यालयहरूको गुणस्तर सरकारी विद्यालयको भन्दा राम्रो छ । परीक्षाको नतिजालाई गुणस्तरको औजार मानेर यी दुई प्रकारका विद्यालयहरूलाई तौलने हो भने कक्षा दश र बाह्रको नतिजा नै काफी छ । अझ विकल्पको रूपमा रहेका निजी र सरकारी स्कुलको तुलना गर्दा सित्तैमा पढाउन पाउने व्यवस्था गरिएको सरकारी स्कुल र महँगो शुल्क तिरेर निजीमा अभिभावकले आफ्ना सन्तान पढाउन इच्छा देखाउनु नै निजी विद्यालयहरूप्रतिको आकर्षण हो । आखिर अभिभावकहरू त मूर्ख छैनन् जोसँग पैसा बद्ता भएको होस् ! अभिभावकहरूले विकल्पमध्ये निःशुल्क रूपमा स्तरीय शिक्षा प्राप्त हुने सरकारी विद्यालय छाडेर महँगो शुल्क तिरेर पढाउनुपर्ने निजी विद्यालयहरू छान्नुन् ।

अहिलेको प्रतिस्पर्धात्मक विश्वमा अन्य वस्तु र सेवा जस्तै विद्यालयको शुल्क पनि माग र आपूर्तिको

सन्तुलनले निर्धारण हुने बिषय हो । प्रतिस्पर्धात्मक बजार व्यवस्थाले विद्यालयहरूको सेवाको गुणस्तर र मूल्य निर्धारण गर्छ । अतः सेवा दिने निजी विद्यालयहरू र सेवा लिने अभिभावक, विद्यार्थीहरूको आपसी मञ्जुरी र लाभ तथा लागतका आधारमा शुल्क निर्धारण गर्ने परिपाटीलाई स्थापित गर्नुपर्छ । सरकारले शुल्क तोक्ने वर्तमान परिपाटी बन्द गर्नुपर्छ । यदि कुनै पनि विद्यालयले लागतभन्दा अधिक शुल्क लिएको अभिभावकले महसुस गरेमा प्रतिस्पर्धात्मक बजारको सिद्धान्त अनुसारै अभिभावक वा विद्यार्थीले त्यो विद्यालय छाडेर अर्कोमा जानसक्ने अवस्था छँदैछ किनकि सबै निजी लगानीका विद्यालयहरू एउटै प्रकृतिका छैनन् र हुन पनि सक्दैनन् । यसैले सरकारले निजी लगानीका विद्यालयहरूलाई विशिष्ठ, क, ख र ग श्रेणीमा विभाजन गरिदिएको छ । यसले पनि अभिभावकहरूलाई आफ्नो आर्थिक क्षमताको आधारमा विद्यालय छनोट गर्ने सुविधा प्रदान गरेको छ ।

निजी विद्यालयहरूको श्रेणी विभाजन गरेकै कारण आज धनीले मात्र निजी लगानीका विद्यालयहरूमा पढाउने भन्ने हल्ला पनि अन्त्य भएको छ । आफ्नो बच्चाको पढाइप्रति चिन्तित मध्यम र निम्नमध्यम वर्गका अभिभावकले पनि गच्छेअनुसार निजी लगानीका विद्यालयहरूमा पढाउन सक्ने अवस्था निर्माण भएको छ । यो क्रम सहरमा मात्र नभएर गाउँगाउँ र दूरदराजमा समेत निजी विद्यालयको उपस्थितिले विद्यार्थीको पढाइमा सहजता थपिएको छ ।

रोजगारीको अहिलेको भयावह अवस्थामा निजामती, जङ्गी तथा प्रहरी सङ्गठन जस्ता मुलुका सम्मानित र ठुला सङ्ठित संस्थाहरूमध्ये निजी विद्यालयहरू असङ्ठित रूपमा रहेको सङ्गठित संस्था हो । यो संस्थाले महिलाहरूलाई रोजगारी उपलब्ध गराउन अग्रणी भूमिका खेलेको छ । आर्थिक सर्वेक्षण २०७८।०७९ का अनुसार सामुदायिक र संस्थागत विद्यालयमा ३८.९८ प्रतिशत महिला शिक्षक रहेका छन् । यसमा महिला कर्मचारीको गणना गरिएको छैन । मुलुकभरका विद्यालयहरूमा कार्यरत २ लाख ८० हजार ७६५ शिक्षक मध्ये १ लाख ९ हजार ४४९ जना महिला शिक्षिका रहेको तथ्याङ्क छ । रोजगारी क्षेत्रको सबैभन्दा ठुलो सङ्गठित संस्था निजामती सेवामा ८६ हजार ४६८ मध्ये २३ हजार ८ सय ५४ जना महिलाको उपस्थिति छ । प्रतिशतका आधारमा निजामती सेवामा २७.५९ महिलाको उपस्थिति देखाइएको छ । ७५ हजार ५३३ मध्ये ८ हजार ४३३ महिलाहरू मात्र नेपाल प्रहरीमा आबद्ध रहेका छन् । प्रतिशतका आधारमा महिलाहरूको उपस्थिति ११ प्रतिशत मात्र रहेको छ । सशस्त्र प्रहरी बलमा ३५ हजार ६६९ कर्मचारीमध्ये ३ हजार २४५ जना महिला जसमा ९ प्रतिशत रहेको छ । निम्न तालिकाका आधारमा पनि यसलाई तुलनात्मक अध्ययन गर्न सकिन्छ :

| सि.नं | सेवा | जम्मा | महिला | प्रतिशत |
|---|---|---|---|---|
| १. | विद्यालय<br>सरकारी/निजी (यसमा कर्मचारी समावेश गरिएको छैन) | २,८०,७६५ | १,०९,४४९ | ३८.९८ |
| २. | निजामती | ८६,४६८ | २३,८५४ | २७.५९ |

| | | | | |
|---|---|---|---|---|
| ३. | प्रहरी | ७५,५३३ | ८,४३३ | ११ |
| ४. | सशस्त्र | ३५,६६९ | ३,२४५ | ९ |

हामीले बनाएका भौतिक संरचना र सङ्घसंस्थाहरू ध्वस्त बनाउन क्षणिक प्रयासमा छिटो गतिमा गर्न सकिएला तर भौतिक संरचना होस् वा सङ्घसंस्थाहरू बनाउन त्यति सजिलो छैन् । समय पनि प्रशस्त लाग्ने गर्दछ । अहिले भर्ना पाउनै मुस्किल भएका निजी विद्यालयहरू रातारात प्रतिष्ठित बनेका होइनन् । धेरै वर्षको सङ्घर्ष, कठिन समयसँग जुभ्दै, लगानी जुटाउँदै र नोक्सानीलाई आत्मसात गर्दै विविध पक्षहरूमा अनुभव सँगाल्दै पढाइ र सेवासुविधाहरूमा वृद्धि गर्दै आजको अवस्थामा आइपुगेका हुन । यिनीहरू र यिनीहरू जस्तै निजी लगानीका थुप्रै शैक्षिक प्रतिष्ठानहरू वर्तमान अवस्थामा संरक्षणको पर्खाइमा छन् । यी शैक्षिक संस्थाहरूले मुलुकको शिक्षा विकासमा अहम् भूमिका खेल्दै आइरहेका छन् । अहिले सङ्घीय संसदमा छलफलमा रहेको प्रस्तावित विद्यालय शिक्षा ऐन ल्याउनु अघि ठुलो छाती र फराकिलो मानसिकताका साथ सबै सरोकार पक्षसँग गहन छलफल गरी ल्याउँदा लगानीकर्ता, सञ्चालक, शिक्षक, कर्मचारी, अभिभावक तथा विद्यार्थीहरूको हितमा हुने कुरामा सन्देह रहँदैन ।

# नयाँ बालबालिकालाई स्वागत

**बाल कविता**

**जानुका दाहाल**
**प्रधानाध्यापक**
**श्री श्रीराम आधारभूत विद्यालय, बुढानीलकण्ठ-४**

पढ्न आउनुस्, हे बालबालिका
स्वागत् गर्छौं सुनाई तालिका (२)

नयाँ वर्ष एकासीमा नयाँ गर्छौं काम
बुढानीलकण्ठबाटै छ यो अभियान् ।
पाठ्यपुस्तक सँगसँगै नयाँ दिन्छौं झोला
अभिभावकज्यूहरूले पठाइदिनु होला ॥

पढ्न आउनुहोस्, हे बालबालिका
सिकाउँछौं बनाई तालिका (२)

स्वास्थ्य, शिक्षा, गाँसबास खोज अधिकार
खेल्न पाउनु, पढ्न पाउनु, बाल अधिकार ।
गरिब तथा जेहेन्दारलाई छात्रवृत्ति मिल्छ
दलितका छोराछोरी, छात्रा समेटिन्छ ॥

पढ्न आउनुस्, हे बालबालिका
पढाउँछौं बनाई तालिका (२)
अपाता सपाता, समावेशी शिक्षा
अनिवार्य नि:शुल्क नै हामी सबको इच्छा ।
गरी खाने सिप दिन्छौं देखाउँछौं बाटो
हराभरा बनाउनुछ, यो ठाउँको माटो ॥

आइदिनुहोस् हे बालबालिका
स्वागत् गर्छौं हजुरलाई हामी त (२)

बिभिन्न छन् सङ्घसंस्था, सहयोगी हात
सामुदायिक विद्यालय नमुनामा गाछ ।
स्पष्ट र पारदर्शी चुस्त हिसाब राखी
सुनाउँछौं समितिलाई बृहत भेला डाकी ॥

बुझिलिनुहोस् हे अभिभावक
ढुक्क हुनुहोस् भविष्य उज्ज्वल छ (२)

गाउँ टोल घर घरै भर्ना अभियान।
वि.व्य.स. र शिक्षक जुटी घुम्यौं धेरै ठाम
गरिबी र निमुखामा, सरसफाइका कुरा
बाँडी हिँड्यौं शिक्षा प्रमुख, सुनिदिनुहोला ॥

आइदिनुहोस् हे बालबालिका
स्वागत् गर्छौं हजुरलाई हामी त (२)

नयाँ ठाउँको शैक्षिक भ्रमण अवलोकन गरी
हरेक हप्ता शुक्रबारको सिपमा शिक्षा भरी ।
सूचना र प्रविधिमा समावेश गरी ।
व्यावहारिक ज्ञान लेऊ, तिमी अघिसरी ॥

आइदिनुहोस् हे बालबालिका
स्वागत् गर्छौं हजुरलाई हामी त (२)

स्थानीय बुद्धिजीवी, वडावासी
मेयरसाहेब आफैँबाट, छ यो अभियान ।
ठाउँ ठाउँमा सिकाइका, केन्द्र खडा गरी
दिनुहुन्छ समयमै, काम हुने गरी ॥

पढ्न आउनुहोस् हे बालबालिका
स्वागत् गर्छौं बनाई तालिका । (२)

अझै पनि नानीबाबु बञ्चित हुनुहुन्न
दिवाखाजा, शुद्ध पानी सिक्न भुल्नुहुन्न ।
छोराछोरी बराबरी आँखाका हुन नानी
अभिभावक बुबाआमा पठाइदिनुहोस् जानी ॥

पढ्न आउनुहोसु हे बालबालिका
गहना हौ यो देश भरिका (२)

सानैदेखि सिप सिक बन स्वरोजगारी
प्राविधिक शिक्षा खुले हाम्रै वरिपरि ।
इच्छाशक्ति ठुलो राख नजाऊ विदेशमा
उद्योगधन्दा यहीँ गर कमाऊ आफ्नो नाम ॥

पढ्न आउनुहोस् हे बालबालिका
स्वागत् गर्छौं हजुरलाइ हामी त (२)

शिवपुरी जलाधार बग्छ चिसो पानी
नारायणस्थान, कपन गुम्बा, भद्रकाली नामी ।
बालीनाली अनेक फल्छ, रैथाने छ खाना
बजार मेला, वृत्ति मेला, उत्सुकभाछ लान ॥

छिटै आउनुहोस् हे बालबालिका
घुमाउने छौं यो नगरपालिका (२)

# लैङ्गिक समानता र महिला सशक्तीकरण

**सविरा बोहरा**

**कक्षा : ८ (बबइ), इम्पेरियल वर्ल्ड स्कुल**

महिला र पुरुषमा कुनै पनि विभेद नगरी समान अधिकार र अवसर दिनु लैङ्गिक समानता हो । महिला नेतृत्वदेखि विभिन्न प्रतिष्ठित तहहरूमा महिलाहरूलाई समावेश गराउनु तथा सबै ठाउँमा विभेदरहित तवरबाट महिलाहरूको सहभागिता गराउनु महिला सशक्तीकरण हो ।

आजको युगमा समानता र सशक्तीकरणका लागि सबैभन्दा पहिला समाज र घर घरमा चेतना फैलाउन जरुरी छ । अझै पनि हाम्रो समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा हेरिन्छ । हाम्रो देश पुरुषप्रधान देश हो. तर हाल केही परिर्वतन भएको महसुस गर्न सकिन्छ तर धेरै ठाउँहरूमा अझ यो परिर्वतन भएको छैन । लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि सर्वप्रथम महिला हिंसाको अन्त्य हुनुपर्छ । सबै प्रकारका विभेदको अन्त्य गर्नुपर्छ । क्षमताबिना महिलाहरूको सहभागिता लैङ्गिक समानता होइन त्यो लैङ्गिक समता हो । हो यसले गर्दा महिलाको क्षमता विकास हुँदैन ।

महिला आफैँमा पनि क्षमतावान् बन्न जरुरी छ । त्यसका लागि प्रत्येक घर घरबाट परिर्वतनको आवश्यक छ । शिक्षाबिना समाज परिवर्तन हुँदैन । शिक्षाबिना व्यक्ति परिर्वतन हुँदैन । अझै पनि हाम्रो समाजमा महिलाहरूलाई पढाउने वा जागिर गराउने विषयमा छोरा छोरीबिच विभेद गर्ने परिपाटी रहेको छ । महिलाका लागि छुट्ट्याएको ३३ प्रतिशत कोटा समानताभन्दा पनि सहभागिता बढाउनको लागि हो । यसले केही हदसम्म महिला सशक्तीकरणका लागि ठुलो भूमिका खेलेको छ । शिक्षामा विभेद नगरे महिलाले क्षमतावान् बन्छन् र क्षमतावान् महिलाहरूलाई राज्यका हरेक तहमा सम्मान सहभागिताको जरुरत रहन्छ । महिलाहरूको विकासको लागि विभिन्न कार्यक्रमहरू गरेमा उनीहरू स्वावलम्बन बन्न सक्दछन् ।

लैङ्गिक समानता दिगो विकासको मुख्य आधार समेत हो । विश्वभर हेर्ने हो भने लैङ्गिक विभेदको विकराल अवस्था छ । विभेद अन्त्यका लागि र महिला सशक्तीकरणका लागि थुप्रै कामहरू भएका छन् र कार्यान्वयन पनि भएका छन् । यी सबैका लागि महिला स्वयम् पनि क्षमतावान् बन्न जरुरी छ । महिला शिक्षित अनि क्षमतावान् भएमा विभेद अन्त्य हुन्छ र सबै ठाउँमा सक्रिय र प्रभावकारी सहभागिता हुन्छ ।

# नागरिक शिक्षाको आवश्यकता

**ज्ञानहरि पौडेल**

**विज्ञान माध्यमिक विद्यालय**

नागरिक शिक्षाले देशमा भएका सम्पूर्ण जनतालाई राजनैतिक ज्ञान दिनुका साथै देशको विकास निर्माणका कार्यमा सहभागी हुने र सामाजिक चेतनाको विकास गर्न मद्दत गर्दछ । आफ्नो देशको व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र संवैधानिक अङ्गहरू र तिनका काम, कर्तव्य, अधिकार र सामाजिक दायित्वको सम्बन्धमा जानकारी गराउँछ । दण्डहीनता र भ्रष्टाचारको विरुद्धमा आवाज उठाउन सहयोग गर्दछ । संवैधानिक हक, अधिकार, नीति, नियम, कानुन, विधि, र विधानहरूको जानकारी गराउनका साथै यस अधिकारको कसरी उपयोग गर्ने भन्ने क्षमताको अभिवृद्धि गर्न सघाउँछ । सामाजिक जीवनमा व्यक्तिलाई नैतिकवान् बनाउन पनि नागरिक शिक्षाको ठुलो भूमिका हुन्छ । सुस्वभाव, सुविचार, सद्भाव, सदगुणको अभिवृद्धि गर्न यस्तो शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ । यस अवस्थामा नेपालमा नैतिक शिक्षाको खडेरी परेको महसुस भएको छ । नैतिक व्यवहारको अभावमा सद्भावना, सुकर्म,सुविचार, सुवाच्य सेवाको अभाव खड्किँदै जान्छ । आज आएर समाजमा सामाजिक सद्भाव खलबलिएको अनुभव भइरहेको छ । व्यक्ति, समाज, सिङ्गो मुलुकलाई अनुशासित, मर्यादित, कर्मशील, कर्तव्यनिष्ठ, बनाउँदै असल व्यक्ति निर्माण गर्न नागरिक शिक्षाको महत्त्वपूर्ण  भूमिका हुन्छ ।

आज समाजमा अनेक प्रकारका विसङ्गति विकृति व्याप्त छन् । भ्रष्टाचार, अनियमितता बेमेल, असमझदारी, असहिष्णुता, एकअर्काप्रति विश्वासघात गर्ने परिपाटी बढिरहेको देखिन्छ । व्यक्तिलाई कर्तव्यनिष्ट, इमान्दार, उत्तरदायी, पारदर्शी, लोकतान्त्रिक बनाई सामाजिक मेलमिलाप, आपसी सद्भाव र असल आचरण निर्माणको स्रोत नै नागरिक शिक्षाबाट प्राप्त गर्न सकिन्छ । हरेक समुदायमा बस्ने सचेत नागरिकलाई जागरूक तथा अनुशासित बनाउन नागरिक शिक्षाले महत्त्वबपूर्ण भूमिका खेल्छ । समाजमा लोभ, लालचा, चोरी, डकैती, सम्बन्ध विच्छेदका घटनाहरू बढिरहेका छन् । बलात्कार, हिंसा, दुर्व्यसन, अपराधीकरण, सांस्कृतिक बिचलनका समस्या पनि उस्तै बढिरहेका छन् । समाजमा नैतिकता, इमानदारी, सकरात्मक सोच परोपकार, सामाजिक सद्भाव जस्ता मानवीय गुणहरू पनि हराउँदै गएको देखिएको छ । नागरिक शिक्षाका विषयबस्तुलाई घरबाटै सिक्ने र सिकाउने काम गरी राज्यले पनि शिक्षा नीति बनाउँदा विद्यालय तहदेखि उच्च शिक्षाकै तहसम्मका पाठ्यक्रममा नागरिक शिक्षा दिने पाठ्यक्रम बनाउनुपर्छ । हालको संविधानले जात, जाति, भाषा, लिङ्ग ,समुदाय दलित महिला, अपाङ्ग मधेशी फरक फरक क्षमता भएका नागरिकहरूको अधिकार सुनिश्चित गरेको छ । महिला आयोग, समावेशी आयोग, मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय सुरक्षा सम्बन्धी आयोग, यी माथिका आयोगहरू

संबैधानिक अङ्ग हुन् । जुन बर्गलाई उठाउन संविधानले यी आयोगहरूको परिकल्पना गरेको छ । त्यो बर्गका धेरैलाई आफ्नो अधिकार संविधानमा व्यवस्था गरेको छ । आफ्नो बर्गलाई यसरी संबिधानले संरक्षण गरेको छ भन्ने कुरा त्यो बर्ग बा त्यो समुदायका धेरै मानिसहरूलाई नै आफ्नो अधिकारका बारेमा थाहा छैन । त्यसैले यहाँ नागरिक शिक्षाको आवश्यकता छ भनेर प्रशिक्षण दिनुपर्छ भन्न खोजिएको हो ।

समाजलाई जागरूक, सचेत, खुला अभ्यास अभिव्यक्तिको स्वतन्त्रता प्रदान गर्न, गुण र दोष ठम्याउन सक्ने बनाउन नागरिक शिक्षाको आवश्यकता छ । नेपाली समाज आलोचना गर्नमा अभ्यस्त भएको देखिन्छ । अरूको आलोचना गर्दा, रमाउने खुसी हुने, आनन्द मान्ने बाटोतिर लागेको देखिन्छ । समाज परिवर्तन गर्न व्यक्ति, समाज र राष्ट्रको सामाजिक संरचनालाई स्वच्छ विचार विमर्श गर्न सक्ने तार्किक क्षमताको बिकास गर्नका लागि नागरिक शिक्षाको प्रशिक्षण अति नै महत्वपूर्ण छ । गाउँगाउँ बस्तीबस्तीका जनतालाई सचेत बनाउनुपर्छ । स्थानीय तहमा पुगेको पैसालाई लगानी गर्न स्थानीय जनताको सहभागीताको खाँचो पर्छ । कहाँ, कसरी त्यो रकम खर्च गर्ने भन्ने सम्बन्धमा गहन छलफल हुनुपर्छ । स्थानीय तहमा हुने आर्थिक अनियमतता, भ्रष्टाचार, कुशासनलाई खबरदारी गर्न समाजमा नागरिक शिक्षाको आवश्यकता छ । जनताले संविधान, नीति, नियम, विनियम लगायत विधिको शासनको बारेमा जानकारी राख्नुपर्छ, त्यसैले अनौपचारिक शिक्षा, तालिम दिने अभियान सञ्चालन गर्न पनि नागरिक शिक्षाको आवश्यकता पर्छ । यसो भएमा नागरिकहरू लोकमा सही कार्य गर्ने दिशा तर्फ लाग्न अभ्यास्त हुन्छन । राजनैतिक चेतनाको विकास भई समाजमा विद्यमान अन्याय, अत्याचार विभेद विरुद्धमा संवैधानिक कार्य गर्न सक्दछन् ।

सामाजिक सद्भावमैत्रीपूर्ण समाज निर्माण गर्नका लागि ज्ञानको स्रोत आवश्यक हुन्छ । समृद्धिका लागि नागरिक एक भएर काँधमा काँध मिलाई अगाडि बढ्नुपर्ने हुन्छ। जनसहभागिता बढाई माहुरी जस्तै अनुशासित र कर्मशील भई देश निर्माण गर्नु नागरिकको कर्तव्य हो । आपसी सद्भाव, सहिष्णुता आआफ्नो काम कर्तव्य र अधिकारको सामञ्जस्यता कायम गरी सामुहिक हितको लागि पनि अग्रसर भई कर्मशील नागरिक तयार गर्न, देश र जनताका लागि काम गर्न आज पनि आवश्यकता छ । समाजका व्यक्ति, शासक, प्रशासक सबैले आफ्नो क्षेत्रबाट काम गर्न र व्यक्तिले सेवा प्रदाय संस्थाका कर्मचारीले आफ्नो कर्तव्य प्रति उत्तरदायी भई जिम्मेवार तवरले काम गर्न नागरिक शिक्षाको प्रशिक्षण दिन आवश्यक छ । घरपरिवार, समुदाय समाजमा काम गर्नेलाई जिम्मेवार बनाउन पनि यसले महत्वपूर्ण भूमिका खेल्दछ । अहिले समाजमा आफ्नै घर परिवार ,परिवारविचमा पारिवारिक सम्बन्ध खलबलिँदै गएको छ । वृद्ध बाबुआमा आफ्ना सन्तानबाट नै अपहेलित भई रहेका छन, यस्तो देख्न र सुन्न परेको छ । सम्बन्ध विच्छेद, आत्महत्या, शैक्षिक संस्थामा अनुशासन ह्रास हुँदै गएको अनुभूति भएको छ । देश विकास र सुशासन कायम हुन सकेको छैन । हरेक ठाउँमा यस्ता कियाकलाप भएका व्यक्ति र व्यक्तित्वहरूको हाबी हुँदै गइरहेको छ । त्यसैले नागरिक शिक्षा दिई समाजका विसङ्गति विकृति निर्मूल गर्नका लागि नागरिक शिक्षाको आवश्यकता महसुस गरिएको छ ।

अनाथ बालबालिका, अभिभावकविहीन, बेबारिसे, असहाय, विशेष संरक्षणको आवश्यकता भएका अनाथ, अस्पताल वा अन्य कुनै ठाउँमा फेला परेका अनाथ, बाबुआमालाई गम्भीर शारीरिक मानसिक अपाङ्गता वा अशक्तता भई हेरचाह नपाएका ,कानुनी विवादमा परेका बालबालिका, थुनामा रहेका बन्दी बाबुआमासँग आश्रित भई कारागारमा रहेका, जबरजस्ती करणी, कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएका शिशु, आफूले पालनपोषण गर्न नसक्ने भनी बालकल्याण अधिकारी समक्ष निवेदन परेका बाबुआमा वा अभिभावकबाट दुर्व्यवहार हिंसा वा बेवास्ता भएका बालबालिकालाई राज्यले संरक्षण र पालन पोषण गर्ने व्यवस्था गर्नुपर्छ। बाबुआमा, परिवार व्यक्ति , आफन्त, समुदायमा बालबालिका हुर्कदा संस्कार, संस्कृति, रहनसहन सामाजिक मूल्यमान्यतासँगै व्यावहारिक ज्ञान नपाएकालाई हुर्कदै जाँदा नागरिक शिक्षाको आवश्यकता पर्छ। नागरिक शिक्षा प्राप्त गर्न सकेमा एकअर्कालाई कसरी व्यवहार गर्ने, सुख दुःखमा कसरी साथ दिने, मौलिक परम्परा, ज्ञान सिप र धारण बुझ्दै जान्छन् । आज पनि हाम्रो समाजमा यौनजन्य दुर्व्यवहारमा परि हुर्केका बालबालिका छँदै छन । यौनजन्य दुर्व्ययवहारमा परेको कुरा उनीहरूले कसैलाई भन्न सकिरहेका हुँदैनन् । दुर्व्यवहारमा परेका बालबालिक मानसिक समस्यामा समेत परेका छन् । कहिलेकाहीं राज्यले अनुगमनका क्रममा यस्ता बालबालिकाले भोगेको विकृति विसङ्गति र समस्या थाहा पाउन सकेको देखिन्छ । यस्ता व्यक्तिका लागि पनि नागरिक शिक्षा अति नै आवश्यक छ ।

पारिवारिक स्नेहको अभावमा हुर्केका, आफन्तसँग नियमित भेटघाट गर्न नपाएका यस्ता बालबालिकामा आत्मीयपनको अभाव हुनुका साथै मनोसामाजिक समस्या देखापर्न सक्छ। कतिपय बालबालिका परिवारसँग बिछोड, विगतमा भोगेका पीडाका परिदृश्य, अन्तरघुलनमा समस्या, आफू अनुकूल वातावरणको अभाव, नैराश्यता, हिनताबोध उत्पन्न हुँदा मानसिक रूपमा समस्या देखिएका छन् । आत्महत्याको प्रयास गर्ने, आफैँलाई धारिलो हतियारले चोट पुऱ्याउने एकान्तमा बस्न रुचाउने, अरूसँग बोल्न नखोज्ने, मुस्किलले विभिन्न प्रतिक्रियाहरू देखाउने गर्दछन् । बालबालिका जेजस्तो परिवेश, समाज र धार्मिक आस्था राख्ने परिवारबाट आएको भए पनि कुनै धार्मिक संस्थाले आयोजना गरेको कार्यक्रममा संलग्न हुँदा त्यहीको धर्म स्वीकार गर्नुपर्ने बाध्यता हुन सक्छ । धार्मिक सहिष्णुताको अभावमा बाध्यतामा हुर्किएका बालबालिकाले आफ्नोपन आफूले मान्दै आएको धर्म, संस्कृति, परम्पराको अभाव महसुस गरिरहेका हुन्छन् । यस्ता व्यक्तिहरूलाई पनि नागरिक शिक्षा दिँदा धेरै थाहा हुने र अगाडि बढ्न सहज हुन्छ ।

बालबालिकामा सामाजिक, मानसिक, धार्मिक समस्या मात्र नभै कानुनी समस्या भोग्न बाध्य छन् । बालबालिकाको पहिचान खुलेको कागजात पारिवारिक विवरण बालबालिकालाई चिन्ने मानिस नजिकको आफन्तको पहिचान खुल्ने कागज प्रमाण नराखेकै कारण उनीहरू जन्मदर्ता बनाउनमा कठिनाई उत्पन्न भएको छ । वेवारिसे बालबालिकाको कागजात सहजै भेटिँदैन । बालबालिकालाई समस्यामा पर्न नदिन सम्बन्धित वडा, पालिका र प्रहरीले पनि ध्यान दिन आवश्यक छ । मनोसामाजिक परामर्श र स्वास्थ्य सेवाका लागि उचित पहल गर्न, कानुनी प्रक्रिया बमोजिम स्थानीय बाल अधिकार समिति, प्रदेश बाल

अधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषद, बाल अधिकार समितितर्फ पनि राज्यले बेलाबेलामा निरीक्षण गर्नुपर्छ र त्यसका लागि पनि नागरिक शिक्षाको आवश्यकता पर्छ।

खान पाउनु, पढ्ने अवसर पाउनु मात्रै सबै थोक होइन। बाबुआमा मात्रै नभए पनि उनीहरूलाई परिवार नातेदार छिमेकीसँग रहेर जीवनमा भोगाइको माध्यमबाट सिक्ने अवसर प्रदान गर्न समाज र राज्यले भूमिका निर्वाह गर्नुपर्छ। यसरी हुर्केका बालबालिकाले मात्र जीवनमा आइपर्ने चुनौती सामना गर्न सक्ने हुन्छन्। समस्याको समाधान गर्न सक्ने साथै बाधा व्यवधानको प्रतिवाद गर्न सक्ने सामर्थ्य राख्दछन्। यदि राज्यले यस्ता नागरिकहरूलाई शिक्षा प्रदान गर्न सक्दा व्यक्ति समाज र राज्यलाई धेरै नै फाइदा पुग्दछ। त्यसैले आज झन् नागरिक शिक्षाको आवश्यकताको महसुस गरिएको छ।

# डढेलो

**मातृका सुवेदी**
**गणेश मा. वि. बु. न. पा.**

डाँडाघरे साइँलाको घरमा आगो लाग्यो रे । एक दिन गाउँमा कर्कश हल्ला फैलियो । समाचार सुन्नेबित्तिकै सारा गाउँलेहरू भेला भए । तन्मयका साथ आगो नियन्त्रण गर्न लागे । कसैले नजिकै गोठका गाईबाछा सारिदिए । कसैले घरमा भएका सरसामान निकाल्ने काममा सघाए । केही सरसामान निकालियो । धेरै जल्यो । 'तँैले जित्ने कि मैले' भन्ने आगो र मानिसको घमसान प्रतिस्पर्धामा आखिर मानिस नै निरीह साबित भयो । प्रकृतिसँगको स्पर्धामा मानिसले जितेको इतिहास छैन ।

छिमेकी राममानले बारीमा झिका सल्काएको आगो नजिकैको पाखोमा सल्किएपछि दुर्दान्त घटनाको सुरुआत भएको रहेछ । उनले आगो निभाउने तमाम प्रयत्न त गरेछन् तर केही लागेनछ । जीवनभरको दुःख र मिहिनेतले सिर्जना गरेको घरबास आफ्ना आँखै अगाडि एकैछिनमा माटोमा मिलेको साक्षी बस्न बाध्य साइँला निकै विक्षिप्त थिए । तत्क्षण उनलाई डाँको छोडेर रुन मन नलागेको होइन तर फेरि उनले सोचे, "मैले नै आफूलाई सम्हाल्न सकिन भने मेरा जहान परिवारले कसरी मन बुझाउलान् ?" लाग्यो सायद् पुरूषलाई बाहिरदेखिने गरी रुन बन्देछ छ ।

मेरै कारणले यो अकल्पनीय दुर्घटना भएको भन्ने पश्चाताप राममानलाई पनि भयो तर जे हुनु भइसकेको थियो । यसैकारण साइँलाको पुनर्बासको कामका लागि सबैभन्दा बढी सहयोग राममानले नै गरे ।

गाउँलेहरू भेला भएर छलफल गरे । बचाउन सकिएको केही सरसामानमा थपथाप गरेर कसैले जिन्सी, कसैले नगद सरसहयोग गरी साइँलाको अस्थायी आवासको व्यवस्था गरिदिए । "बाबा मेरो सानो कार पनि जल्यो । अब म केसँग खेल्नु ?" पाँच वर्षको सानेले गहभरि आँसु पारेर भनेको थियो । खेलौनाको नाममा त्यही एउटा पुरानो बिग्रिएको कार त थियो उसको । "मामाले किनिदिएको मेरो नयाँ कुर्ता सुरूवाल पनि खारानी भयो । सिलाएर एक दिन पनि लाएको थिइनँ । दसैँमा मामाघर जाँदा लाउने भनेर सोचेकी थिएँ ।" छोरीले पनि करुण आवाजमा बिलौना गरी । साइँलाले तत्काल तिमीहरूलाई खेलौना र नयाँ कपडा किनिदिन्छु भन्ने सहास गर्न सकेनन् ।

सबैभन्दा ठुलो बिस्मात त साहुलाई ऋण तिर्न भनेर ठिक्क पारेको तिस हजार रूपैयाँसमेत आगोमा जलेर खरानी भएको थियो । तिसहजार जम्मा गर्न साइँला र उनकी अर्धाङ्गिनी बिनालाई वर्षौं लागेको थियो । एकाछाक खाएर, एकसरो लाएर दिनरात मिहिनेत गरेपछि जम्मा भएको त्यत्रो रकम एकैछिनमा धुवाँ र खरानीमा परिणत भएको थियो । उनीहरू घरबाट टाढा बारीमा काम गरिरहेका बेला आगो लागेकाले घरको धेरै सरसामान बचाउन सकेका थिएनन् । नजिकै भएको भए सायद सबथोक छोडेर त्यो पैसा

बचाउँथे । त्यत्रो पैसा फेरि कहाँबाट ल्याउनु ? केही दिन पो छरछिमेकी, आफन्त, साथीभाइले सरसहयोग गर्थे । सधैँका लागि हुने थिएन । बनमा र घरमा लागेको आगो सबैले देखे, निभाए पनि तर मनमा लागेको आगो कसैले देख्नेवाला थिएन । त्यो त कि साइँलालाई कि त बिनालाई थाहा थियो । घरमा लागेको ज्वालाले मनमा ज्वाला रोपिदिएको थियो । घरको ज्वाला त निभिसकेको थियो तर थाहा छैन, मनको ज्वाला कहिले शान्त हुने हो ।

आगलागी पछिका दिनहरू निकै कष्टकर बिते । बालबच्चाको पढाइलाई निरन्तरता दिन गाह्रो भयो । घरको लय नराम्रोसँग बिग्रियो । ऋण तिरिसकेपछि तिमीलाई पनि म सामसुङको राम्रो मोबाइल किनिदिन्छु भनेका थिए साइँलाले । बाचा सुनेर बिना पनि पुलकित भएकी थिइन् तर उनको सपनामा तुषारापात भयो ।

जीवनमा आशाको सञ्चार हुन मात्र के थालेको थियो, अचानक सबैतिर निराशाको कालो बादल मडारिन पुग्यो । सुखको झिल्को देखिएको मात्र के थियो दुःखको आँधिहुरीले बढारेर लगिदियो । एकातर्फ घर चलाउन हम्मेहम्मे परिरहेको थियो भने अर्कोतर्फ ऋणको भार ज्युँका त्युँ थियो । केही समयका लागि त साहुले ब्याज तिर्नु पर्दैन भनेको थियो तर सावाँ त तिर्नै पर्ने थियो ।

केही सिप नलागपछि साइँलाले पनि अक्सर नेपालीले झैँ कामको खोजीमा भौँतारिने निर्णय गरे । हरेक नेपालीले कोही युरोप, कोही अमेरिका त कोही खाडीमा दुःख गरिरहेको देखेसुनेकै हो तर जीवनको सबैभन्दा कठिन समयमा आफ्नो श्रीमान् घर छोडेर जाने कुरा सुनेर बिना हतप्रभ भइन् तर उनले श्रीमानका प्रस्तावलाई नकार्न पनि सकिनन् । उनलाई बाध्यतका अगाडि रहरले आत्मसमर्पण गरेझैँ लाग्यो ।

साइँलाले सात समुद्र पारिका सम्पन्न मुलुक जाने कल्पना पनि गर्न सकेनन् । त्यस्तै खाडी मुलुक जान पनि निकै ठुलो आर्थिक जोरजाम गर्नुपर्थ्यो जुन उनको वश भित्रको कुरा थिएन । निरूपाय साइँला एक दिन भारततिर लागे ।

एकातिर ऋणको भार, अर्कोतिर सम्पूर्ण पारिवारिक जिम्मेवारीको बोझ एक्लै उठाउनुपर्दा कलिलै उमेरमा नै बिना निकै बुढी देखिन थालेकी थिइन् । रूग्ण शरीरमा चैन कतै थिएन । दिनभरि कडा परिश्रम गर्थिन् । रातमा फिटिक्क निद्रा पर्दैनथ्यो । निद्रा र सुखकाबिचमा सुमधुर सम्बन्ध हुन्छ, सायद उनको नसिबमा दुबै लेखिएका थिएनन् ।

भएको केही गरगहना पनि बेचिन् । केही रकम श्रीमान्‌ले पठाए । जोरजाम गरेर साहुको ऋणको भार कम गर्दै लगिन् । एक दिन साहु आफैँ घरमा आयो । बिनाले सम्मानपूर्वक पिँढीमा बसाइन् । "के कति कामले पाल्नुभो ? आवश्यक परको भए त मै आइहाल्थेँ नि ! हजुरले पाउकष्ट गर्नै पर्ने थिएन ।" बिनाले बिन्तीभावमा भनिन् ।

पल्याकपुलुक यताउता हेर्दै साहुले भन्यो, "तिमीसँग अलिकति गोप्य कुरा गर्नुपर्‍यो भनेर आएको ।"

बिना केही सशङ्कित त भइन् तर केही बोलिनन् ।

"सुन, नानी । तिमीहरूलाई दुःखमा मैले साथ दिएँ । केही समयको लागि ऋणको व्याज पनि मिनाहा गरिदिएको छु । यो सबै गरेबापत मलाईप नि त तिमीले केही सहयोग गर्नुपर्‍यो ।" यति भनेर उसले बिनाको हात समाउन खोज्यो ।

हेर्नुस्, साहुजी ! हामीले शर्तसहित तपाईंसँग ऋण लिएको हो । त्यो पनि तिरिरहेकै छौँ । श्रीमान् बाहिर हुनुहुन्छ । हरहमेसा तपाईं रिसाउनुभयो होला भनेर चिन्ता गरिरहनुहुन्छ । केही समय दिनुहोस्, तपाईंको पैसा व्याजसहित चुक्ता गर्छौं । पीर परेको बेलामा मौकाको फाइदा उठाउन आउनुभएको हो भने तपाईं तुरुन्त यहाँबाट गैहाल्नुस् । गरिब छौँ तर इज्जत फ्याँक्ने छैनौँ । लाग्यो मन्दिरमा परेको भए त्यही ढुङ्गा शिला हुन्थ्यो, पूज्य हुन्थ्यो । उनले आफूलाई बाटोमा परेको ढुङ्गा जस्तै ठानिन्, इज्जतविहीन, मूल्यविहीन । मानिसको जीवनमा पनि यही कुरा लागु हुने रहेछ । पैसा भए इज्जत, प्रतिष्ठा, मानसम्मान, सबथोक मिल्ने, नभएपछि सधैँको हेलाहोचो ।

"कसरी ऋण तिरिसकिन्छ ? तिमीहरूले लिएको तिन लाख सावाँ र व्याज गरी लगभग अब तिर्न बाँकी सवातिन लाख छ ।" साहु कड्कियो ।

"हामीले तिस हजार मात्र लिएको होइन ? कसरी तिनलाख भो ?"

"तिन लाख लिएर तिस हजार भन्न लाज लाग्दैन ? लिने बेलामा लियौ, मोज गर्‍यौ । अहिले यस्तो कुरा गर्ने ?"

हे भगवान् ! बिनाको गला शुष्क भो, भाउन्न भो; चिटचिट पसिना निस्कियो । हातगोडा गलेर फतक्क भए । मनमा शब्द थिए तर सायद तिनले मुखसम्म आउने बाटो बिर्सिए । अहँ, एक शब्द निस्किन मानेन । साहुले तिस हजारमा शून्य थपेर तिन लाखको फर्जी तमसुक बनाएको कुरा बुझ्न बिनालाई गाह्रो भएन । साहुले दिएको ऋणको प्रमाण त घरसँगै जलेको थियो । बिना निसहाय भइन् । अब के गर्ने भन्ने सोच्नै सकिनन् । किन कठिन परिस्थितिमा मानिसको दिमागले काम गर्दैन जतिखेर उसले गम्भीर निर्णय गर्नुपर्ने हुन्छ ? उनले साइँलालाई खुब सम्झिइन् । श्रीमान् साथमा भएका भए कम्तीमा यस्तो कठिन परिस्थितिमा अँगालोमा बेरिएर रुन त पाउँथिन् ।

यता बिना एकोहोरिइरहिन्, उता गाईबाछा भोकतिर्खाले दाम्लाकिला लिएर हिँडौँला झैँ गरिरहेको देखेर छिमेकी नन्दी आएर घाँसपानी दिइन् । आज भाउजूलाई सञ्चो रहेनछ, भन्दै खाना बनाइदिइन् । बालबच्चालाई खुवाइन् । उनलाई पनि खानाखान कर नगरेकी होइनन् । बिनाले पछि खाउँला भनेर उनलाई बिदा गरिन् । दिनभरिको थकानले बालबच्चा एकैछिनमा निदाए तर बिनालाई भने न भोक, न प्यास, न निद्रा भो । नानीबाबुलाई हेरिन् । एकैछिन भए पनि उनलाई बाल्यावस्थामा फर्किने इच्छा भो । सोचिन् "यदि भगवान छौ भने मलाई यही बालापनमा फिर्ता गरिदेऊ ।" तर कल्पना र वास्तविकता खोलाको दुई किनारा जस्तै हुन्, जसको मिलन असम्भव थियो ।

oooo

एक दिन गाउँमा हल्ला चल्यो । साइँलाकी स्वास्नी हराइन् । ससाना लालाबाला छोडेर कहाँ गइन् होला ? मानिसहरूले बिभिन्न लख काटे । कथा बनाइए । कोही भन्दै थिए, "साइँली पोइल गई । कसैले बिहानै कोही परपुरूषसँग कतै जाँदै गरेको देखेको भन्न भ्याए । कतै गएर आत्महत्या पो गरिन् कि भन्नेप नि कोही निस्किए ।" कुराहरू यसरी निस्किए कि चिनेजानेका हरेक मानिसका मुखमा साइँलीका बारेमा कुनै न कुनै कथा थियो । यस्तो लाग्थ्यो व्यक्तिको अनुपस्थितिमा उसको कुराकाट्ने काम सबैभन्दा सजिलो काम हो ।

साइँली वेपत्ता भएपछि मावलीले बालबच्चा लिएर गए भने गाईवस्तु छरछिमेकीले हेरिदिने भए । घरको नयाँ परिस्थितिका बारेमा साइँलालाई जानकारी गराइयो । खबर पाएपछि जतिसक्दो चाँडो उनी पनि घर आए ।

नियतिले बारम्बार ठगेको कोही मानिस धरामा थियो भने ती साइँला नै थिए । प्रारब्धका अघि मानिसको के नै लाग्थ्यो र ? तनाव, बेचैनी र थकानले छियाछिया भएको शरीर । अधवैंसे उमेरमै साइँला निकै बुढोजस्तो देखिन्थे । घर फर्किएको केही दिन उनले आफन्त, नातागोता, र अन्य सम्बन्धीहरूकहाँ श्रीमतीकाबारेमा सोधखोज गरे तर हातालाग्यो शून्य । प्राणप्यारी श्रीमती नभएको घर उनलाई आफ्नोजस्तो लागेन । हुनत घर छोडेको धेरै भएको थिएन तर घरका हरेक सरसामान, कुनाकन्दरा कताकता पराईजस्ता लागे । सोचे "महिला नभएको घरत साँच्चै नर्क हुनेरहेछ ।"

oooo

एक दिन अचानक दराजको कुनामा एउटा कापीको पानो फेला पऱ्यो । अक्षर देख्नेबित्तिकै साइँलालाई त्यो बिनाले लेखेको भनी पहिचान गर्न गाह्रो भएन । हतारमा पढ्न थाले-

प्राणप्यारा

साष्टाङ्ग दण्डवत्

अपार माया र सम्झना । आज म निकै कठिन निर्णय लिने निचोडमा पुगेँ । मानिस कहिले कठोर त कहिले नरम हुनुपर्दो रहेछ । म निकै कठोर भएकी छु । यो पत्र लेख्दैगर्दा मेरा हातहरू काँपिरहेका छन् । यो सबै प्रारब्ध हो र यसमा मलाई हजुरले दोषी पक्कै देख्नुहुने छैन भन्ने आशा र विश्वास लिएकी छु ।

हामीले विवाहकै दिन अग्नी साक्षी राखेर सातौंजन्म सँगै हुने कसम खाएका थियौं । सँगै बाच्ने र मर्ने, दुःखसुख साटासाट गर्ने भनी समाजकासामु बाचा गरेकै हो तर म हारेँ । प्यारा, तपाईंको मायाको सागरमा डुबुल्की मारिरहने सोच अब कल्पना मात्र हुने भो । तपाईंको न्यानो आलिङ्गनमा बाँधिने अभिलाषा बाँकी रहने भयो ।

घर छोडेर हिँड्ने निर्णय त गरेँ तर म कहाँ जान्छु, के गर्छु भन्ने कुनै निर्णय गर्न सकेकी छैन । जीवनमा सङ्घर्ष गर्ने कि हाँसिहाँसी मृत्युलाई अङ्गाल्ने भन्ने निक्योंल गर्न सकेकी छैन । सायद म छिट्टै यसबारेमा निर्णय गर्ने नै छु तर जिजीविषा खासै छैन ।

साइँला, मैले तपाईंको नाममा कोसेली छोडेर जाँदै छु। नानीबाबुलाई मेरो नासो सम्झेर राखिदिनुहोला। यिनीहरूले कुनै किसिमको दुःख नपाउन्। मैले यो जुनीमा भेटिनँ भने पनि अर्को जुनीमा उनीहरूसँग पक्कै भेट्ने छु। मेरोबारेमा सोधे भने उनीहरूकै भलाइका लागि गएकी छे, छिट्टै फर्किन्छे भनिदिनु है। मेरो अनुपस्थितिमा उनीहरूको स्याहारसुसार गर्न तपाईंलाई निकै कष्ट हुन्छ नै तर सक्नुहुन्छ भने कुनै अर्की पराई नारीलाई आमाकारूपमा नभित्र्याउनुस् न है, बिन्ती !

म तपाईंलाई मैले किन हठात् यो निर्णय लिने विचार गरेँ भनेर सविस्तारमा बताउँछु। निकै समयपश्चात् पूर्वसूचनाबिना नै एक दिन म साहुकहाँ पुगेँ। साहु घरमा आराम गरेर बसिरहेको थियो। अचानक मलाई देखेर ऊ छक्क पर्‍यो तर स्वागत् गर्न भने बिर्सिएन। स्वागत यसरी गर्‍यो मानौँ भोकाएको सिंहका सामुआहार आफैँ आइपुगेको छ।

साहुका अघि उभिएर हात जोडेर मैले भनेँ, "साहुजी, हामीले लिएको वास्तविक ऋण तिस हजार मात्रै हो। तपाईंले तिन लाख भनेर किन फर्जी कुरा गर्नुभो ?"

साहु बोल्न थाल्यो "मैले पनि दुःखमा तिमीहरूलाई सहयोग गरेकै हो। मलाई पनि त तिमीले केही दिनुपर्‍यो नि भनेको मात्र त हो। खै, तिमीले कुरै सुन्न मानिनौ ? यति भन्दै गर्दा साहु मेरो पासमा आइसकेको थियो। म लाचार थिएँ। प्रतिकार गर्ने प्रयास गरिनँ, भनौँ चाहिनँ।

तपाईंलाई थाहै छ, साहुको श्रीमतीको देहान्त भएको दशकौँ भैसकेको छ तर सम्पत्ति र रवाफ उत्तिकै छ। उमेरले साठी कटिसकेको छ। सारै मात्तिएको छ। मौका मिल्नासाथ अवला नारीमाथि ऊ व्यभिचार गरिछाड्छ। ऊ सँधै त्यस्तै मौकाको खोजीमा हुन्छ भन्ने सुनेकी थिएँ। त्यसदिन मैले यो सब भोग्नुपर्‍यो।

आफ्नो चाहना पूरा गरिसकेपछि साहुले एउटा नेपाली कागजको चिर्कटो लिएर आयो। बिनालाई उनीहरूले लिएको ऋणको तमसुक हो त्यो भनेर सुनायो। तिमीहरूले लिएको ऋण आजबाट चुक्ता भयो। अब केही बाँकी छैन। यति भन्दै उसले त्यो कागजलाई टुक्राटुका पारेर मिल्काइदियो।

साइँला, म नचाहँदा नचाहँदै परचक्रीबाट लुटिएँ। इच्छा विपरित भोगिएँ। मैले यसो नगरको भए हाम्रो परिवार पुस्तौँपुस्तासम्म ऋणको आहालमा डुबिरहने पक्का थियो। म सकिएँ। यसमा मलाई गहिरो दुःख लागेको छ तर हाम्रो ऋण सकियो। आफू जलेर अरूलाई उज्यालो प्रदान गर्नु नै जीवनको सार्थकता रहेछ। सायद मेरो जीवनको उपादेयता यही थियो। भन्नुपर्ने कुरा कति थियो कति तर लेख्न सकिरहेकी छैन। अन्त्यमा एउटा सानो कविता लेखेर बिदा माग्छु -

तिमी हाँगा हुनू, म पात हुने छु

तिमी तारा हुनू, म रात हुने छु।

तिमी नदी हुनू, म किनार हुने छु

तिमी प्रकृति हुनू, म बहार हुने छु ।

तिमी नङ हुनू, म मासु हुने छु,

तिमी आँखा हुनू, म आँसु हुने छु ।

तिमी धर्ती हुनू, म आकाश हुने छु,

तिमी शरीर हुनू, म श्वास हुने छु ।

तिमी आकृति हुनू, म छायाँ हुने छु

तिमी दायाँ हुनू, म बायाँ हुने छु ।

जहाँ हुनेछु, सँगै हुने छु,

तिमीलाई पाएर दङ्गै हुने छु ।

उही तपाईंकी अभागी अर्धाङ्गिनी,

बिना

पत्र पढिसक्दा साइँलाका आँखाबाट बरर अश्रुधारा झरे । त्यहीबेला साने कराउँदै आयो, "बाबा! आमाको केही खबर आयो ? फर्किएर आउँदा एउटा राम्रो गाडी ल्याइदिन भन्नुस् है आमालाई ।" छोरालाई के उत्तर दिने भनेर निकैबेर सोचे । त्यतिबेरसम्ममा साने कतै टाढा पुगिसकेको थियो

# मेरो समय

**सावित्री पोखरेल**

**शिक्षक, श्री ग्राम शिक्षा मन्दिर माध्यमिक विद्यालय**

कहिले कालो पाटीमा सेतो चकसँगै
बित्यो समय
कहिले लेख्दालेख्दै चक भाँचिएझैं
बिचैमा भाँचियो समय
चकले लेखेको मेट्दै जाँदा
कहिले चकको धुलो उडेझैं
माथि उड्यो
जिउँमै टाँसियो
कित भुइँमा थुप्रियो
अनि धुलो सँगै फोहोर बनेर
डस्टबिनमा फालियो समय
फेरि
सेतोपाटीमा बोर्डमार्करले लेखियो
पुछियो हरायो
कता बिलायो कता समय
हरेक कक्षामा बोलेका
प्रत्येक शब्दसँगै
हाबामा बिलिन भयो समय
समयको अन्तराल सँगै
कहिले स्मार्ट बोर्डमा
अझ स्मार्ट बन्दै
फुत्त निस्कँदै
हराउँदै छ समय
मैले मेरो प्रत्येक समय जोड्दा
हात लागो शून्य जस्तो लाग्थ्यो
तर गलत

मेरो समयको जोडफल
अगणित पो रहेछ
जसको कुनै सङ्ख्या छैन
असङ्ख्यक
मेरा कुनै समय
अस्पतालका रोगीका मलम बनेछन्
कुनै समय
पुनः कक्षाकोठामै फर्किएछन्
कति कति
विकास निर्माणका
आधार खम्बा रहेछन्
प्रत्येक कार्यालयका
ढड्डा र कम्प्युटरमा
जोडिएछन्
अनि कयौं
देश हाँक्ने सारथी भएछन्
कयौं आकाशमा उड्दै छन्
कैयौं जमिनमा गुड्दै छन्
त्यसैले अहिले म
सन्तुष्ट छु
संसारका हर क्षेत्रमा
फैलिएछन् मेरा समय

# एक शिक्षकको अनुभूतिमा रमाइलो शुक्रबारले सिर्जना गरेका तरङ्गहरू

अप्सरा घिमिरे
शिक्षक, जन उद्धार मा.वि.

शिक्षा मानव जीवनको अपरिहार्यता हो । झोलामा कापी किताब बोकेर विद्यालयमा गएर सैद्धान्तिक ज्ञान आर्जन गर्नु शिक्षाको व्यावहारिकता होइन । यही सैद्धान्तिक ज्ञानको प्राथमिकताको उत्पादनका उदाहरण हामी मध्येका  शिक्षक पनि हौं । हामी पढ्दै गर्दा खेतबारी थिए, कुटो,कोदालो, हलो चलाउनु पर्दथ्यो तर हामीलाई त्यतिखेर हामीले लिएको शिक्षाले शारीरिक श्रमलाई सम्मान गर्न सिकाउन सकेन  । स्वाबलम्बी कृषि लगायतका परम्परागत पेशाहरूलाई अपनाउन प्रेरणा दिइएन । दुःख र श्रम गर्नुपर्छ भनेर सिकाइएन । सबै कामको आफ्नो महत्व छ भनेर बुझाइएन । घरमा पढेपछि कुटो कोदालो गर्नुपर्दैन, घाँस काट्न, भारी बोक्न पर्दैन, धुलो मैलो भएर काम गर्नुपर्दैन भनेर सिकाइयो । विद्यालयमा पनि काम सानो हुँदैन सबै कामलाई सम्मान गर्नुपर्छ भनेर सिकाइएन, कलम चलाएर कुर्सीमा बसेर गर्ने काम मात्र सम्मानजनक काम हुन् भनेर सिकाइयो । २०२८ सालमा ल्याइएको रा.शि.प.यो.ले व्यावसायिक विषयको रूपमा राखेको कृषि विषयको प्रभावकारिता पनि अङ्क प्राप्तिका लागि  लक्षित रह्यो । पढेपछि सबैले कार्यालयमा गएर काम गर्ने हो भन्ने विद्यालय संस्कारमा हुर्किएका हामीले अझै पनि सबै काम समान हुन्छन्, आ- आफ्नो ठाउँमा सबैको महत्व हुन्छ भनेर बुझाउन सकिरहेका छैनौं । काम गर्न लाज मान्ने मानसिकता हट्न सकेको छैन । हाम्रै देशमा आएर काम गर्ने छिमेकी देशका दाजु, भाइलाई हेयको दृष्टिले हेर्ने मानसिकता अझै हट्न सकेको छैन । उनीहरुले गर्ने काम गर्न हामीलाई लाज लाग्छ । बाटोमा गएर सामान बेच्न लाज लाग्छ । कवाड बटुल्न लाज लाग्छ ।  विदेशमा गएर रगत, पसिना चुहाउन हामी तयार छौं  तर आफ्नो देशमा काम गर्न लाज मान्छौं । यो हाम्रो दोष होइन हामीलाई दिइएको र दिन नसकेको शिक्षाको असर हो ।

शिक्षा सैद्धान्तिकभन्दा बढी  व्यावहारिक हुनुपर्छ । काम सिक्दा, काम गर्दा कोही सानो हुँदैन भन्ने संस्कार र शिक्षा दिन सकिएन भने हाम्रा कयौं पुस्ता अझै विदेशमा नै सुख खोज्न भौंतारिरहनपर्छ होला । हामीभन्दा अगाडिका कैयौं पुस्ताले जीवन यापनका लागि काम खोज्दै, रोजगार खोज्दै धेरै विदेशी भूमिमा रगत पसिना बगाएका थिए । जुन व्यवस्था र अवस्था परिवर्तन भएपनि जनता जागरुक र मेहनती हुन नसके, गरिखाने शिक्षा दिन नसके अझै कति पुस्ता विदेशिन पर्ने हो थाहा छैन । विदेश मोह र भौतिक सुविधाको पछाडि दगुर्दा दगुर्दै आफूसँग भएका स्रोत साधन प्रयोगविहीन हुन पुग्छन् होला ।

मैले यो कुराको प्रसङ्ग उठाइरहँदा हाल विभिन्न पालिकाको सक्रियतामा विद्यालयहरूले शिक्षालाई सिपसँग जोड्न गरेको अभ्यास प्रयासले आशाको दियो जलाएको महसुस गरिराखेकी छु । हाम्रो बुढानीलकण्ठ

नगरपालिकामा पालिकाको सक्रियतामा २०८१ बैशाख २१ गतेदेखि शिक्षालाई सिपसँग जोड्ने अभियानका रुपमा रमाइलो शुक्रबारको अवधारणा ल्याई कार्यान्वयनमा आएको छ। विद्यालयहरूमा विविध कार्यक्रमहरू हुने गरेका छन् । भ्रमण, सजावट, चित्रकला, मूर्तिकलाका नमुना, कथा कविता लेखन बाचन, विभिन्न खेलहरू,गायन, नृत्य,ल्यावमा परियोजना कार्यहरु आदि यसका उदाहरण हुन् । जीवन यापनका लागि पेसा बनाउन सकिने हरेक कार्यहरुलाई शिक्षासँग जोडेर विद्यालयले पहल गर्दा यसले गरि खाने मार्ग पहिल्याउन मद्दत गर्न सक्छ । त्यसको लागि शिक्षा प्रदान गर्ने जिम्मेवारी पाएका हामी शिक्षक र शिक्षा क्षेत्रसँग सरोकार राख्ने सरोकारवालाहरूको  समन्वय र सहकार्य हुनु जरुरी छ। विद्यालयमा आउने विद्यार्थीहरुका विविधतालाई सम्बोधन गर्नु चुनौतीको विषय त्यत्तिकै छ। विद्यार्थीका रुचि क्षमता फरक फरक हुन्छन् । सबैका भावना र चाहनालाई समेट्नु चुनौतीपूर्ण छ । शुरुमा गर्दा जुनसुकै कार्यक्रममा पनि समस्या र चुनौतीहरू आउँछन् नै त्यसलाई चिरेर पार गर्ने आँट हामी शिक्षकहरूमा हुनुपर्छ र हामी बुढानीलकण्ठका शिक्षकहरूमा त्यो आँट छ पनि। यो रमाइलो शुक्रबारको कार्यक्रमले विद्यार्थी लगायत सरोकारवालाहरूमा एउटा तरङ्ग ल्याएको छ । अभिभावकहरूमा उत्साह छाएको छ । शिक्षकहरूको योजना र व्यस्तता बढाएको छ । विद्यार्थीहरूमा खुसी र उत्साह बढाएको छ । शिक्षण सिकाइका नाममा हुने विद्यालयीय शिक्षाको साँघुरो घेरा तोडिएको अनुभूति भएको छ। सिकाइ कक्षा कोठामा मात्र हुँदैन। सिकाइ हुने ठाउँमा कक्षाकोठा पुर्‍याउनु आजको आवश्यकता हो।

रमाइलो शुक्रबार कार्यक्रम शुरुवात गर्दा यसबाट जुन अपेक्षा राखिएको छ, त्यो आफैँमा बृहत र महान् छ। खासमा यसले परम्परागत शिक्षण पद्धति नै बदल्ने प्रयास गर्दैछ।  शिक्षणका नाममा कक्षाकोठामा शिक्षक कराइरहने, विद्यार्थी भिभ्को मानिरहने । शिक्षकले सूचना सम्प्रेषण गरिरहने, विद्यार्थीले उक्त सूचनाहरु सबै ग्रहण गर्न नसक्ने वा कण्ठस्थ बनाउन नसक्ने, शिक्षा र शिक्षणलाई वास्तविक जीवनमा नजोडेर, विद्यार्थी स्वयम्लाई हरेक शिक्षण वस्तुको अनुभूति गर्न नदिएर वा शिक्षणलाई अनुभवपरक र वस्तुपरक नबनाएर कल्पनाशील रूपमा गरिने शिक्षण वा प्राप्त गरिरहने वा प्रदान गरिने शिक्षाबाट जीवन कुशल अर्थात् व्यवहार कुशल सीपहरूको विकास गर्न सक्दैन।

जीवन र जगत वा प्रकृति र समाजबाट अलग गरेर गरिने शिक्षण परीक्षा केन्द्रित हुन सक्छ तर जीवनका लागि कामयावी हुन सक्दैन । अहिलेको शिक्षाले  किन  धेरै सैद्धान्तिक भएको आरोप खेप्नु परेको छ ? सर्टिफिकेटको चार जिपिए किन विद्यार्थीको व्यवहारमा देखिन सकेको छैन ? शैक्षिक बेरोजगारी किन बढिरहेको छ ? शिक्षा प्राप्त व्यक्ति प्रकृति अर्थात् ब्रमहाण्डको संरक्षण भन्दा विध्वंसमा किन उद्धत छ ? यी प्रश्नहरु कही न कही  मौजुदा शिक्षा प्रणालीको असफलतासँग सानिध्यता राख्छन्। किनकि अनुभव गरेर सिक्ने नभइ घोकेर सिक्ने पद्धतिबाट हामीले विद्यार्थीलाई दिक्षित गर्‍यौं । आफ्नो सामार्थ्यता र सिर्जनशीलता भन्दा आदेश र निर्देशनमा चल्ने विद्यार्थी उत्पादन गर्ने हाम्रो ध्याउन रह्यो। व्यक्तिसँग के छ भन्ने कुरालाई हामीले शिक्षणमा प्रधान ठानिरह्यौं तर व्यक्तिले के गर्न सक्छ भन्ने कुरा प्रधान हुनु पर्दथ्यो।

प्रकृतिसँग हामीले लिने कुरा मात्र बुझ्यौं । यसलाई संरक्षण र प्रवर्धन गर्ने कुरालाई हामीले व्यवहारिक शिक्षणको स्वरुपमा आवद्ध गर्न सकेनौं । यिनै शिक्षा र शिक्षण प्रणालीका कमजोरीहरूलाई निराकरण गर्न रमाइलो शुक्रबारको प्याकेज कार्यान्वयनमा ल्याइएको छ । जहाँ नयाँ सपनाहरु देखिन्छ । सम्भावनाहरु पहिल्याइन्छ । साना कुराबाट शुरु गरेर ठुलो सिर्जना र अन्वेषण गर्न सोच र योजना बनाइन्छ । दुनिया वा विश्व सभ्यता भन्दा आफ्नै सेरोफेरो र संस्कृतिसँग सानिध्यता गाँस्ने कला सिकाइन्छ ।

प्रकृति र संस्कृतिमा सम्पन्न हाम्रो देशमा अथाह सम्भावनाहरू लुकेका छन् । समाजमा रहेका पुर्खाहरूका जीवनयापनका सिपलाई आधुनिकीकरण गरी समकालीन समाजसँग जोड्न सके रोजगारका अवसर खुल्न सक्छन् । विद्यार्थीहरूको रुचि, भावना र उत्साहलाई सिपसँग जोड्न सके यो अवश्य नै फलदायी हुन सक्छ । विद्यार्थीका सिपमूलक कार्यलाई आय आर्जनको माध्यम बन्न सक्ने कुराको विश्वास विद्यार्थीमा दिलाउन सके यही कार्यबाट रोजगारको सुरुवात गर्न सक्छन् । व्यावसायिकताको विकास हुन सक्छ । त्यसैले यो रमाइलो शुक्रबारका लागि जुन सुरुवात भएको छ, यसलाई निरन्तरता दिन सके कामलाई सम्मान गर्ने परिपाटीको विकास हुन सक्छ ।

रमाइलो शुक्रबार सुरु भइरहँदा केही उत्साहका कुरा सुनिएका छन् । यो कार्यक्रमले विद्यार्थी र अभिभावकहरूमा त उत्साह र उमङ्गको बाढी नै आएको छ । शिक्षकहरुमा असीम जाँगर पैदा भएको छ । कक्षाकोठाको शिक्षण ढाँचामा बदलाव आएको छ । यसको समर्थन बढ्दो छ । कतै कतै यसको विरोध पनि भइरहेको छ । किन रमाइलो शुक्रबार ? यसले विद्यालयको पठनपाठनमा अवरोध सिर्जना गर्छ ? पाठ्यघण्टा पूरा गर्न कठिन बनाउँछ ? हो, हरेक कुराका पक्ष र विपक्षमा बहस हुनु नै पर्दछ । तर बहस सम्भावना र समाधानको हुनुपर्दछ । हरेक अवसरमा चुनौती देख्ने निराशावादी भएर बहस गरिनु हुँदैन । अलि धेर खटिनु पर्दछ, अलि बढी मिहिनेत गर्नु पर्दछ, सुविधा पाइने केही होइन ? जस्ता पेसागत धर्मका विरुद्ध गएर गफ गर्ने समय खेर फाल्नु हुँदैन किनकि यो हामीलाई तोकिएको समय सीमामा गर्न भनिएको छ । होला, यसमा हामी सिर्जनशील, अन्वेषणशील र रुपान्तरणकारी हुनु पर्ला, यसले हाम्रो पेसागत क्षमता विकास पनि गर्छ नि त । हामीलाई अरूभन्दा फरक शिक्षक पनि बनाउँछ होला । यसबाट हामी नमुना शिक्षक बन्न पनि सकौंला । यसरी रमाइलो शुक्रबारलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सबै विद्यालय, प्रधानाध्यापक, शिक्षक र कर्मचारी जुट्ने हो भने यो शिक्षण सिकाइमा उल्लेख्य सुधार आउने छ । विद्यार्थीको सिकाइ उपलब्धिमा अनपेक्षित वृद्धि देखिनेछ । एक वर्ष यसको प्रभावकारी कार्यान्वयन गरेर हेर्ने आँट गरौं ।

व्यक्तिगत रुपमा भन्दा एउटा शिक्षकको नाताले म आफैंले बोकेका गलत शिक्षण सिकाइका मान्यतालाई सुधार्न मन छ । कुनै समय पढ्यौ भने धुलो मैलो भएर काम गर्न पर्दैन पनि भनियो होला । यो वास्तवमा गलत सिकाएको महसुस हुने गर्दछ अहिले । मैले मात्र त्यस्तो सिकाइन, समग्र शिक्षा प्रणालीले सिकाउन बाध्य बनायो । अहिले मेरो त्यो गलत पेसागत मान्यतालाई बदल्न यो रमाइलो शुक्रबार कार्यक्रमले

सहयोग पुऱ्याउँछ भन्ने आभास भएको छ । अहिले बालबालिकामा विदेश मोह पनि बढ्दो छ । यसको पछाडीको केही कारणमा हाम्रो विद्यालय शिक्षाको पनि दोष छ । हामीले बालबालिकालाई कक्षामा रमाइ रमाइ सिक्ने बाताबरण दिएनौं । सूचना र सञ्चारको यो दुनियामा उनीहरुले बिश्वका बिभिन्न देशमा उनीहरु जस्तै बालबालिकाले रमाइ रमाइ बालमैत्री बाताबरणमा सिक्ने अवसर पाएको देखे । उनीहरुले बिद्यालयमा देखाएका र गरेका हरेक गतिबिधिले क्रेडिट पाएको पनि थाहा पाए । तर यो कुरालाई न हामीले बिद्यालय तहमा न त कलेज तहमा प्राथमिकता दियौं । यसले गर्दा कुनै पनि बालबालिकाले स्वदेशमा रमाइ रमाइ सिक्ने मात्र नभई यो देशमा केही गर्न सक्ने बातावरण नै देखेनन् भन्दा हुन्छ । यो स्थितिमा रमाइलो शुक्रबारले बालबालिकाको हाम्रो शिक्षाप्रतिको त्यो मनोविज्ञान परिवर्तन गर्न सकोस् ताकि बालबालिकाले बिदेश जाने भन्दा स्वदेशमा स्वरोजगारका अवसर देखुन् । देशप्रतिको माया ममता राखुन् । सबै कामलाई समान मान्यता दिन र रमेर काम गर्ने बाताबरणको सिर्जना यो कार्यक्रमले गरोस् । रमाइलो शुक्रबारका रूपमा सुरु भएको यस कार्यक्रमले सार्थकता पाओस् ।

# आमा

**अन्जना गिरी**

**कक्षा : ८, बाल विकास बोर्डिङ स्कुल, बुढानीलकण्ठ**

आमा भनेको भगवान्ले दिनुभएको एक अमूल्य उपहार हो । आमा शब्द सुन्दैमा मनमा शान्ति पुऱ्याउँछ । आमा भगवान्को अर्को रूप हुनुहुन्छ । आमा नभई यो सृष्टि चल्दैन । आमाले हामीलाई यस धर्तीमा जन्म दिएर राम्रोसँग स्याहारसुसार गरेर आफ्नो खुट्टामा आफैँ उभिन सक्षम बन्न मद्दत गर्नुभएको हुन्छ । आमाको यो संसारमा धेरै महत्त्व छ । आमाबिना हाम्रो जीवन अन्धकारमा बसेको जस्तै हुन्छ ।

आमाले हामीलाई नौ नौ महिना कोखमा राखेर धेरै दुःखकष्ट सहेर हामीलाई जन्माउनु हुन्छ । पैसाले जे पनि किन्न सकिन्छ तर आमाको माया, ममता किन्न सकिँदैन । "मौरी सरी छौ मह रित्तिदैन", हिमाल नौनी हिँउ सिद्धिदैन, त्यसरी नै आमाको माया र ममता कहिले पनि कम हुँदैन । आमाले हामीलाई धेरै दुःख सहेर हामीलाई हुर्काउनु हुन्छ । आमाहरू सन्तानको निम्ति आफ्नो पुरै जिन्दगी खन्याइदिनुहुन्छ । कोहीले आमाको महत्व बुझेका नै हुँदैनन् । सानोमा हरेक अवस्थामा साथ दिएर धेरै दुःखकष्ट सहेर हुर्काएको उनीहरूले बिर्सिन्छन् । हामीले जे बिर्से पनि आमाको माया ममतालाई बिर्सिनु हुँदैन । जब हामीलाई दुःख हुन्छ तब कोही साथ नभए नि आमाको न्यानो काख साथ हुन्छ । सन्तानको लागि सबैभन्दा प्यारो नै आमाको काख हो ।

आमाले आफ्नो सन्तानको लागि आफ्नो हरेक इच्छा चाहाना मारेर सन्तानको आवश्यकता पूरा गर्न जुट्नुहुन्छ । आफ्नो आँसु लुकाएर, झुटो हाँसो देखाएर, कसरी बाँच्नुभयो नि आजसम्म । सबै बच्चाहरूको पहिलो शब्द नै आमा हुन्छ । आमा हाम्रो गुरु हो । आमाले मात्र हाम्रो पीडाको अनुभूति गर्न सक्नुहुन्छ । आमाले मात्र हो जसले निःस्वार्थ माया गर्नुहुन्छ । आमाले आफ्नो रूप बिगारी बिगारी सन्तानलाई जन्म दिन्छिन् । हाम्रो सफलतामा धेरै खुसी हुने भनेको आमा हो । सन्तान गलत बाटोमा हिँड्दा धेरै पीडा पनि आमालाई नै हुन्छ । सफल हुन प्रेरित गर्ने पनि आमा र गलत काम गर्दा गाली गर्ने पनि आमा हो ।

आमा जस्तो महान्  व्यक्ति यो संसारमा छैन आमा आफ्नो सन्तानलाई जति गाली गरे पनि माया गर्न छोड्नुहुँदैन । आमाले आफ्नो सन्तानको राम्रो भविष्यको लागि नै गाली गनुहुन्छ । हामीले आमालाई माया गर्नुपर्छ । आमालाई हरेक काममा सघाउनुपर्छ । हामीले आमाको चित्त दुखाउनु हुँदैन । आमाको महिमा अपरम्पार छ । आमाको महिमा जति बुझाए पनि कम हुन्छ । हामीले आमालाई माया गरेर सुखमा राख्नुपर्छ ।

# गजल

श्याम अश्रु दुलाल
बुढानीलकण्ठ, ५

रात आफ्नै भन्थ्यौ तिमी दिन पनि  हुन सकेन
केही छैन भन्दै हिँड्नेलाई महामारीले छुन सकेन ।
भेट्ने हजार,बोल्ने हजार बहाना थियो पहिले पहिले
तिर्नु पर्ने धेरै थियो तिमीले तर एउटै तिर्न गुन सकेन ॥

मनभित्र के छ, आजसम्म कसले बुझ्न सक्यो कुनी
पोल्टाभरि ल्याएको सामल,गाँठोपारी बस्यो फुक्न सकेन ।
मनमा मैलो मेरो थियो भन्थ्यौ, अलि अलि तिम्रो पनि
न त मैले सके न तिमीले, मनको मैलो धुन सकेन ॥

हिजो अश्रु तिम्रै थियो,आज पनि डगमगाएको छैन कतै
फरक यति भयो आज केवल एकान्तमा बसी रुन सकेन ।
रात आफ्नै भन्थ्यौ तिमी दिन पनि  हुन सकेन
केही छैन भन्दै हिँड्नेलाई महामारीले छुन सकेन ॥

भेट्ने हजार,बोल्ने हजार बहाना थियो पहिले पहिले
तिर्नुपर्ने धेरै थियो तिमीले तर एउटै तिर्न गुन सकेन ।
मन भित्र के छ, आजसम्म कसले बुझ्न सक्यो कुनी
पोल्टाभरि ल्याएको सामल,गाँठोपारी बस्यो फुक्न सकेन ॥

मनमा मैलो मेरो थियो भन्थ्यौ, अलि अलि तिम्रो पनि
न त मैले सके न तिमीले, मनको मैलो धुन सकेन ।
हिजो अश्रु तिम्रै थियो, आज पनि डगमगाएको छैन कतै
फरक यति भयो आज केवल एकान्तमा बसी रुन सकेन ॥

# PROCRASTINATION

**Jayashree Shrestha**
Tri-Jyoti School

One of the biggest reasons why homework's get a bad mark or are incomplete is because of procrastination. Procrastination has a bad effect on work, and on you. Procrastinate means to put off work for another time when it can be done immediately. When you procrastinate you don't learn how to discipline yourself, the quality of work suffers, and you get tensed. 'Procrastination', it is said, 'is the thief of time'.

The first reason why Procrastination is bad is because the quality of work suffers. Sometimes an assignment needs to be proof read first. If you procrastinate, you will be more inclined to skip this important steps. People who leave assignments to the last minute are more likely to resort to cheating. When an assignment is left to the last minute, you worry more and cheating and short cuts happen a lot more. It also affects the quality of work because your assignment looks hurried and just thrown together without any seriousness. Another thought that come with procrastination is an increase in tension. When an assignment is left to the last minute, it stays in the back of your mind the whole time. You end up being frustrated and upset with yourself and the teacher. If several assignments are to be done at the same time, the stress increases even more. When you make up your mind that won't leave the next assignment until the last minute and you end up doing it, you get frustrated and upset with yourself. The last and most important reason is because you learn poor work habits. As you further your education you will no will longer be able to leave things to the last minute. As assignments get bigger they require more planning and though; if you haven't learned the skills to plan before, these assignments won't get done properly. You'll start making excuses to cheat on your diet of quit exercising. This is a bad pattern to get into; you start to realize that you won't get it done early so why bother trying. Once you start to doubt yourself your self-confidence drops and all kinds of other problems start to happen.

Procrastination is dangerous; you fool yourself by thinking up reasons to want one more week. The worst thing is, is that procrastination is so easy to stop. You just have to quit being lazy, make up your mind to get it done, and just do it !

# शिथिल शरीर

**श्रेयशी गौतम**

**कक्षा ९, इम्पेरियल वर्ल्ड स्कुल**

नयनमा आँसु, जीवनका पीर र व्यथाका
च्यातिएका सपना, आशाहरू शिथिल
सुनसान रातका साक्षी थिए
उसको चीत्कार, व्यथा र नयनको पिलपिल ॥

फूल जस्तै उसलाई टिप्न खोजें
छुन खोजें ताराझैं
बिचरा उसका नाजुक सपना
ताराझैं खसेर गए
मुर्झाएर गए फूलझैं ॥

उसका ती कुरूप हात र चालसँग जुद्धा
आगोले पोलेझैं भयो उनलाई
सिस्नुले पोलेझैं भयो
उनका आवाजले गुहार मागिरहेका थिए
पर्खिरहेको थियो थाकेको शरीरले राहत
उनी लडिरहिन् कराइ रहिन्
तर पाइनन् उनले गुहार, पाइनन् न्याय ॥

# मेरो कल्पनाको साथी

**सुष्मिता गिरी**

**कक्षा : ७, बाल विकास बोर्डिङ स्कुल, बुढानीलकण्ठ**

एक यस्तो नाता पारिवारिक सम्बन्ध नभए पनि अत्यन्त बलियो र विश्वासिलो हुन्छ । त्यो नातालाई साथीको नाता भनिन्छ । हाम्रो जीवनमा एक साथीको आवश्यकता सबैलाई पर्छ । हामीले आफ्नो जीवनमा धेरै साथीहरू बनाउन सक्छौं र हामीसँग धेरै साथीहरू छन् । हामी ती साथीहरूमध्ये एक साथीलाई आफ्नो मिल्ने र घनिष्ठ साथीको रूपमा चुन्छौं तर उनीहरूले पनि हामीलाई राम्रो र मिल्ने साथी हो भन्ने सोच्छन् भन्ने छैन । उनीहरूले आफ्नो फाइदाका लागि हामीलाई आफ्नो साथी बनाएका पनि हुन सक्छन् तर साथीहरू उस्तै हुन्छन् भन्ने छैन । तितो सत्य यो पनि छ, हामीलाई एक असल र सच्चा साथी पाउन कठिन छ ।

हामीसँग आफ्नो कक्षामा पनि धेरै साथीहरू छन् । मेरा पनि धेरै साथीहरू छन् तर मैले आफ्नो घनिष्ठ साथी भनेर कसैलाई पनि चुनेकी छैन तर मैले बनाएकी छु । मेरो कल्पनाको असल, सच्चा र घनिष्ठ साथी । सोच्ने गर्छु म मेरो आँखा पढेर मेरो मनको कुरा बुझ्ने । मलाई हेरेर बिहानीको सूर्य र रातको चन्द्रमा झैं चम्किहुन् । मेरो हरेक खुसीको कारण उनी नै हुन् र म उनको सुखमा सहभागी नभए पनि उनको हरेक दुःखमा म उनलाई राहत दिन त्यहाँ उभिन सकूँ । उनले पनि मेरो हरेक दुःखलाई बुझेर आफ्नो बनाउन् । चाहे जस्तो अवस्था भए पनि उनले ममाथि विश्वास गरेर मलाई साथ जहिले दिउन् । जब मलाई डराउँछु, उनले मलाई अँगालो मार्दै नडराऊ म छु त भन्दै हौसला दिउन् ।

उनले सधैं मेरा भावनालाई बुझुन् र सम्मान गरुन् । मेरो कल्पनाको साथी यस्ती छिन् । गरिब दुःखीलाई सधैं मद्दत गर्छिन् । चराचुरुङ्गी, जनावर सबैलाई माया गर्छिन् । मलाई उनले आवश्यक परेको बेला मलाई सहयोग गरुन् । उनको मनमा छलकपट जस्ता कुराहरू कहिले पनि नपलाउन् । मेरो अरू साथीहरूले मेरो मजाक उडाउँदा उनी मेरो साथमा बोलुन् । उनले मलाई माया त गरुन् तर सबै सामु नदेखाउन् किनभने सबै सामु देखाएको माया साँचो हुन्छ भन्ने छैन । बाहिर केही र भित्र केही पनि हुनसक्छ । मलाई सधैं माया गरुन् । मलाई कहिले पनि साथीको कमी महसुस हुने नदिउन् ।

थाहा छ मलाई मेरो कल्पनाको जस्तै साथी पाउने छैन मैले यो जीवनमा तर पनि आशा गर्दछु । मैले सोचेको जस्तै कोही मेरो जीवनमा आउने छिन्  र मेरो मनको एउटा खाली ठाउँलाई भर्ने छिन् ।

# आमा तिमी

**बिमला कोइराला**
**शिक्षक, त्रिज्योति मा.वि**

सङ्घर्षकी प्रतिमूर्ति तिमीले
सहनशील बनी सकारात्मक सोच्न सिकायौ
सबै सामु नम्र र सभ्य बनी बस्न अनि बाँच्न सिकायौ ।
निराश अनि उदासी जीवनमा
आशाका किरण छर्न सिकायौ ॥
अन्धकारका दिनहरूमा दीप ज्योति

प्रकाश बाल्न सिकायौ ।
शिशिरको जाडोमा सबैको न्यानो अँगालो
अनि ग्रीष्मको गर्मीमा शीतल पवन बन्न सिकायौ ।
शिशिरले उजाडिएको त्यो उजाडपनमा वसन्तको पालुवा बनी सुवास छर्न सिकायौ ।
वर्षाका दिनहरूमा ओत लाग्ने छहारी
अनि साउने भेलमा पुल बनी सबैलाई तार्न र बचाउन सिकायौ ॥

सुख्खा जर्जर खडेरीको समयमा पनि
पानीको मूल बनी प्यासीहरूको प्यास मेट्न सिकायौ
आमा,
कहिले दिदी जस्तो बन्यौ त
कहिले बहिनी र साथीजस्तो
कहिले गुरुआमा बनी अक्षर चिनायौ त
कहिले आस्था र विश्वासकी प्रतीक
देवी, दुर्गा, कालीमाता, शारदा र लक्ष्मी जस्तो ॥

आमा !

मेरो जन्मदाता, प्राणदाता र ममताकी खानी

कहिले गृहिणी बनी भरणपोषण गर्‍यौ त कहिले चिकित्सक बनी

तिमीले यो निरस जिन्दगीमा रस भर्न सिकायौ

हरेक आरोह अवरोहको सामान गर्दै

सम अनि बिषम परिस्थितिमा पनि

हाँस्न अनि बाँच्न सिकायौ ॥

आमा !

तिमी कति महान् छ्यौ, कति धन्य छ्यौ

तिमीले नै असल संस्कार अनि शिक्षा सिकायौ

गुलाफको फूलझैं काँडै काँडा बिचमा पनि

सुन्दर प्रिय फूल बनी फूल्न सिकायौ

धर्तीझैं सहनशील, हिमालझैं अटल ॥

अनि

पहाडझैं सुरम्य बनेर तराईजस्तो उर्बरशील बन्न सिकायौ

देशप्रेमको भाव जागृत गराउँदै

स्वतन्त्र र स्वाभिमानी बन्न सिकायौ

प्रकृतिझैं परिश्रमी बनी

सुन्दर र सर्वप्रिय बन्न सिकायौ ॥

आमा !

तिमीले देखाएको सत्मार्ग हिँड्ने छु

असल सन्तान बनी देशको लागि बाँच्ने छु

अनि

देशकै लागि मर्ने छु आमा

केवल देशकै लागि ॥

# हाम्रो गौरव

**श्रेया पोखरेल**

**कक्षा ८, त्रिज्योति मा.वि.**

सूर्य चन्द्र दनदन गरी दन्दनाइ रहेको
हाम्रो झण्डा फरफर गरी फर्फराई रहेको ।
नीलो घेरा सररर गरी शान्तिको विम्ब कस्तो
रातो भुइँ छ रगत सरी कान्तिको चिन्ह जस्तो ॥

हाम्रो शानै सनसन गरी सन्किदो काल जस्तो
हाम्रो मानै छ त राम सरी गर्जिदो बाघ जस्तो ।
नेपालीको तनमन भरी चर्किदो मेल कस्तो
मेचीकाली सललल नदी सर्किदो भेल जस्तो ॥

साम्राज्यैको मन भतभती पोल्ने शक्ति कस्तो
विस्तारवादी पनि मनमनै डाहले मर्छ जस्तो ।
सानै राज्यै भए पनि कतै माग्ने छैन बानी
गोर्खालीको मनवचनले खोज्ने कर्म खानी ॥

अग्लो डाँडो सब कसैले खोस्ने दाउ गर्ला
सम्मै टारी पनि कसैले मिच्ने हाँक गर्ला ।
आँखा टेढा पर नजरले जसले डाह गर्ला
जसले गर्ला रिपुगण सबै बुझ त्यो ढुक्क मर्ला ॥

# POEM

**Manita Rai**
National United School

I used to wonder, "Why do we have to got to school?
Just to read the textbook and listen to the lecture?"
I didn't realise it's not just about textbooks
But school is all about life adventure.

We meet our friends for life there
And the teachers we never forgot,
Who taught us not just subjective matters,
But shared their life lessons they got.

All those years I've been thinking it's the waste of time.
When it was nothing more than development
of the ability to distinguish between right and wrong.
I remember the fun and amusement.

School is a place of overflowing knowledge
Where everyone wants to teach everything they know.
Teachers gives their flesh and bones without any hesitations
This is the purest temple you could ever go.

# शिक्षक

**शान्ता बुढाथोकी**
**श्री भद्रकाली आ.वि**

समय विद्यार्थी विद्यालय भित्रै सीमित
खै म कस्तो शिक्षक
विद्यार्थी बिच हराउँदा आफ्नै बालापन
सम्झेर रमाउने खै म कस्तो शिक्षक
बितेका दिनमा मैले के दिन सके भनी
आफैँलाई प्रश्न गर्ने खै म कस्तो शिक्षक
भोलि के दिन सक्छु भनी आफैँभित्र जिज्ञासा
राख्ने खै म कस्तो शिक्षक
बालबालिकालाई दु:खमा  कहिलेकाहीँ मद्दत गर्न
नसक्दा चाहेर पनि उनीहरूको व्यक्तिगत समस्यामा साथ दिन नसक्दा
आफैँलाई प्रश्न सोध्ने खै म कस्तो शिक्षक
हुन त म राम्रा विद्यार्थीको नजरमा प्यारो शिक्षक
एक दिन विद्यालय नजाँदा विद्यार्थीहरूले के भयो
भनी कुतूहल राख्ने म राम्रो शिक्षक
तर पनि बदमासहरूले भन्ने गरेको छुच्ची
म त्यो शिक्षक निरन्तर र अबिरल समयमा पनि पेसालाई
भगवान् सम्झेर कर्तव्यमा डटी लाग्ने म शिक्षक
न मलाई कसैको देखासिखी गर्ने रहर छ
न मलाई कसैलाई कुराले उचालेर पछार्ने चाहना छ
तैपनि कहिलेकाहीँ सँगैका साथी भाइबाट कस्ती
भनिँदा आफैँलाई सोध्न मन लाग्छ खै म कस्तो शिक्षक
ससाना बालबालिकाहरूलाई धनी र गरिब
अनि जातको आधारमा उच्च र निच नभनी
आफ्ना सन्ततिलाई आमाले दिने स्नेह जस्तै
निश्चल माया सहित शिक्षा दिँदै गर्दा पनि
कुनै पल परिस्थिति र बाध्यता बस हिँड्नु पर्दा
आफैँलाई प्रश्न गर्छु खै म कस्तो शिक्षक ?

# ध्यान र ज्ञान नै जीवनको सार्थकता

**जनककुमार देवकोटा (विपश्यना साधक)**

**शिक्षक : श्री गणेश मा. वि.**

जसले सिकायत मनमा खेलाएर बस्छ, उसले उन्नत र उच्च विचारलाई मनमा स्थान दिन सक्दैन । हिरा उसैले गुमाउँछ जसले पत्थरका टुका खेलाएर समय नष्ट गर्छ ।

बुद्ध भन्नुहुन्छ, "ध्यानको उद्देश्य शान्त या मस्त हुनु मात्र होइन, यसको अभ्यास गर्दै हामीले जीवनका जटिलता कुशलतासाथ सुल्झाउने क्षमता विकसित गर्नुपर्छ । हामी जे काम गर्छौं, त्यसमा उत्कृष्टता आउनुपर्छ र हाम्रो हृदय समस्त प्राणीप्रति करुणान्वित हुनुपर्छ ।"

बुद्धले सिकाउनुभएको ध्यानले हामीलाई दिने सबैभन्दा ठुलो शिक्षा नै यही हो । हामी आफ्नो चित्त शुद्धी गरौं । सबैको कल्याणका लागि श्रेष्ठ कर्म गरौं । अरूले के गरेको छ, के गर्नुपर्थ्यो, त्यसको चियोचर्चो गरेर समय नष्ट नगरौं ।

यति सिक्नसके हामीमा अपार ऊर्जा सञ्चय हुन्छ । यो त्यही ऊर्जा हो, त्यो अनमोल सामल जुन हामीलाई हरदम शान्त र आनन्दित रहनका लागि चाहिन्छ ।

अरूको आलोचना नगर्नु जाती हो तर आफूले गर्ने कर्म आलोच्य नहबस् भनेर झनै सचेत हुनुपर्छ । अन्जानमा पाप कर्म गर्नु क्षम्य हुन सक्ला तर जानीजानी गरेको पापकर्मको संस्कारले दीर्घकालसम्म असर गर्छ । पाप कर्म गर्ने बखत व्यक्तिलाई एक प्रकारको सुख हुन्छ, त्यसले दुगुना, चौगुना दुःख निम्त्याउँछ ।

बुद्धले अकुशल कर्म के हुन्, कुशल कर्म के हुन्, कसरी मानिस अकुशल कर्म त्यागेर कुशल कर्म गर्न उत्प्रेरित हुन सक्छ, कसरी मानिसमा शान्ति, सुख र समता भाव पैदा हुन्छ भन्ने चर्चा गर्नुभएको छ ।

बर्माबाट विपश्यना ध्यानलाई विश्वभर विस्तार गर्नुभएका सत्यनारायण गोयन्काका अनुसार कम्तीमा दस दिनको अनवरत ध्यानको अभ्यासले मनलाई स्थिर गर्न र होसमा रहन सघाउँछ । ध्यानले जीवनमा पार्ने प्रभाव बारे थोरै चर्चा गरौं ।

### अकुशल कर्म

बुद्धका शिक्षा त्रिपिटकका चौरासी हजार सूत्रमा समेटिएका छन् तर ती सबै शिक्षाको सार धम्मपदको यो पद्यमा समेटिन्छ

सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।

सचित्तं परियोदपनं एतं बुद्धानं सत्सन : ॥

पाप के हो र पुण्य के हो सहज बुद्धि हुने सबैले बुझेका हुन्छन् तर मानिसले अक्सर जानीजानी पापकर्म गरिरहन्छ किनभने पाप कर्म गर्दासम्म उसलाई त्यसमा बडा स्वाद आइरहेको हुन्छ । पापको फल प्राप्त हुन थालेपछि मात्र पापी सन्तप्त हुन थाल्छ ।

बुद्ध भन्नुहुन्छ, "मधु वा मञ्ञति बालो याव पापं न पच्चति ।

यदा च पचति पापं अथ बालो दुक्खं निगच्छति ॥"

अर्थात् मूर्खले पाप कर्म गर्दा महजस्तै गुलियो ठानिरहेको हुन्छ । पाप कर्मको परिणाम आउन थालेपछि ऊ दुःखले ग्रस्त हुन्छ ।

पाप कर्ममा अभ्यस्त हुन थालेपछि मानिसले हद, सीमा सबै कुरा बिर्सन्छ । रक्स्याहा व्यक्तिले मलाई चाहिने रक्सी कति हो भन्ने बिर्सन्छ । हिजोअस्तिको मात्राले उसलाई पुग्दैन, निरन्तर बढाउँदै लैजानुपर्छ ।

यौन सुखमा 'लत' हुनेले एकपछि अर्को यौन साथी फेरिरहन्छन् । भ्रष्ट व्यक्तिले उसलाई चाहिने धनदौलत कति हो भन्ने बिर्सन्छ । अकूत सम्पत्ति जोड्न थाल्छ । जुन पुस्ता पुस्ताले उपभोग गरेर नसकियोस् तर जुन दिन पाप धुरीबाट कराउँछ त्यस दिन पापी व्यक्ति दुःखले सन्तप्त हुन्छ ।

कुनै पनि पाप कर्ममा 'लत' हुन थालेपछि व्यक्तिले के बिर्सन्छ भने जीवनका अरू पनि आयाम छन्, जीवनका अरू पनि रङ छन्, जीवनमा अरू पनि सङ्गीत छन् । उसले सधैँ एउटै राग गाइरहन्छ, किनभने ऊ त्यसैमा रत हुन्छ र त्यसैकारणले ऊ अन्धो हुन्छ । जीवनको बृहत्तर सौन्दर्य देख्न सक्दैन । केवल एउटै राग सधैँभरि अलापेर न व्यक्ति सुखी हुन सक्छ न उसले अरू कसैलाई सुख दिन सक्छ ।

उपनिषद्मा ऋषिले हजारौँ वर्षपूर्व नै भनेका थिए,

यो वै भूमा तत् सुखम् नाल्पे सुखमस्ति

अर्थात् जुन कुराको महत्व बृहत्तर छ, त्यसैमा सुख छ, जुन कुरा क्षणभरमै सकिन्छ त्यसमा सुख छैन ।

## कुशल कर्म

बुद्धले अक्सर कुशल कर्म के हुन्, ती कसरी अभ्यास गर्ने भन्ने विषयमा प्रस्टसँग बताउनुभएको छ । पञ्चशील पालना गर्नु, चार आर्य सत्य जान्नु, आर्य अष्टाङ्गिक मार्ग अनुसरण गर्नु, दश पारमिताको अभ्यास गर्नु, प्रतीत्यसमुत्पाद अर्थात् जीवन र जगत् कुन नियमले चलिरहेको छ जान्नु र ध्यानको निरन्तर अभ्यासद्वारा जानेको सत्यलाई अनुभूतिको स्तरमा बुझ्नु ।

मनमा राग किन आउँछ, द्वेष किन आउँछ, अज्ञानले कसरी बुद्धि छोपिदिन्छ भन्ने बुझेपछि मानिस हरदम सजग, सचेत र सचेष्ट रहन थाल्छ । जीवन न त विगतका यादमा छ न भविष्यका कल्पनामा नै पुग्छ ।

जीवन अहिले यही क्षण उपलब्ध छ । वर्तमानमा होसपूर्ण रहनुमा अपार आनन्द छ । होसपूर्ण र शान्त रहँदा हरपल ज्ञानोदय भइरहन्छ, हरपल अन्तर्दृष्टि प्राप्त हुन्छ । वर्तमान क्षणमा कुनै बाह्य वस्तु या व्यक्तिको सहारा नलिई शान्त र आनन्दित रहने कला सिकेको व्यक्तिले हरेक काममा उत्कृष्टता हासिल गर्दै जान्छ ।

वर्तमानमा होसपूर्ण रहेर कुशल कर्म गर्दै त्यसमा उत्कृष्टता हासिल गर्न सचेष्ट रहनुमा जति आनन्द छ, त्यति अरूथोक केहीमा फेला पर्दैन । यो आनन्द उपल्लो कोटीको आनन्द हो जुन क्षणभरमा समाप्त हुँदैन, जुन हर्दम बढोत्तरी भइरहन्छ ।

गायक, कलाकार, सर्जक, लेखकले कसरी आफ्नो सिर्जनामा जीवन्तता भर्छन्? कसरी त्यसमा कलात्मकता, सौन्दर्य सजाउँछन् ? त्यसको रहस्य पनि यही होस् , वर्तमान क्षणमा होसपूर्ण रहनु ।

सिर्जनाको क्रममा एउटा विन्दु आउँछ जब उनीहरूको चित्त पूर्णतः शान्त भइदिन्छ । आफूभित्रै प्रकाशको ज्योति देखिन थाल्छ, आफूभित्रै आनन्दको स्रोत फेला पर्न थाल्छ, आफूभित्रै ज्ञानोदय हुन थाल्छ, जीवनजगतका रहस्य खुल्न थाल्छन् । त्यो अपूर्व क्षणमा गरिएको सिर्जनामा अस्तित्वले कलात्मकता भर्छ, त्यस बखत लेखिएको रचनामा अस्तित्वले सिर्जनात्मकता थपिदिन्छ ।

कलाकृति काजलयी हुन पुग्छ । एउटा नर्तक या नृत्याङ्गना नाच्दानाच्दै यस्तो क्षण आउँछ उसका हातपाउ स्वतः गतिमान हुन्छन्, नृत्याङ्गना र नृत्य एकाकार हुन्छन्, तब वास्तविक नृत्य प्रकट हुन्छ ।

जीवनमा केही सौन्दर्य भर्नु अस्तित्वप्रतिको जिम्मेवारी निभाउनु हो । यो उदात्त कर्ममा पाइने सुख, शान्ति र सन्तोषको गरिमा उपल्लो कोटीको हुन्छ । यो गरिमा त्यसैले बुझ्न सक्छ जसले आफ्नो जीवन र अरूको जीवनमा पनि केही सौन्दर्य भरेको छ ।

कसैका निम्ति आशा, उत्साह र प्रेरणाको स्रोत बन्नुको महत्ता अप्रतिम हुन्छ । यस कुराको अनुभूति मात्रले मानिसको मनमा हरक्षण, हरपल खुसीका लहर दौडन्छन्, खुसीको अतिरेकले मन गद्गद् भइरहेको हुन्छ । यसरी मानिसलाई उसको सौन्दर्यका सम्पूर्ण आयाम उघार्न सघाउने विधा ध्यान हो। बुद्ध भन्नुहुन्छ, "ज्ञान र ध्यान साथसाथै अभ्यास गर्दै निर्वाणसम्म पुग्न सकिन्छ ।"

मनको साक्षी हुँदा दृष्टि बदलिन्छ, दृष्टि बदलिँदा सृष्टि बदलिन्छ । मानिसले आफ्नो कर्म मन लगाएर गर्न थाल्छ र त्यसैमा सुख फेला पार्छ, सुखको माग मनबाट गायब हुन्छ ।

**ध्यानको प्रयोग**

व्यासले पतञ्जलिको योगसूत्रमा भाष्य लेख्दा भनेका छन :

चित्त नदी नाम उभयतो वाहिनी, पुण्याय च वहति पापाय च ॥

अर्थात् मानिसको मन हरदम गतिशील हुन्छ, यो दुवैतिर प्रवाहमान हुन्छ, पुण्यतिर पनि बग्छ, पापतिर पनि बग्छ ।

मनलाई हरपल बशमा राखिरहन र कुशल कर्ममा लगाइरहन आवश्यक हुन्छ । यसो गर्न वर्तमान क्षणमा होसपूर्ण रहने अभ्यास चाहिन्छ । क्षणिक सुखको त्याग असीमित सुख देखेपछि मात्र सम्भव हुन्छ ।

मोटरसाइकल छाड्न गाडी पाएको हुनुपर्छ । जसले गाडी पाएको छैन उसले मोटरसाइकलै चलाएर गुजारा गरिरहेको हुन्छ किनभने मानिसलाई आनन्द चाहिरहन्छ । ठूलो आनन्द नपाउँदासम्म क्षणिक सुखले नै काम

चलाइरहनु स्वाभाविक हो । ठुलो आनन्दका लागि बर्तमान क्षणमा होसमा रहने अभ्यास अत्यावश्यक हुन्छ ।

वर्तमान समयमा होसमा रहनु सुन्दा सहज लागे पनि यो अभ्यासमा अभ्यस्त हुन त्यति सजिलो छैन । बर्माबाट विपश्यना ध्यानलाई विश्वभर विस्तार गर्नुभएका सत्यनारायण गोयन्काका अनुसार कम्तीमा दस दिनको अनवरत ध्यानको अभ्यासले मनलाई स्थिर गर्न र होसमा रहन सघाउँछ । त्योभन्दा कम अभ्यासले सम्भव नदेखेर विपश्यना शिविरमा नवप्रवेशीलाई दस दिनभन्दा कम अवधिको ध्यान सिक्ने व्यवस्था नै राखिएन ।

दश दिनको अनवरत अभ्यासका क्रममा मानिसको मन केही स्थिर हुन थाल्छ र उसले आफ्नै मनका गतिविधि नियाल्नसक्ने हुन्छ । अन्यथा मानिस मनसँगै दौडिरहेको हुन्छ, मनलाई नै आफू ठानिरहेको हुन्छ । आफ्नै मनलाई केही दूरीबाट नियाल्ने कला सिक्नु भनेको मनको साक्षी हुनु हो ।

शमथ ध्यानले आफ्नै मन कहाँ, कता र कसरी दौडिरहेको छ देख्न सक्ने र मनलाई पक्रन सक्ने क्षमता दिन्छ । विपश्यना ध्यानले मनलाई सही ठाउँमा ठेगान लगाउने उपाय सुझाउँछ ।

ध्यानको अभ्यास गर्दा सही उद्देश्यले गरिएको हुनुपर्छ, मनमा सही चेष्टा हुनुपर्छ । अन्यथा ध्यानले मानिसलाई कहीं पुऱ्याउँदैन । धारिलो हतियारले कसैको रक्षा गर्न पनि सकिन्छ तर त्यही हतियारले कसैको हत्या पनि हुनसक्छ ।

बौद्ध ध्यान पद्धति व्यवस्थित र सङ्गतिपूर्ण छ । यो ध्यान आँखा चिम्लेर एकाध घन्टा शान्त बस्दैमा पूरा हुँदैन । ध्यानका चरणहरू हुन्छन् र हरेक चरणमा सजगता हुनुपर्छ । देखेका, सुनेका र कल्पना गरेका सबै वस्तु शून्य हुन् भनी थाहा पाउन पञ्चस्कन्धको शून्यता बुझ्नुपर्छ ।

कसरी दृश्यमान वस्तु र मनका गतिविध प्रतीत्यसमुत्पन्न हुन्छन् र कसरी ती सबै आफ्नै स्वत्वरहित हुन्छन् भन्ने बुझ्नुपर्छ । यसरी धर्मविचय गर्दै जाँदा समताभाव पैदा हुन्छ ।

ध्यानको अभ्यासले रुचिको विधामा उत्कृष्टता हासिल गर्न सघाउँछ । कलामा निखार दिलाउँछ । मानिसलाई नैतिकवान् बनाउँछ । केवल ध्यानी व्यक्ति रूपान्तरित हुन सक्छ । डिग्री या सफलता त सामान्य बुद्धि भएका मानिसले पनि प्राप्न गर्न सक्छन् । रूपान्तरणका लागि अधिक चेष्टा र दृष्टि हुनुपर्छ । आफ्नै मनको साक्षी हुनुपर्छ ।

**मनको साक्षी**

वर्तमान क्षणमा होसपूर्ण रहनु अद्भूत कुरा हो किनभने सुखशान्ति न विगतको यादमा छ न भविष्यको कल्पनामा, बास्तविक सुख, शान्ति, चैन सबै बर्तमानमै छ ।

आनन्द अहिले यहीं छ । अनुभूति गर्ने चित्त हामीसँग छैन । सौन्दर्य अहिले यहीं छ देख्ने आँखा हामीसँग छैन, सङ्गीत अहिले यहीं छ त्यसको सरगम श्रवण गर्ने कान हामीसँग छैन ।

मनको साक्षी हुन सिक्दा मन शान्त हुन थाल्छ र, मनमा अपार ऊर्जा सञ्चय हुन थाल्छ । ऊर्जाबान् भएको क्षणमा नै हामीले आनन्द, सौन्दर्य र संगीत देख्न सक्छौं ।

यदि हामी दोषरहित छौं भने हामीले बाहिर दोष देख्नै सक्दैनौं । अरूलाई मन पराउन पहिला हामीले आफूलाई मन पराएको हुनुपर्छ । बुद्धका शिक्षाको योभन्दा सुन्दर बुझाइ देख्न, सुन्न मुस्किल हुन्छ ।

बुद्धले बारम्बार भन्नुभएको छ-

अत्ता हि अत्तनो नाथो, अप्प दीपो भव ।

तिमी आफू आफ्नै भगवान् हौ । अरूमा प्रकाश खोज्नुभन्दा आफूमै खोज्न चेष्टा गर । अरूबाट कल्याणको आश गर्नुभन्दा आफैंले आफ्नो कल्याण गर । अरूमा प्रेरणा खोज्नुभन्दा आफूमै प्रेरणा खोज ।

मनको साक्षी हुँदा दृष्टि बदलिन्छ, दृष्टि बदलिँदा सृष्टि बदलिन्छ । मानिसले आफ्नो कर्म मन लगाएर गर्न थाल्छ र त्यसैमा सुख फेला पार्छ । सुखको माग मनबाट गायब हुन्छ । मानिस आफ्नो सुखको मालिक आफैँ हुन्छ ।

बुद्धले ध्यानको बाटो देखाइदिनुभयो । हिँड्ने चेष्टा हाम्रै मनमा पैदा हुनुपर्छ ।

विपश्यनाको प्रतिफल

अनित्य देखेमा दुःख प्रकट हुन्छ ।

दुःख प्रकट भएमा अनात्म देखिन्छ ।

अनात्म देखेमा निर्वाणमा चाँडो पुगिन्छ ।

**सन्दर्भ सामग्री**

१. श्याल्पा तेन्जिन रिन्पोछे, प्रत्येक श्वासमा आनन्द : साङग्रिला बुक्स काठमाडौं

२. अग्गमहापण्डित महास्थविर महाशी सयादो, (अनु भिक्षु ज्ञानपुर्णिक महास्थविर), महास्मृतिप्रस्थान सुत्त, ललितपुर

३. भदन्त ऊ सोभन महास्थविर, (अनु भिक्षु नायको), वम्मिक सुत्त, काठमाडौं

४. महाशी सयादो धर्मकथिक, (अनु भिक्षु ज्ञानपूर्णीक महास्थविर) दृष्टि र तृष्णा उन्मुलक उपदेश, काठमाडौं

५. छोक्न्यी रिन्पोछे, (अनु डा सरोज धिताल), चित्त खुलोस हृदयसँगै, अल्केमी पब्लिकेशन, काठमाडौं

६. खेन्क्षेन नाम्डोल रिन्पोक्षे, words of my precious teacher, gyanjyoti santi abhiyan

# अन्तर्वार्ता

*(एसईई २०८० को नतिजा प्रकाशन भएको छ । यस पटक प्रकाशित नतिजामा पनि बुढानीलकण्ठ नगरपालिका स्थित विद्यालयहरूले विगतको नतिजाको रेकर्ड तोड्दै नयाँ विरासतपूर्ण इतिहास रचेका छन् । एसईई २०७८ मा जम्मा दुई जनाले जिपिए चार ल्याएका थिए । यो सङ्ख्या २०७९ को एसईईमा यो पाँच पुग्यो । २०८० को एसईईमा यो १६ पुगेको छ । नेपाल भरीबाट १८६ जनाले जिपिए चार ल्याउँदा बुढानीलकण्ठ नगरपालिकाले ९ प्रतिशत हिस्सा आफ्नै भागमा पार्न सफल भएको छ । समग्र नतिजा विश्लेषण गर्दा सामुदायिक माध्यमिक विद्यालयहरूले मात्र ८६ प्रतिशत उत्तीर्ण दर हासिल गरेका छन् । चमत्कारपूर्ण ढङ्गले नतिजामा आएको सुधारका सन्दर्भमा राम्रो नतिजा हासिल गर्ने केही विद्यार्थी र विद्यालयका प्रधानाध्यापकसँग गरिएको कुराकानीको केही अंश)*

**पहिलो अन्तर्वार्ता**

बि.सं. २०६४ सालमा सामान्य परिवारमा जन्मिएकी रिजा लामिछानेले कक्षा आठ सम्मको अध्ययन भिक्टरह्युगो विद्यालयबाट पूरा गरी कक्षा ९ र १० जनउद्धार माध्यमिक विद्यालयमा अध्ययन गरी यसै विद्यालयबाट बि.सं. २०८० मा लिइएको एसईई परीक्षामा सहभागी भएर ३.९१ जिपिए प्राप्त गरी सामुदायिक विद्यालयबाट सर्वोत्कृष्ट नतिजा प्राप्त गर्न सफल भइन् । अध्ययनमा उच्च लगाब राख्ने रिजा लामिछानेसँग लिइएको अन्तर्वार्ताको केही अंश )

**१. तपाईंले एसईईमा ३.९१ जिपिए प्राप्त गर्नुभएको छ ? एसईई नतिजा प्रकाशन पूर्व यस्तो अपेक्षा राख्नुभएको थियो ?**

मैले एसईईमा चार जिपिए प्राप्त गर्न सकिनँ तर पनि मेरो लागि उत्कृष्ट ३.९१ जिपिए प्राप्त गरेकी छु । एसईई नतिजा प्रकाशन पूर्व मैले यो जिपिएको अपेक्षा राखेकी थिइनँ, आफ्नो तर्फबाट राम्रो गर्ने प्रयास गरेकी थिएँ ।

**२. तपाईंले कसरी यस्तो उत्कृष्ट नतिजा हासिल गर्नुभयो ?**

मैले यस्तो उत्कृष्ट नतिजा हासिल गर्नुमा मेरो मिहिनेतको साथसाथै मेरो विद्यालयका गुरूहरू र परिवारको साथ सहयोग रहेको छ । मैले राम्रो नतिजा ल्याउनका लागि आफ्नो अध्ययनलाई विद्यालयमा मात्र सिमित नराखी घरमा पनि सबै विषय समय मिलाएर अध्ययन गर्थें । नबुझेका कुराहरू विद्यालयमा आएर गुरूहरूलाई सोध्थें । निरन्तरको लगाबले मलाई यो नतिजा प्राप्त गर्न सहयोग पुऱ्यायो ।

**३. तपाईंको सफलताको प्रमुख श्रेय कसलाई दिन चाहनुहुन्छ ?**

मेरो सफलताको प्रमुख श्रेय म मेरो विद्यालयका गुरूहरू र मेरो परिवारलाई दिन चाहन्छु । उहाँहरूको मप्रतिको विश्वास,प्रेरणा,हौसला एवम् साथ सहयोगले गर्दा नै मैले यो सफलता प्राप्त गरेकी छु ।

## ४. हरेक विद्यार्थीको उच्च सफलताका लागि घरपरिवारको भूमिका कस्तो रहनुपर्दछ ?

हरेक विद्यार्थीको उच्च सफलताका लागि घरपरिवारको भूमिका महत्त्वपूर्ण हुने गर्छ । घरको वातावरणले विद्यार्थीको मानसिक तथा शैक्षिक स्थितिमा प्रत्यक्ष असर पार्ने गर्दछ । विद्यार्थीको सफलताका लागि घरपरिवारले विद्यार्थीलाई पढ्ने वातावरण मिलाउनका साथै विद्यार्थीलाई माया,ममतका साथ हौसला दिनुपर्छ जसले उसलाई सफलता प्राप्त गर्न सहज हुन्छ । विद्यार्थीलाई यति जिपिए ल्याउनै पर्छ नत्र यस्तो गर्छु, उस्तो गर्छु भन्ने त्रास दिँदा झन् नतिजा खस्कने डर हुन्छ ।

## ५. एसईईको तयारी कसरी गर्नुभएको थियो ?

एसईईको तयारी मैले सुरूदेखि नै गरेकी थिएँ । मलाई मेरो विद्यालय तथा परिवारको विश्वास तोड्नु थिएन । यसैले मलाई सधैँ उत्प्रेरित गर्थ्यो । म विद्यालयमा पढेका कुराहरूलाई घरमा गएर सधैँ दोहोऱ्याएर गर्थें । दिनदिनै गणित अभ्यास गर्थें । नेपाली,सामाजिक तथा अङ्ग्रेजीका लागि समय तोकेरै लेखाइको प्रयास गर्थें । हरेक प्रश्न गर्न ग्रिड अनुसार तोकिएको समय घडी हेरेर लेख्न प्रयास गर्थें । भाषा विषयमा अक्षर तथा शुद्धताको महत्त्व हुने भएकाले अक्षर राम्रो बनाउने र शुद्ध लेख्ने प्रयास गर्थें । हरेक शनिबार तीन घण्टा समय परीक्षाका लागि छुट्याउथेँ । सेट किताबबाट एउटा सेट छुट्याउथेँ र आफ्नो परीक्षा आफैँ लिन्थेँ र गुरूहरूलाई परीक्षण गर्न दिन्थेँ । आफ्नो त्रुटिलाई सुधार्थें र सुझाव लिन्थेँ ।

## ६. एसईईको परीक्षा सञ्चालन अवधिमा कुनै व्यवस्थाकीय त्रुटि पाउनुभयो ?

हाम्रो विद्यालयको केन्द्र महाङ्काल जनजागृती मा.वि. मा थियो । एसईई परीक्षा सञ्चालनको अवधिमा मैले कुनै व्यवस्थापकीय त्रुटि पाइनँ । समयमा नै उत्तरपुस्तिका र प्रश्नावली प्राप्त भएको थियो । भयरहित वातावरणमा सहजताकासाथ परीक्षा दिन पाइएको थियो । यसको लागि सबै पक्षलाई धन्यवाद दिन्छु ।

## ७. एसईई परीक्षा सञ्चालनको समयमा गर्नुपर्ने सुधारका लागि तपाईंको के सुझाव रहेको छ ?

त्यस्तो केही छैन । उत्प्रेरणाले हरेक कार्यमा सफलता पाउन सहयोग गर्ने हुनाले एसईईको तयारी गरिरहँदा उत्प्रेरणात्मक कक्षा पनि छोटो समयको भएप नि राखिदिँदा राम्रो हुने थियो जस्तो लाग्छ मलाई ।

## ८. तपाईंको भविष्यको लक्ष्य के छ ? किन यस्तो लक्ष्य छनोट गर्नुभयो ?

मैले भविष्यमा यही नै गर्छु भनेर निश्चित लक्ष्य तय गरिसकेकी छैन । दुई, तीनओटा वृत्ति मेरो रोजाइमा छन् । मलाई के विश्वास छ भने म सधैँ बाबा, आमा, गुरू र देशको माटोलाई सदैव मनमा लिई कार्य गर्ने छु । मेरो इच्छालाई मार्ने छैन र आफ्नो जोश र पेसालाई बनाउन चाहन्छु । म आफ्नो परिवार, समाज र राष्ट्रको लागि गर्व गर्न लायक व्यक्ति बन्ने छु ।

## ९. विद्यालयमा अध्ययन गर्दाको सबैभन्दा रमाइलो पल सम्झिनु पर्दा के सम्झनुहुन्छ ?

जनउद्धार मा.वि. मा मेरा सम्पूर्ण पलहरू निकै अविस्मरणीय रहे । शिक्षकहररू निकै मिलनसार र सहयोगी

हुनुहुन्थ्यो भने साथीहरूले पनि मलाई सधैँ सहयोग गरिरहे । विद्यालयमा अध्ययन गर्दाको सबैभन्दा अविस्मरणीय पल भनेको कक्षा नौ मा अध्ययन गर्दा साथी र शिक्षकहरूसँग बाग्द्वारसम्मको पैदलयात्रा गर्दाको रह्यो ।

**१०. सामुदायिक विद्यालयहरूमा सुधार गर्नुपर्ने पक्ष के देख्नुहुन्छ ?**

सामुदायिक विद्यालयमा सुधार गर्नुपर्ने पक्ष भन्नुपर्दा धेरै कुरा त राम्रा छन् तर प्राविधिक शिक्षामा जोड दिनुपर्छ । विद्यार्थीहरूलाई प्रविधिमा दक्ष बनाउने, भविष्यको पेसा छनोटमा सहयोग गर्नुपर्ने यस्तै हुन् ।

**११. तपाईँले एसईई उत्तीर्ण गरेको विद्यालयको सवल र कमजोर पक्ष के के थिए ? बताइदिनुहोस् ।**

सल पक्षहमा विद्यालय सफा स्वच्छ वातावरणमा रहेको, मिलनसार सहयोगी दक्ष शिक्षकहरू, रमाइलो वातावरणमा शिक्षण हुने, प्रतिभा प्रस्फुटनको अवसर पाइने, समयको पूर्णरूपमा पालना आदि हुन् ।

कमजोर पक्षहरूमा कहिलेकाहीँ शिक्षकहरू सरूवा हुँदा, छोडेर जाँदा अलि धेरै दिनसम्म विषयगत पढाउने शिक्षकहरूको अभाव भएको थियो । त्यस्तो नभइ दिए हुन्थ्यो जस्तो लाग्छ । कक्षा ९ मा ऐच्छिक विषयहरू छनोट गर्दा अलि धेरै विकल्प भए राम्रो हुने थियो जस्तो लाग्छ । अरू त केही छैन ।

**१२. तपाईं संस्थागत विद्यालयमा कक्षा आठसम्म पढेर सामुदायिक विद्यालयमा भर्ना हुन आउनुभएछ । सामुदायिक विद्यालयमा कसरी आकर्षित हुनुभयो ?**

म कक्षा आठसम्म पढेको विद्यालय र कक्षा नौ र दश पढेको विद्यालय नगिचै थिए । मैले म नौ र दश कक्षा पढेको विद्यालयका गतिविधि नियालीरहेको थिए । त्यही विद्यालयको प्रधानाध्यापकले पनि आफ्नो छोराछोरी आफैँले पढाउने विद्यालयमा भर्ना गर्नुभएको थियो । अर्को म आठ कक्षासम्म पढेको विद्यालयमा गणितको राम्रो शिक्षक नहुँदा मेरो आधार कमजोर बनिरहेको थियो । यिनै कारणले गर्दा मैले आठ कक्षासम्म पढेको विद्यालय छाडेर नयाँ विद्यालयमा भर्ना हुने निश्चय गरेँ ।

**१३. अन्य विद्यार्थीलाई अध्ययनमा सफलताका लागि के सुझाव दिनुहुन्छ ?**

अन्य विद्यार्थीहरूलाई अध्ययनमा सफलता पाउन निम्न सुझाव दिन चाहन्छु :

- विद्यालयमा मात्र होइन घरमा गएर पनि स्वाध्ययन गर्ने
- गणित विषयमा अभ्यास बढी गर्ने
- भाषा विषयमा अक्षर र लेखाइको शुद्धतामा ध्यान दिने
- धेरै तनाव नलिने
- धेरै पढ्ने भनेर रातभरि बसेर पढ्नुहुँदैन, यस्तो गर्दा विद्यार्थीलाई झन् शारीरिक, मानसिक थकान बढी भई अनेक किसिमका समस्या आउन सक्छन् ।

- गुरुहरूबाट सुझाव लिइरहने
- पढाइका लागि आवश्यक सम्पूर्ण सामग्री लिने र अरूको लागि होइन आफ्नै लागि पढ्ने हो भन्ने सोच राख्ने
- सधैं सकारात्मक बन्ने ।

**दोस्रो अन्तर्वार्ता**

*(बुढानीलकण्ठ नगरपालिकाको वडा नं. १० स्थित रिलायन्स इन्टरनेसनल एकेडेमीले वि.सं. २०७९, २०८० र २०८१ मा लिइएको एसईई परीक्षामा लगातार उत्कृष्ट नतिजा सहित जिपिए चार ल्याउन सफल भएको छ । यस विद्यालयले धेरै सङ्ख्यामा भविष्यका ताराहरू उत्पादन गर्ने सफलता र सौभाग्य पाएको छ । यस वर्ष पनि धेरै ताराहरू उत्पादन गरेको छ । जसमध्ये नर्सरी देखि कक्षा दशसम्मको अध्ययन यसै विद्यालयबाट गरेका उज्ज्वल देवकोटा एक हुन् । उनले वि.सं. २०८० मा लिइएको एसईई परीक्षामा सहभागी भएर ४ जिपिए प्राप्त गरी विद्यालयबाट सर्वोत्कृष्ट नतिजा प्राप्त गर्न सफल भए । अध्ययनमा उच्च लगाव राख्ने विद्यार्थी उज्ज्वल देवकोटासँग लिइएको अन्तर्वार्ताको केही अंश)*

**१. तपाईंले एसईईमा चार जिपिए प्राप्त गर्नुभएको छ ? एसईई नतिजा प्रकाशन पूर्व यस्तो अपेक्षा राख्नुभएको थियो ?**

मैले एसईईमा चार जिपिए प्राप्त गरेको छु । एसईई नतिजा प्रकाशन पूर्व मैले यस्तो अपेक्षा भने राखेको थिइनँ । मैले मेरो जिपिए ३.९ माथि नै अपेक्षा राखेको थिएँ । मैले आफ्नो हडबडाउने बानी तथा फोहोर अक्षरका कारण मेरो नेपाली विषयमा अङ्कको अपेक्षा राखेको थिइनँ तर अहिले जिपिए चार आउँदा पक्कै पनि मेरो हडबडाउने बानीलाई सन्तुलित राखे जस्तो लाग्छ ।

**२. तपाईंले कसरी यस्तो उत्कृष्ट नतिजा हासिल गर्नुभयो ?**

मेरो विचारमा कुनै पनि विषयमा उत्कृष्ट नतिजा हासिल गर्नमा कहिल्यै पनि एक जनाको भूमिका मात्रै हुँदैन । मिहिनेत र सङ्कल्प नै उत्कृष्ट नतिजाको कारण हो । मैले घरमा पाएको वातावरण र सहयोगले गर्दा पनि मैले यस्तो उत्कृष्ट नतिजा हासिल गर्न सम्भव भएको हो भन्ने लाग्छ साथै दिन रात हाम्रो पढाइ सुधार्न लागिरहने शिक्षकहरू, मलाई सहयोग गर्ने र हौसला प्रदान गर्ने आमाबुबाहरू, मसँगै पढाइमा जुटिरहने साथीहरू, हामीलाई समयमा परीक्षा स्थल पुऱ्याउने सवारी चालक र यी सबै पक्षको राम्रो व्यवस्थापन गर्ने विद्यालयको पनि ठुलो योगदान रहेको छ ।

**३. तपाईंको सफलताको प्रमुख श्रेय कसलाई दिन चाहनुहुन्छ ?**

म मेरो सफलताको प्रमुख श्रेय ती हरेक व्यक्तिलाई दिन चाहन्छु जसले मलाई नराम्रो बन्दा राम्रो बन्न सिकाउनुभयो, नबुझेको समयमा मेरो चिन्ता हल गरिदिनुभयो र मेरो सफलताको कामना गर्नुभयो । यस

चुचुरोमा पुऱ्याउन तत्पर रहेका विभिन्न व्यक्तिहरूमध्ये म मेरो सफलतको प्रमुख श्रेय मेरा गुरुवर्गहरूलाई दिन्छु । आफ्ना विद्यार्थीहरूका लागि बिहान छ बजेदेखि बेलुका सात बजेसम्म आफ्नो भोक, निद्रा र आरामलाई त्यागेर हलपल, हरघडी हामीलाई सही बाटोमा डोऱ्याउनुहुने शिक्षकहरू, शुभचिन्तक तथा इष्टमित्र नै मेरो सफलताका प्रमुख श्रेय लिन योग्य व्यक्ति हुनुहुन्छ ।

### ४. हरेक विद्यार्थीको उच्च सफलताका लागि घरपरिवारको भूमिका कस्तो रहनुपर्छ ?

घरमा आउने वातावरणले नै व्यक्तिगत आचरण दर्साउँछ । हामीले घरमा पाउने आदर, सत्कार, स्नेह, प्रेमले नै हामीलाई आफ्नो व्यक्तित्व बनाउन मदत गर्छ । घरपरिवारको भूमिका हरेक विद्यार्थीको सफलताका लागि अत्यन्तै महत्त्वपूर्ण र प्रेरणदायी रहनुपर्ने हुन्छ । घर परिवार नै बच्चाको पहिलो पाठशाला भनिन्छ किनकि घरपरिवारले आफ्नो सन्तानको चरित्र निर्माणका साथै उच्च सफलताका लागि भूमिका खेलेको हुन्छ । पाठ्यसामग्रीको उपलब्धता तथा अध्ययनका लागि मानसिक साथ र सुझाव परिवारबाट मिल्छ । घरपरिवारले बालमैत्री वातावरणको निर्माण गरिदिनुपर्छ ।

### ५. एसईईको तयारी कसरी गर्नुभएको थियो ?

सर्वप्रथम त मैले एसईईप्रति रहेको मेरो भावना परिवर्तन गरी एसईई भनेको सामान्य नै हो भन्ने धारणाको विकास गरेँ । जसले मलाई मानसिक सहायता प्रदान गऱ्यो । मैले विद्यालयमा पढाइने सबै विषयवस्तुलाई घरमा पुनः अध्ययन गरेँ । मलाई केही विषयमा समस्या पर्दा मैले तत्काल सहयोग प्राप्त गरेको थिएँ जसले गर्दा मेरो समय बचत भएको थियो साथै मैले सम्पूर्ण पाठ्यसामग्रीको सही सदुपयोग गरी अध्ययनमा रहेँ । समग्रमा मेरो एसईईको तयारी निकै राम्रो थियो ।

### ६. एसईईको परीक्षा सञ्चालन अवधिमा कुनै व्यवस्थाकीय त्रुटि पाउनुभयो ?

एसईई परीक्षा सञ्चालन अवधिमा मैले कुनै व्यवस्थापकीय त्रुटि पाइनँ तर अपरिचित कक्षाकोठामा बसेर परीक्षा दिन डर भएको थियो । परीक्षा हलमा रहने केही निरीक्षकलगायत अरूको व्यबहार पनि परीक्षामैत्री नभएको अवस्था थियो ।

### ७. एसईई परीक्षा सञ्चालनको समयमा गर्नुपर्ने सुधारका लागि तपाईंको के सुझाव रहको छ ?

एसईई परीक्षाको नतिजा प्रणाली र शिक्षण प्रणालीको असन्तुलन एक समस्या हो । हाम्रो ग्रेडिङ प्रणाली बिदेशी प्रणाली हो तर हाम्रो शिक्षण प्रणाली भने परम्परागत नै छ । यसले गर्दा उत्तीर्ण हुनेभन्दा नहुनेको सङ्ख्या धेरै छ । एसईई परीक्षा अपेक्षित शैलीमा सञ्चालित नभएका घटना पनि धेरै छन् । परीक्षा अवधिभरि परीक्षार्थीहरूलाई हतास नहुने गरी सहज बातावरण सिर्जना गर्नुपर्छ । निरीक्षक लगायतको व्यवहार परीक्षामैत्री हुनुपर्छ । हरेक केन्द्रलाई एउटै शैलीमा एसईई परीक्षा सञ्चालन गर्न लगाउनुपर्ने मेरो सुझाव रहेको छ ।

**८. तपाईंको भविष्यको लक्ष्य के छ ? किन यस्तो लक्ष्य छनोट गर्नुभयो ?**

आफ्नो दुःख, मिहिनेत र सिपले कसैलाई मदत गरेर उसको जीवन बचाएर सेवामार्फत् भित्रबाट सन्तुष्टि प्राप्त गर्ने पेसा डाक्टरको रहेको छ । तसर्थ मेरो भविष्यको लक्ष्य न्युरो सर्जन (Neuro Surgen) बन्ने हो । मैले समाजमा नसा सम्बन्धी हुने रोगले मृत्यु भएको थाहा पाएको छु । म सम्पूर्ण नसा सम्बन्धी रोगीको उपचार गरी समाजमा अब्बल बदलाव ल्याउनका निम्ति न्युरो सर्जन (Neuro Surgen) बन्ने लक्ष्य लिएको हुँ ।

**९. विद्यालयमा अध्ययन गर्दाको सबैभन्दा रमाइलो पल सम्झनु पर्दा के सम्झनुहुन्छ ?**

विद्यालयमा अध्ययन गर्दा विभिन्न कियाकलापमा भाग लिएको, साथीभाइसँग हाँसखेल गरेको र शैक्षिक भ्रमणमा गरेका रमाइला गफगाफलाई नै रमाइलो पलको रूपमा सम्झन्छु ।

**१०. संस्थागत विद्यालयहरूमा सुधार गर्नुपर्ने पक्ष के देख्नुहुन्छ ?**

संस्थागत विद्यालयहरूमा सुधार गर्नुपर्ने पक्ष भनेको विद्यार्थीको अवस्थालाई बुझेर सही ढङ्गले सहज तरिकामा समस्या समाधान गर्नुपर्ने र पढाइको भारलाई सकेसम्म न्यून गर्नुपर्ने हो ।

**११. तपाईंले एसईई उत्तीर्ण गरेको विद्यालयको सबल र कमजोर पक्ष के के थिए ? बताइदिनुहोस् ।**

मैले आफ्नो एसईई परीक्षा कपन, मिलनचोक स्थित रिलायन्स इन्टरनेसनल एकेडेमीबाट दिएको हुँ । यसका धेरै सबल पक्षहरू रहेका छन् जसमध्ये यहाँ अध्ययन गराउने शिक्षकहरू निकै अनुभवी र प्रधानाध्यापक निकै सहयोगी हुनुहुन्छ । यहाँको व्यवस्थापन समिति उत्कृष्ट रहेको छ । हरेक कक्षामा दुई मिनेट ध्यानको संस्कति, 'भिस्टार प्रोजेक्ट', योग मेरो विद्यालयको सबल पक्ष हो । विद्यार्थीहरूको चौतर्फी बिकासका लागि बिभिन्न प्रतियोगिताहरूका साथै अनुशासित व्यक्तित्व निर्माणका लागि बिभिन्न परियोजना (प्रोजेक्ट) पनि सञ्चालन गरिन्छ । मेरो विद्यालयको कमजोर पक्ष भनेको लामो पठनपाठन समय र थुप्रो शैक्षिक भार हो ।

**१२. अन्य विद्यार्थीलाई अध्ययनमा सफलताका लागि के सुझाव दिनुहुन्छ ?**

अध्ययनमा सफलताका लागि आफूले सही सामग्री खोजेर मिहिनेत गर्नु नै प्रमुख सुझाव हो । जुनसुकै अवस्थामा पनि हामीले मिहिनेत गर्न छोड्नु हुँदैन र हरेक कुराबाट केही सिकेर अघि बढ्न पर्छ । घोकेरभन्दा बुझेर पढ्न कोसिस गर्नुपर्छ, विद्यालयमा पुस्तकालय छ । पुस्तकालयबाट धेरै भन्दा धेरै पुस्तकहरू पढ्ने, पत्रपत्रिका पढ्ने, घरमा पढ्नका लागि सबै विषयलाई मध्यनजर गर्दै समयतालिका बनाएर पढ्ने बानीको पनि विकास गर्नुपर्छ । इन्टरनेटबाट खोजेर समेत पढ्नुपर्छ । परीक्षाको धेरै चिन्ता नलिने, ताजा दिमागा र बलियो स्वास्थ्यका साथ परीक्षा दिने र सम्पूर्ण विषय अध्ययन गर्ने सुझाव दिन्छु ।

## तेस्रो अन्तर्वार्ता

*(बुढानीलकण्ठ नगरपालिकाको वडा नं.१३ स्थित श्री जनउद्धार माध्यमिक विद्यालय दिनानुदिन सफलताको नयाँ शिखर चुम्न सफल बनिरहेको छ । शान्त, मनोरम वातावरणमा अवस्थित यस विद्यालयमा विद्यालयलाई अझ कसी उँचो बनाउने भन्ने सन्दर्भमा राम्रो टिम वर्क सहित प्रभावकारी नेतृत्व निर्वाह गर्न सक्षम प्रधानाध्यापक हुन् हरेराम खत्री । यही सक्षमताको कारण नै वि.सं. २०८० मा लिइएको एसईई परीक्षामा सामुदायिक विद्यालयको तर्फबाट उत्कृष्ट नतिजा ल्याउन सफल भएको छ जनउद्धार माध्यमिक विद्यालय । यहाँ यही सफल विद्यालयका प्रधानाध्यापक श्री हरेराम खत्रीसँग लिइएको अन्तर्वार्ताको केही अंश प्रस्तुत गरिएको छ ।)*

**१. तपाईंको विद्यालयबाट सामुदायिक विद्यालयतर्फ सबैभन्दा उत्कृष्ट नतिजा आएको छ ? एसईई नतिजा प्रकाशन पूर्व यस्तो अपेक्षा राख्नुभएको थियो ?**

योजना, लक्ष्य र गन्तव्य सहितको प्रयास गरिएको हुनाले आशा त चार जिपिको नै थियो । लगाव, प्रयास, मिहिनेत गएका बर्षहरूमा पनि हाम्रो विद्यालयले गर्दै आएको थियो र नतिजा पनि राम्रो हुँदै आएको नै थियो तर यो बर्ष विशेष रहन पुग्यो शिक्षा महाशाखाको अथक र सक्रियताका साथै शैक्षिक उन्नयन बर्षको घोषणा गरिनुका कारण र नगरप्रमुखज्यूबाट पनि जिपिए चार ल्याउने विद्यालयका लागि रु पाँच लाख र विद्यार्थीका लागि रु एक लाख आर्थिक प्रोत्साहन स्वरूप पुरस्कार दिने घोषणाले थप दवाब र क्रियाशील बनाउन तथा ऊर्जा मिल्न पुग्यो । हाम्रो लक्ष्य त चार जिपिए ल्याउनु नै थियो, प्रयास पनि गरेकै हो तर पनि सामुदायिक विद्यालयको समग्र नतिजा सुदृढीकरण कार्यक्रममा सहभागी भई ३.९१ मा मात्र सीमित भइयो र प्राप्त जानकारीअनुसार बुढानीलकण्ठ नगरपालिकाको सामुदायिक विद्यालयबाट सर्वोत्कृष्ट नतिजा पनि प्राप्त गर्न सकियो ।

**२. तपाईंको विद्यालयले कसरी यस्तो उत्कृष्ट नतिजा हासिल गर्न सक्यो ?**

यस बिद्यालयको प्रतिबद्ध शिक्षक साथीहरूको मिहिनेत र परिश्रम, व्यवस्थापकीय सहकार्य साथै ाायअप तभकत, सहपाठी शिक्षण क्रियाकलाप, अतिरिक्त समय शिक्षण, आबासीय शिक्षण जस्ता क्रियाकला लगाएत गन्तव्य र लक्ष्यको आधारमा योजना सहितको क्रियाकलाप आवश्यकाता हुन्छ नै । त्यसको लागि समूह कार्य र आपसी सहयोग (TEAM work, Cooperation / collaboration) द्वारा कटिबद्ध र प्रतिबद्धता सहितको सकारात्मक सोचबाट गरिएको कार्यहरू नै महत्त्वपूर्ण हुन जस्तो मलाई लाग्छ ।

**३. विद्यालयले यस स्तरको सफलता पहिले प्राप्त गरेको थियो ? यो सफलताको प्रमुख श्रेय कसलाई दिन चाहनुहुन्छ ?**

यसभन्दा अगाडि अर्जुन वि.क.ले ३.९ जिपिए प्राप्त गरेका थिए । हाल उनी अमेरिकामा छात्रवृत्तिमा अध्ययन गरिरहेका छन् । पक्कै पनि यसमा विद्यार्थीको लगाब, मिहिनेत, घर परिवारको चासो, सहयोगका

साथसाथै शिक्षक साथीहरूको योजना, मिहिनेत र समग्र विद्यालयको व्यवस्थापकीय पक्ष र समग्र विद्यालय परिवार नै यसका श्रेयका पात्रहरू हुन् ।

**४. विद्यार्थीको उच्च सफलताका लागि विद्यालय र घरपरिवारको भूमिका कस्तो रहनुपर्छ ?**

विद्यालयले आफ्नो योजनाअनुसारको शैक्षणिक गतिविधिहरू तदारुकताका साथ सञ्चालन गर्नुपर्छ । अवश्य पनि घरपरिवारको भूमिका त झन् महत्त्वपूर्ण हुन्छ । अभिभावकहरूको चासो र घरपरिवारको साथ सहयोग र उचित वातावरण सिर्जना गर्ने कार्यले त विद्यार्थीको एकाग्रता र अध्ययन वातावरण कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।

**५. विद्यालयमा एसईईको तयारी कसरी गराउनुभएको थियो ?**

अतिरिक्त समय शिक्षण र अतिरिक्त क्रियाकलापका साथै विद्यार्थीहरूलाई सकारात्मक र उच्च मनोवलका साथै प्रश्नका उत्तरहरू लेख्ने अभ्यास बारम्बार गरायौं । नियमित रूपमा विगतमा वर्षहरूमा विद्यालयमा नै आवासी रूपमा राख्ने गरिए तापनि यस वर्ष भने बिहान छ बजेबाट बेलुका सात बजेसम्म विद्यालयमानै राखी करिव तीन महिना जति नियमित अध्ययन र अध्यापनमा सहभागी गराएर, नियमित रूपमा एसईई परीक्षाको समयमा पनि भोलिपल्टका परीक्षा तयारीका लागि विद्यालयमा नै उपस्थित गराई विषय शिक्षकहरूद्वारा आवश्यक शिक्षण र सहायता प्रदान गर्‍यौं ।

**६. तपाईंको विद्यालयको परीक्षा केन्द्रमा परीक्षा सञ्चालन अवधिमा कुनै व्यवस्थापकीय त्रुटि पाउनुभएको थियो ?**

त्यस्तो कुनै गुनासो र व्यवस्थापकीय त्रुटिको सम्बन्धमा हालसम्म जानकारी पाइएको छैन ।

**७. एसईई परीक्षा सञ्चालनको समयमा गर्नुपर्ने सुधारका लागि तपाईंको के सुझाव रहको छ ?**

अलि अगाडिदेखि नै तयारी कक्षाहरू सञ्चालन गरी विद्यार्थीहरूका लागि परामर्श र उत्प्रेरणात्मक क्रियाकलापहरू सञ्चालन गरी परीक्षाप्रतिको डर (Exam Phobia) र त्रासलाई हटाउनुपर्छ ।

**८. तपाईंको विद्यालयको नतिजा सुधारको भावी योजना के छ ?**

योजनासहितको विषय शिक्षकलाई उपलब्धि सुदृढीकरणका लागि लक्ष्य दिएर केही समयअगाडि देखि नै तह अनुसारनै विभिन्न समूहमा बिभाजन गरी तयारी कक्षाहरू सञ्चालन गर्ने योजना रहेको छ ।

**९. विद्यालयको नेतृत्व गर्दाको सबैभन्दा रमाइलो पल सम्झनु पर्दा के सम्झनुहुन्छ ?**

बिभिन्न आरोह र कालखण्ड पार गरी विद्यार्थी र विद्यालयको सर्वोपरी हित हुने क्रियाकलापलाई मुख्य एजेन्डाको रूपमा लिई जब नतिजा प्राप्त हुन्छ र विद्यालयले गति लिएर एउटा प्रणाली (system) मा विद्यालय चल्न थाल्छ तब अन्तस्करणबाट नै खुसीको अनुभूति प्राप्त हुन्छ ।

**१०. सामुदायिक विद्यालयहरूमा सुधार गर्नुपर्ने पक्ष के के देख्नुहुन्छ ?**

सामुदायिक विद्यालय सुधारका लागि धेरै सरोकारवाला तत्त्व र पक्षहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सानो क्रियाकलापदेखि क्रमशः सुधार गर्दै एउटा प्रणालीको रूप विकास गरी विद्यालयलाई एउटा प्रणाली (system) बाट चल्ने बनाउनुपर्छ जब कि कुनै व्यक्तिपरकको हितमा निर्णय नभई समग्र विद्यार्थी र विद्यालयको हितमा हुने निणर्यलाई संस्थागत गर्दै जानुपर्छ । त्यसैले विद्यालय संस्कार नै सामुदायिक विद्यालयप्रति विश्वासको वातावरण सिर्जना गर्ने मुख्य कारण भएकाले त्यसलाई क्रमशः विश्वास योग्य बनाउने वातावरण विकास गर्दै जानुपर्छ ।

**११. नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाका पछिल्ला गतिविधिहरूको मूल्याङ्कन कसरी गरिरहनु भएको छ ? बताइदिनुहोस् न ।**

शैक्षिक सुधारका लागि गरिएका प्रयासहरू साह्रै नै प्रशंसनीय रहेको पाएको छु । महाशाखा प्रमुखको दूरदर्शिता (visionary), गतिबिधि र यस नगरपालिकाको शैक्षिक सुधार कार्यक्रम र व्यग्र हुटहुटीले शैक्षिक उपलब्धि, क्रियाकलाप र गतिबिधि अग्रगमनतिर अगाडि बढेको पाएको छु ।

**१२. विद्यालयको प्रभावकारी सञ्चालनमा नगरपालिकाबाट के कस्तो सहयोगको अपेक्षा गर्नुभएको छ ?**

बिद्यालयको आबश्कता पहिचान गरी समताको आधारमा बैज्ञानिक तौरतरिकाबाट शैक्षणिक सहायता र सहयोग, प्राबिधिक, भौतिक र आर्थिक सहायता प्रदान गरी बिद्यालयले अङ्गिकार गरेका अभ्यास, प्रयास र गतिविधिहरूलाई पहिचान गरी विद्यालयलाई प्रोत्साहन र उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गर्दै जानुपर्दछ ।

**चौथो अन्तर्वार्ता**

(बुढानीलकण्ठ नगरपालिकाको वडा नं १० मा रहेको जोसेफ हाइस्कुल एउटा महत्त्वपूर्ण शैक्षिक गन्तव्य हो । यस विद्यालयले विगत लामो समयदेखि उत्कृष्ट नतिजा प्रदर्शित गर्दै आइरहेको छ । अनुभवी र योग्य प्रधानाध्यापक, सुयोग्य शिक्षक समूहका कारण विद्यालयले सफलताको नयाँ विरासत बनाउँदै गएको छ । वि.सं. २०८० मा लिइएको एसईई परीक्षामा विद्यालयले आफ्नो इतिहासमै सर्वोत्कृष्ट नतिजा प्राप्त गरेको छ । यहाँ सर्वोत्कृष्ट नतिजा ल्याउन सफल जोसेफ विद्यालयका विद्यालयको प्रधानाध्यापक श्री सूर्यबहादुर अधिकारीसँग लिइएको अन्तर्वार्ताको सार सङ्क्षेप प्रस्तुत गरिएको छ ।)

**१. तपाईँको विद्यालयबाट छ जनाले हालै प्रकाशित एसईईको नतिजामा चार जिपिए प्राप्त गरेको विषयले तपाईँलाई कस्तो अनुभूति गराएको छ ? एसईई नतिजा प्रकाशन पूर्व यस्तो अपेक्षा राख्नुभएको थियो ?**

हालै प्रकाशित एसईई नतिजामा जोसेफ स्कुलबाट छ जनाले चार जिपिए प्राप्त गर्दा विद्यालय सञ्चालन गरेको २७ वर्ष पछाडि यो उपलब्धि हासिल गर्दा म लगायत विद्यालय परिवार अत्यन्तै खुसी भएका छौं ।

अब सवाल यो नतिजाको अपेक्षा राख्नुभएको थियो भन्ने बिषयमा हामी बालबालिकालाई र शिक्षकहरूलाई बिगत २७ बर्षदेखि नै निरन्तर उत्कृष्ट नतिजाको लागि प्रेरित गर्दै आइरहेका थियौं र यो बर्षका बालबालिकाहरू पनि अत्यन्तै मिहिनेती थिए । तसर्थ हामीले सामान्य आशा चाहिँ राखेका थियौं ।

### २. तपाईंको विद्यालयले कसरी यस्तो उत्कृष्ट नतिजा हासिल गर्न सक्यो ?

एसईई २०८० मा सहभागी हुने बालबालिकाहरूमा बेजोड खालको परिश्रम र मिहिनेत थियो । हाम्रा शिक्षक कर्मचारीहरूको पनि मिहिनेत एकदमै राम्रो थियो । तसर्थ संयोग राम्रो थियो र यो नतिजा प्राप्त भयो भन्ने मलाई लाग्छ ।

### ३. विद्यालयले यस स्तरको सफलता पहिले प्राप्त गरेको थियो ? यो सफलताको प्रमुख श्रेय कसलाई दिन चाहानुहुन्छ ?

हाम्रो जोसेफ स्कुलले यो खालको नतिजा पहिलो पटक नै प्राप्त गरेको हो । शैक्षिक क्षेत्रमा हामी २७ वर्षदेखि निरन्तर उत्कृष्ट नतिजाको निम्ति क्रियाशील थियौं र यो प्राप्त नतिजाको श्रेय शिक्षक, अभिभावक र विद्यार्थीहरूलाई दिन्छु ।

### ४. विद्यार्थीको उच्च सफलताका लागि विद्यालय र घरपरिवारको भूमिका कस्तो रहनुपर्दछ ?

विद्यार्थीहरूको सफलताको पछाडि विद्यालयको र अभिभावकको भूमिका अत्यन्तै सन्तुलित र महत्वपूण हुनुपर्छ किनकि विद्यालयले दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक शैक्षिक कार्य योजना बनाएर अध्यापन गरिरहेको हुन्छ भने त्यो शैक्षिक योजनालाई अभिभावकबाट सहयोग, सहकार्य भएमा शैक्षिक उपलब्धि हासिल गर्न सहज हुन्छ । यो हाम्रो अनुभव हो ।

### ५. विद्यालयमा एसईईको तयारी कसरी गराउनुभएको थियो ?

विद्यालयले दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक शैक्षिक कार्य योजना बनाएर अध्यापन गराएको थियो र बालबालिकाहरूलाई कसरी उत्कृष्ट नतिजा ल्याउन सकिन्छ र कमजोर विद्यार्थीलाई कसरी परिणममुखी नतिजा ल्याउने सम्बन्धमा सिकाइ र मूल्याङ्कन विधिमा विद्यालय र शिक्षक साथीहरू बिचमा राम्रो समन्वय थियो ।

### ६. तपाईंको विद्यालयको परीक्षा केन्द्रमा परीक्षा सञ्चालन अवधिमा कुनै व्यवस्थाकीय त्रुटि पाउनुभएको थियो ?

खासै त्यस्तो त्रुटिका बारेमा जानकारी भएन ।

### ७. एसईई परीक्षा सञ्चालनको समयमा गर्नुपर्ने सुधारका लागि तपाईंको के सुझाव रहेको छ ?

एसईई परीक्षा सञ्चालनको समयमा बालबालिकाहरूमा देखिएको एक प्रकारको मनोवैज्ञानिक त्रास र हाउगुजीलाई कम गर्नको लागि हामी सबै जना लाग्नु उपयुक्त हुन्छ ।

**८. तपाईंको विद्यालयको नतिजा सुधारको भावी योजना के छ ?**

विद्यालयले दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक शैक्षिक कार्य योजना बनाएर अध्यापन गराएका थियौँ र बालबालिकाहरूलाई कसरी उत्कृष्ट नतिजा ल्याउन सकिन्छ र कमजोर विद्यार्थीलाई कसरी परिणममुखी नतिजा ल्याउने सम्बन्धमा सिकाइ र मूल्याङ्कन विधिमा विद्यालय र शिक्षक साथीहरू बिचमा राम्रो समन्वय थियो र अब पनि त्यसैलाई निरन्तरता दिइने छ ।

**९. विद्यालयमा यति लामो समयसम्म नेतृत्व गर्दाको सबैभन्दा रमाइलो पल सम्झनु पर्दा के सम्झनुहुन्छ ?**

जब विद्यालयका बालबालिकाहरूले राम्रो नतिजा प्राप्त गरी मिठाई बोकी खुसी साट्न विद्यालयमा आउँछन् तब मलाई असाध्यै रमाइलो र आनन्द लाग्छ ।

**१०. संस्थागत विद्यालयहरूमा सुधार गर्नुपर्ने पक्ष के देख्नुहुन्छ ?**

संस्थागत विद्यालयहरूले जुन प्रकारको अस्वस्थ प्रतिस्पर्धा देखिएको छ, त्यसलाई सुधार गर्नुपर्छ ।

**११. नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाका पछिल्ला गतिविधिहरूको मूल्याङ्कन कसरी गरिरहनुभएको छ ? बताइदिनुहोस् न ।**

नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाका गतिविधिहरू समग्रमा नगरपालिकाभित्रका सम्पूर्ण शैक्षिक संस्थाहरूको शैक्षिक विकास, शैक्षिक विविध क्रियाकलाप र मूल्याङ्कन विधिमा एकदमै समन्वयकारी तथा महत्त्वपूर्ण भूमिका खेलिरहेको अनुभूति भएको छ ।

**१२. संस्थागत विद्यालयको प्रभावकारी सञ्चालनमा नगरपालिकाबाट के कस्तो सहयोगको अपेक्षा गर्नुभएको छ ?**

संस्थागत विद्यालयको प्रभावकारी सञ्चालनमा नगरपालिका शिक्षा महाशाखाको भूमिका एकदमै महत्त्वपूर्ण रहन्छ । हामी संस्थागत विद्यालय सञ्चालन गरिरहँदा नगरपालिका शिक्षा महाशाखाले अभिभावकत्वको भूमिका निर्वाह गर्नुपर्छ । यसमा कार्यारत शिक्षक, कर्मचारी र व्यवस्थापकलाई नियमित तालिम र गोष्ठीको व्यवस्था, शैक्षिक कियाकलापमा समान किसिमको सहभागिता, नगरपालिकाको शैक्षिक नीति निर्माणमा सहभागिता, विद्यालयहरूको शैक्षिक तथा भौतिक विकासमा आवश्यक सहयोग, संस्थागत विद्यालयको वृद्धि विकासको लागि नगरपालिकाको बजेट विनियोजन, कुनै पनि दैविक प्रकोप तथा बिपद्का लागि संस्थागत विद्यालयको लागि आवश्यक कोषको व्यवस्था लगायत राष्ट्रिय, अन्तर्राष्ट्रिय, स्थानीय सरकारको बिचमा शैक्षिक तथा सांस्कृतिक भाइचाराको सम्बन्ध स्थापित गरिदिन सहयोगको लागि नगरपालिका शिक्षा महाशाखाको भूमिका हामीले अपेक्षा गर्न सक्छौं ।

**१३. नगरपालिकाबाट गरिने अनुगमन नियमन सम्बन्धमा संस्थागत विद्यालयहरू सकारात्मक हुन सकेको पाइएन ? यसको प्रमुख कमजोरी के ठान्नुहुन्छ ?**

मलाई त्यस्तो लाग्दैन। सायद नगरपालिकाबाट गरिने अनुगमन नियमन सम्बन्धमा संस्थागत विद्यालयहरूबिच पूर्वजानकारी र समन्वय नहुँदा केही अप्ठेरो भएको हुनसक्छ। पूर्वजानकारी र समन्वय भएमा सहज हुन्छ।

**१४. संस्थागत विद्यालयहरूलाई मापदण्डमा सञ्चालन गर्न प्याब्सन एनप्याब्सन र पेटसान लगायतका संस्थाको भूमिका कस्तो रहनुपर्दछ ?**

संस्थागत विद्यालयहरूलाई मापदण्डमा सञ्चालन गर्न प्याब्सन, एनप्याब्सन र पेटसान लगायतका संस्थाको भूमिका समन्वयकारी हुनुपर्छ।

**१५. संस्थागत विद्यालयहरूबाट प्रदान गरिने छात्रवृत्ति वितरण पारदर्शी हुन सकेन भन्ने आमगुनासो छ ? यो गुनासाको सम्बोधन गर्न के गर्नुपर्ला ?**

संस्थागत विद्यालयहरूबाट प्रदान गरिने छात्रवृत्ति वितरण पारदर्शी हुन सकेन भन्ने विषय त्यो नगरपालिका शिक्षा महाशाखा र विद्यालयहरूले मात्र आमअभिभावकहरूलाई भनेर पुग्दैन। यसमा नगरपालिका परिवार, जनसमुदाय, राजनैतिक बृत्तबाट समेत संस्थागत विद्यालयले दिइरहेको छात्रबृत्तिको विषयमा स्पष्ट र सकारात्मक ढङ्बाट बुझाउनुपर्छ साथै नेपालको शैक्षिक क्षेत्रमा संस्थागत विद्यालयले पुऱ्याएको योगदान र भूमिकाको बारेमा सकारात्मक प्रस्तुत हुनुपर्छ। यो आवश्यक पनि छ।

# शैक्षिक उन्नयन वर्ष कार्यान्वयन कार्यविधि, २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षा सम्वन्धी काम, कर्तव्य र अधिकार प्रयोग गरी बुढानीलकण्ठ नगरपालिकाको मिति २०८०। ०५। २५ को बैठकले शैक्षिक उन्नयन वर्ष कार्यान्वयन कार्यवधि, २०८० तयार गरी लागु गरिएको छ।

**परिच्छेद-१**

**परिभाषा**

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधि को नाम बुढानीलकण्ठ नगरपालिका शैक्षिक उन्नयन वर्ष कार्यान्वयन कार्यबिधि, २०८० रहेको छ।

(ख) यो कार्यविधि बुढानीलकण्ठ नगरपालिका क्षेत्रभित्र लागु हुने छ।

(ग) यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुने छ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) **"ऐन"** भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ सम्झनुपर्छ।

(ख) **"कार्यविधि"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको शैक्षिक उन्नयन वर्ष कार्यान्वयन कार्यवधि, २०८० सम्झनुपर्छ।

(ग) **"न.पा."** भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनुपर्छ।

(घ) **"प्रमुख"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ङ) **"उपप्रमुख"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(छ) **"महाशाखा"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखालाई सम्झनुपर्छ।

(ज) **"महाशाखा प्रमुख"** भन्नाले नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख सम्झनुपर्छ।

(झ) **"शिक्षा अधिकृत"** भन्नाले नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद महाशाखा कार्यरत शिक्षा अधिकृत सम्झनुपर्छ ।

(ञ) **"स्रोत व्यक्ति"** भन्नाले नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद महाशाखा कार्यरत स्रोत व्यक्ति सम्झनुपर्छ ।

(ट) **"विद्यालय समन्वयकर्ता"** भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाले आवश्यकता अनुसार नियुक्त गरी खटाएका विद्यालय समन्वयकर्ता सम्झनुपर्छ ।

(ठ) **"प्रधानाध्यापक"** भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापक पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

(ड) **"शिक्षक"** भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयको शिक्षक पदमा नियमानुसार नियुक्त भई कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

(ढ) **"शैक्षिक उन्नयन"** भन्नाले नगरपालिकाले नगरपालिकाको विद्यालय तहको शिक्षामा सर्वसुलभ पहुँच, गुणस्तर, उत्कृष्टता, प्रतिस्पर्धा र नवप्रर्वतनशीलताका साथै अन्वेषणशीलता कायम गर्ने उद्देश्यले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार, विकास र परिवर्तन ल्याउनका लागि गरिएको सिर्जनशील शैक्षिक अभ्यासलाई बुझाउँछ । यसले विद्यार्थीको सिकाइ सुधार, शिक्षकको शिक्षण सुधार, विद्यालयको समग्र सुधार गरी बुढानीलकण्ठ नगरपालिकाकालाई शैक्षिक हबको रूपमा विकास गर्ने कार्यलाई समेत जनाउँछ ।

## परिच्छेद-२
## शैक्षिक उन्नयन वर्ष कार्यान्वयन कार्यबधि, २०८० को उद्देश्य

१. प्रत्येक विद्यालयको न्यूनतम् सिकाइ उपलब्धि ६० प्रतिशत कायम गर्ने

२. नवीनतम तथा आधुनिक प्रविधिको प्रयोग गरी शिक्षकको पेसागत विकास गर्ने

३. प्रत्येक विद्यालयमा सक्षमताको अवस्था विकास गर्ने

४. बुढानीलकण्ठलाई शैक्षिक हबको रूपमा विकास गर्ने

५. शैक्षिक क्षेत्रमा सक्षमता र प्रतिस्पर्धाको विकास र प्रवर्धन गर्ने

६. शैक्षिक गुणस्तरमा अभिबृद्धि गरी मानव संसाधन बिकास गर्ने

## परिच्छेद -३
## शैक्षिक उन्नयन वर्ष कार्यान्वयन विधि

१. विद्यालयमा सक्षमताको अवस्था सुनिश्चित गर्ने

यस अन्तर्गत पिउनेपानी, दिवाखाजा, पुस्तकालय, सूचना प्रविधि तथा विज्ञान प्रयोगशाला र विद्यालय सौन्दर्यकरणको सुनिश्चितता गर्ने

२. विद्यालयमा शिक्षक उपस्थिति शतप्रतिशत र विद्यार्थी उपस्थिति न्यूनतम् ९५ प्रतिशत सुनिश्चित गरी नियमित पठनपाठनको सुनिश्चितता गर्ने

३. भौतिक पठनपाठनको साथै वैकल्पिक पठनपाठन (अनलाइन, भर्च्युअल, रेडियो, टेलिभिजन) को समेत प्रबन्ध गर्ने ।

४. सम्बन्धित विषयगत समितिको सबलीकरण गरी विषयगत समितिबाट उत्तम शिक्षण सिकाइ ढाँचाको विकास गरी कक्षाकोठामा कार्यान्वयन गर्ने

५. कक्षाकोठा शिक्षण सिकाइ मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने

६. विद्यालय ब्रान्डिङ गरी कार्यान्वयन गर्ने

सार्वजनिक सूचना आह्वान गरी विद्यालयले प्रस्ताव गरेको शीर्षकमा विद्यालय ब्रान्डिङ कार्यक्रमका लागि विद्यालय छनोट गरी सञ्चालन गर्ने

७. शिक्षकको पेसागत क्षमता विकासका विद्यालय, शिक्षक र नगरपालिकाको साझेदारीमा एक शिक्षक एक ल्यापटप कार्यक्रम कार्यान्वयन गर्ने

८. प्रत्येक सामुदायिक विद्यालयमा एक जना अङ्ग्रेजी मेन्टर र एकजना आयाको प्रबन्ध गर्ने

९. प्रत्येक विषय, प्रत्येक कक्षा, प्रत्येक विद्यार्थी र प्रत्येक विद्यालयको न्यूनतम् सिकाइ उपलब्धि ६० प्रतिशत कायम गर्ने

१०. विद्यार्थी मूल्याङ्कन वैयक्तिक विवरण, कक्षागत पाठ्यक्रम र शिक्षक डायरीको प्रबन्ध गरी विद्यालयको नियमित पठनापाठन र शिक्षक पेसागत जवाफदेहितामा अभिवृद्धि गर्ने

११. सय प्रतिशत प्लस सिकाइ उपलब्धि हासिल गर्न सक्षम विद्यार्थी, शिक्षक र विद्यालयलाई विशेष प्रोत्साहन कोष खडा गरी पुरस्कृत गर्ने

१२. नगरप्रमुख छात्रवृति कोषको सबलीकरण गरी विपन्न र जेहेनदार विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गर्ने

१३. नगरउपप्रमुख छात्रा सहयोग कार्यक्रम सञ्चालन गर्ने

१४. नगरशिक्षक सम्मान कार्यक्रम आयोजना गर्ने

१५. शैक्षिक उपलब्धि अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने

# परिच्छेद -३
## शैक्षिक उन्नयन वर्ष कार्यान्वयन अन्तर्गत गरिने क्रियाकलापहरू

### (क) नगरपालिकाले गर्ने क्रियाकलापहरू

१. विद्यालयमा पिउनेपानी, दिवाखाजा, पुस्तकालय, सूचना प्रविधि तथा विज्ञान प्रयोगशाला र विद्यालय सौन्दर्यकरणको सुनिश्चितता गर्ने

२. सम्बन्धित विषयगत समितिको सबलीकरण गरी विषयगत समितिबाट उत्तम शिक्षण सिकाइ ढाँचाको विकास गरी कक्षाकोठामा कार्यान्वयन गर्ने

३. कक्षाकोठा शिक्षण सिकाइ मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने

४. विद्यालय ब्रान्डिङ गरी कार्यान्वयन गर्ने

५. शिक्षकको पेसागत क्षमता विकासका विद्यालय, शिक्षक र नगरपालिकाको साझेदारीमा एक शिक्षक एक ल्यापटप प्रदान गर्ने

६. प्रत्येक सामुदायिक विद्यालयमा एकजना अङ्ग्रेजी मेन्टर र एक जना आयाको प्रबन्ध गर्ने

७. विद्यार्थी मूल्याङ्कन वैयक्तिक विवरण, कक्षागत पाठ्यक्रम र शिक्षक डायरीको प्रबन्ध गरी विद्यालयको नियमित पठनापाठन र शिक्षक पेसागत जवाफदेहितामा अभिवृद्धि गर्ने

८. सय प्रतिशत प्लस सिकाइ उपलब्धि हासिल गर्न सक्षम विद्यार्थी, शिक्षक र विद्यालयलाई विशेष प्रोत्साहन कोष खडा गरी पुरस्कृत गर्ने

९. नगरप्रमुख छात्रवृति कोषको सबलीकरण गरी विपन्न र जेहेनदार विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गर्ने

१०. नगरउपप्रमुख छात्रा सहयोग कार्यक्रम सञ्चालन गर्ने

११. नगरशिक्षक सम्मान कार्यक्रम आयोजना गर्ने

### (ख) विद्यालयले सञ्चालन गर्ने क्रियाकलापहरू

१. समय परिपालना र थप समय व्यवस्थापन गर्ने

- विद्यालयमा नियमित न्यूनतम् छ घण्टा शिक्षण सिकाइ सञ्चालन हुनुपर्ने
- प्रधानाध्यापकले विद्यालयमा प्रत्येक दिन न्यूनतम् सात घण्टा शिक्षण सिकाइ कार्यमा नेतृत्व प्रदान गर्ने
- शिक्षकले विद्यालयमा प्रत्येक दिन न्यूनतम् ६.३० घण्टा शिक्षण सिकाइ कार्य सम्पादन गर्ने

- प्रत्येक विद्यार्थीले न्यूनतम् ६.१५ घण्टा विद्यालयको शिक्षण सिकाइमा संलग्न हुनुपर्ने
- प्रत्येक कक्षा सञ्चालन अवधिको रेकर्ड विद्यार्थी प्रतिनिधिबाट राख्ने व्यवस्था गर्ने
- प्रत्येक शिक्षकले शिक्षण सुधार, विकास र नवप्रर्वतन योजना निर्माण गरी कार्यान्वयन गर्ने
- कक्षागत रूपमा विद्यार्थी सिकाइको बर्तमान स्थिति र शैक्षिक सत्र २०८० को लक्ष्य निर्धारण गरी सार्वजनिक गर्ने
- अभिभावकले कम्तीमा महिनामा एकपटक आफ्ना बालबालिकाहरूको शिक्षण सिकाइको प्रगति सम्बन्धमा कक्षा/विषय शिक्षकसँग अन्तरक्रिया गर्ने
- नगरशिक्षा महाशाखाको स्वीकृति बेगर आफू कार्यरत विद्यालयभन्दा बाहिर कार्य नगर्ने
- नगरपालिकाको स्वीकृति बेगर प्रधानाध्यापक विद्यालय सञ्चालन समयमा बाहिर रहन नहुने
- शिक्षक विद्यार्थी शून्य अनुपस्थिति अभियान सञ्चालन गर्ने
- विषयगत रूपमा उत्कृष्ट शिक्षण अभ्यासहरूको अनुभव आदान प्रदान गर्ने

२. शैक्षिक भित्तेपात्रोको पूर्ण कार्यान्वयन गर्ने

- नगरपालिकाले निर्माण गरी कार्यान्वयनमा ल्याएको भित्तेपात्रोको पूर्ण कार्यान्वयन गर्ने
- साप्ताहिक रूपमा शैक्षिक भित्तेपात्रोको कार्यान्वयन स्थितिको समीक्षा गर्ने
- शिक्षण सिकाइमा स्थलगत भ्रमण तथा परियोजना कार्य विधिलाई अवलम्बन गर्ने
- जनप्रतिनिधि र विद्यार्थीबिच अन्तरक्रिया कार्यक्रमसञ्चालन गर्ने
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइ अवलम्बन गर्ने । पुस्तकरहित कक्षा सञ्चालन गरी उक्त कक्षामा जीवनोपयोगी सिप, विनयशील र आत्मसंयम शिक्षा, चरित्र निर्माण, राष्ट्रप्रेम तथा माटोको माया शिक्षा, प्रतिभा विकास तथा स्वावलम्बन शिक्षा आदि सञ्चालन गर्ने
- शिक्षण सिकाइमा नवप्रर्वतन ल्याउने थप क्रियाकलापहरू विद्यालयले निर्माण गरी कार्यान्वयन गर्ने

३. विद्यार्थी सहायता र नियमित पृष्ठपोषण प्रदान गर्ने

- विद्यार्थीको सिकाइ स्तर पहिचान गरी सो अनुसार विद्यार्थीको वर्गीकरण गरेर विशेष

सहायता आवश्यक पर्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षण गर्ने

- विद्यार्थी विद्यार्थी बीचको शैक्षिक उपलब्धिको असमानता न्यूनीकरण गर्ने, यसका लागि जोडी सिकाइ, समूह सिकाइ तथा बहिनीका लागि दिदी, भाइका लागि दाइ जस्ता सिकाइ सहयोगी शिक्षण सिकाइ ढाँचाको निर्माण गरी कार्यान्वयन गर्ने
- विषयगत तथा कक्षा शिक्षकको सहजीकरणमा प्रत्येक विद्यार्थीको सिकाइ सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने

४. सिकाइ सुनिश्चितता कार्यक्रम सञ्चालन गर्नै

- विद्यार्थीले कक्षा शिक्षकको सहयोगमा आफ्नो सिकाइको दैनिक रूपमा समीक्षा गर्ने
- कक्षागत र विषयगत शिक्षकले आफ्नो एकाइ योजनाको साप्ताहिक रूपमा प्रगतिको समिक्षा गर्ने
- प्रधानाध्यापकले प्रत्येक शिक्षकको कक्षा अवलोकन गर्ने र पाक्षिक रूपमा कक्षागत र मासिक रूपमा विषयगत शिक्षण सिकाइको प्रगतिको समिक्षा गर्ने
- विद्यालय व्यवस्थापन समितिले मासिक रूपमा विद्यालयको शिक्षण सिकाइको स्थिति समीक्षा गराई प्रधानाध्यापक र शिक्षकलाई पृष्ठपोषण प्रदान गर्ने
- शिक्षक अभिभावक सङ्घले द्वैमासिक रूपमा विद्यालयमा शिक्षण सिकाइको स्थिति परीक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने
- वडा कार्यालयले चौमासिक रूपमा विद्यालयको शैक्षिक व्यवस्थापनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने
- प्रधानाध्यापकले त्रैमासिक रूपमा विद्यालयको शिक्षण सिकाइको प्रतिवेदन प्रकाशन गर्ने
- विद्यार्थी शिक्षण सिकाइ सन्तुष्टिको जाँचपडताल गर्ने
- प्रत्येक विषय, प्रत्येक कक्षा, प्रत्येक विद्यार्थी र प्रत्येक विद्यालयको न्यूनतम् सिकाइ उपलब्धि ६० प्रतिशत कायम गर्ने
- विभिन्न परीक्षामा उत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको उत्तरपुस्तिका एकअर्कामा आदानप्रदान गर्ने
- नगरपालिकाले आगामी फागुन तेस्रो हप्तादेखि चैत्र पहिलो हप्ताभित्र विद्यालयगत रूपमा शिक्षण सिकाइको परीक्षण अभियान सञ्चालन गर्ने, तोकिएको मापदण्डको आधारमा विद्यालयले शिक्षण सिकाइको परीक्षणमा प्राप्त गरेको अङ्का आधारमा

पुरस्कृत गर्न र न्यूनतम् अङ्क प्राप्त नगर्ने विद्यालयलाई प्रोत्साहनबाट बञ्चित गरी सचेत गराउने ।

## परिच्छेद -४
## विविध

१. शैक्षिक उन्नयन वर्षको कार्यान्वयनका लागि आवश्यक बजेटको अपर्याप्तता हुन दिइने छैन । यस घोषणालाई नगर गौरवको आयोजनाका रूपमा आत्मसात गरी आवश्यक बजेट रकमान्तर तथा विभिन्न सङ्घसंस्थाहरूसँगको साझेदारीबाट जुटाइने छ ।

२. शैक्षिक उन्नयन वर्ष कार्यान्वयन विधि कार्यान्वयनमा कुनै व्यवधान सिर्जना हुन आएमा नगरशिक्षा समितिको बैठकको निर्णयबाट बाधा अड्काउ फुकाउन सकिने छ ।

# वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०८०

बुढानीलकण्ठ नगरपालिका

बागमती प्रदेश

## वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०८०

**प्रस्तावना :**

विद्यार्थी र उनीहरूका अभिभावकलाई वृत्ति, सिप, जागिर, रुचि, खुबी र क्षमताअनुसार उनीहरूको वृत्ति विकासको लागि दिगो, मर्यादित र व्यवस्थित रूपमा मार्ग निर्देशित गर्न माध्यमिक विद्यालयहरूमा विद्यार्थीहरूको लागि वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले बुढानीलकण्ठ नगरपालिकाले.. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि -२०८० स्वीकृत गरी लागु गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :**

१. यस कार्यविधि को नाम **"वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि -२०८०"** रहेको छ ।

२. यो कार्यविधि ......... नगरपालिकाभर लागु हुने छ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि मा :

१. **"डाटाबेस प्रणाली"** भन्नाले वृत्तिमार्ग निर्देशन कार्यक्रमको लागि प्रयोग गरिएको अनलाइन प्रणालीलाई सम्झनुपर्छ ।

२. **"तालिम प्रदायक संस्था"** भन्नाले प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्ने संस्थाहरूलाई सम्झनुपर्छ ।

३. **"कार्यविधि"** भन्नाले विद्यालयमा वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०८० लाई सम्झनुपर्छ ।

४. **"निर्देशक समिति"** भन्नाले यस कार्यविधिको परिच्छेद ५ को दफा १३ को उपदफा (१) बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

५. **"वृत्तिमार्ग निर्देशन सेवा केन्द्र"** भन्नाले विद्यार्थी/युवाहरूलाई वृत्तिमार्ग निर्देशन/परामर्शको लागि सामाजिक बिकास मन्त्रालयद्वारा सञ्चालनमा ल्याएको वृत्तिमार्ग निर्देशन सेवा केन्द्रलाई सम्झनुपर्छ ।

६. **"विद्यालय"** भन्नाले सामुदायिक र संस्थागत विद्यालयलाई सम्झनुपर्छ ।

७. **"वृत्तिमार्ग निर्देशन शिक्षक"** भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षकमध्ये तोकिएको शिक्षकलाई सम्झनुपर्छ ।

८. **"वृत्ति"** भन्नाले आफ्नो ज्ञान, सिप र क्षमताको प्रयोग गरी कुनै पनि नियमित, आयमूलक र जीवनयापन गर्न सकिने पेसा वा व्यवसायलाई सम्झनुपर्छ ।

९. **"विद्यार्थी"** भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यनरत छात्र तथा छात्रालाई सम्झनुपर्छ ।

१०. **"स्थानीय तह"** भन्नाले बुढानीलकण्ठ नगरपालिका, वागमती प्रदेश, काठमाडौं सम्झनुपर्छ ।

## परिच्छेद -२

## वृत्तिमार्ग निर्देशन कार्यक्रमको उद्देश्य र लक्षित वर्ग

३. **उद्देश्य :** विद्यालयमा वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन गर्नुको मूख्य उद्देश्यदेहाय वमोजिम रहेको छ :

१. विद्यार्थीहरूले वृत्ति विकासको अवधारणाहरूको बारेमा जानकारी पाउने छन ।

२. विद्यार्थीहरूले आफ्नो रुची, खुबी र क्षमताअनुसार वृत्तिको छनोट तथा सो को तयारी गर्ने सम्बन्धी जानकारी पाउने छन् ।

३. विद्यार्थीहरूले शिक्षाको संसार र श्रम बजार बारे जानकारी पाउने छन् ।

४. विद्यार्थीहरूले क्षमता र छनोट गरेको वृत्तिको आधारमा लक्ष्यतय गरी व्यक्तिगत योजना बनाउन सक्षम हुने छन ।

५. विद्यार्थीहरूले नेपालको शिक्षा प्रणाली र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको बारेमा जानकारी पाउने छन् ।

४. **लक्षित वर्ग :** सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका विद्यार्थीहरू वृत्तिमार्ग निर्देशन कार्यक्रमको लक्षित वर्ग हुने छ ।

## परिच्छेद -३

## विद्यालय छनोट, मानव संशाधन र क्षमता अभिवृद्धि

५. **विद्यालय छनोटका आधार :**

१. वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि स्थानीय तहअन्तर्गतका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरूको सङ्ख्या, कार्यक्रमप्रतिको रुचि तथा कार्यसम्पादनको आधारमा छनोट गर्नुपर्छ ।

२. दफा (६) को उप दफा (१) बमोजिम विद्यालय सामुदायिक तथा संस्थागत विद्यालय अनुसूची-१मा दिएको मापदण्डको आधारमा छनोट गर्नुपर्ने छ ।

३. बृत्तिमार्ग निर्देशन कार्यक्रमको लागि एक पटक विद्यालय छनोट भएपछि नियमित रूपमा प्रत्येक बर्ष कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**६. मानव संशाधनको व्यवस्था :**

१. विद्यालयमा बृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन गर्न कम्तीमा २ जना बृत्तिमार्ग निर्देशन शिक्षकहरूको छनोट गर्नुपर्ने छ । विद्यार्थी सङ्ख्याको आधारमा बृत्तिमार्ग निर्देशन शिक्षक सङ्ख्या बढाउन सकिने छ यी शिक्षकहरूलाई सम्बन्धित विद्यालयले छनोट गर्ने छ ।

२. उपदफा (१) बमोजिम विद्यालयले बृत्तिमार्ग निर्देशन शिक्षकको छनोट गर्दा देहायको योग्यता तथा मापदण्डअनुसार प्राथमिकता दिनुपर्ने छ ।

(क) स्थायी शिक्षक हुनुपर्ने

(ख) सम्भव भएसम्म माध्यमिक तहको शिक्षक हुनुपर्ने

(ग) बृत्तिमार्ग निर्देशन शिक्षकको रूपमा काम गर्न इच्छा भएको हुनुपर्ने

(घ) लोकप्रिय, मिलनसार र सहजीकरण क्षमता भएको हुनुपर्ने

(ङ) सामाजिक, विज्ञान, नेपाली वा अङ्ग्रेजी पढाउने शिक्षकलाई बढी ग्राहयता दिने

(च) एउटा विद्यालयबाट एक पुरुष र एक महिला शिक्षक हुनुपर्ने

(छ) कम्प्युटर तथा डाटाबेस प्रणाली सम्बन्धी ज्ञान भएको हुनुपर्ने

३. बृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन गर्न छनोट भएका शिक्षकहरूको सेवा सुविधा कार्यपालिकाको नियमअनुसार निर्देशक समितिले निर्णय गर्ने छ ।

७. **क्षमता अभिवृद्धि तालिमको व्यवस्था :** बृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि छनोट गरिएका शिक्षकहरूको क्षमता अभिवृद्धिको लागि स्थानीय तहले प्रदेश स्तरीय बृत्तिमार्ग निर्देशन सेवा केन्द्रसँग समन्वय गरी निर्देशक समितिको सिफारिसमा आफ्नै स्रोत अथवा अन्य सरोकारवालाहरूको समन्वयमा प्रशिक्षक प्रशिक्षण (७ दिने ) तालिम सञ्चालन गर्ने छ ।

## परिच्छेद -४
## बृत्तिमार्ग निर्देशन कार्यक्रम सामग्रीको व्यवस्थापनर सञ्चालन प्रक्रिया

८. **विद्यालय र स्थानीय तहबिच सम्झौता :** स्थानीय तहले विद्यालयमा बृत्तिमार्ग निर्देशन कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक नियम र सर्तहरू सहित अनुसूची-२ अनुसार विद्यालयसँग द्विपक्षीय सम्झौता गर्ने छ ।

९. **सामग्रीको व्यवस्था :** वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि आवश्यक सम्पूर्ण सामग्रीहरू सम्बन्धित स्थानीय तहले अनुसूची -३ बमोजिम व्यवस्थापन गर्ने छ ।

१०. **वृत्तिमार्ग निर्देशन कार्यक्रमबारे अभिमुखीकरण :** वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन पूर्व सम्बन्धित विद्यालयले कक्षा नौ तथा आवश्यकताअनुसार अन्य कक्षाका विद्यार्थीहरूको अभिभावक, विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक समिति वृत्तिमार्ग निर्देशन कार्यक्रमको उद्देश्य, औचित्य र आवश्यकताबारेमा अभिमुखीकरण गर्नुपर्ने छ ।

११. **वृत्तिमार्ग निर्देशन सत्र योजनाको तयारी :** वृत्तिमार्ग निर्देशन शिक्षकहरूले वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन गर्नुपूर्व अनुसूची -४ बमोजिम सत्र योजना तयार गरी सम्बन्धित स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद महाशाखा, शाखामा जानकारी गर्नुपर्ने छ ।

१२. **समूह विभाजन र सत्र सञ्चालन :**

१. विद्यालयमा वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि कक्षा आठ, नौ र दशमा अध्ययनरत विद्यार्थी सङ्ख्यालाई प्रति समूह २५ देखि ३० जनाको समूहमा विभाजन गरी सत्र सञ्चालन गर्नुपर्ने छ ।

२. वृत्तिमार्ग निर्देशन कार्यक्रम कक्षा आठमा स्थानीय पाठ्यक्रममा उल्लेख भएअनुसार सञ्चालन गर्नुपर्ने छ ।

३. वृत्तिमार्ग निर्देशन कार्यक्रम कक्षा नौमा छ ओटा सत्र र सोही विद्यार्थी कक्षा दशमा पुगेपछि एउटा फलोअप सत्र सञ्चालन गर्नुपर्ने हुन्छ । प्रत्येक सत्र ११० मिनेटको हुने छ ।

४. अनुसूची - ४ बमोजिम कक्षा नौका विद्यार्थीहरूलाई वृत्तिमार्ग निर्देशन कार्यक्रमको छ ओटा सत्र सञ्चालन गर्नुपर्ने हुन्छ ।

५. वृत्तिमार्ग निर्देशन शिक्षकले सत्र सञ्चालनका लागि तयार गरिएको सिकाइ सामग्रीहरूको प्रयोग गर्नुपर्ने हुन्छ ।

६. वृत्तिमार्ग निर्देशन शिक्षकले सत्र सञ्चालनका क्रममा उपस्थित विद्यार्थीहरूको हाजिरी अनुसूची-५ अनुसा रहनुपर्ने छ ।

## परिच्छेद - ५
## निर्देशक समिति गठन सम्बन्धी व्यवस्था

१३. **निर्देशक समितिको गठन प्रकिया :**

१. विद्यालयमा वृत्तिमार्ग निर्देशन कार्यक्रम गुणस्तरीय र प्रभावकारी कार्यान्वयन तथा व्यवस्थापनको लागि स्थानीय तहमा देहाय बामोजिमको निर्देशक समितिको गठन गरिने छ :

| | | | |
|---|---|---|---|
| (क) | नगरप्रमुख ⁄ अध्यक्ष, महा ⁄ नगर ⁄ गाउँपालिका | : | संयोजक |
| (ख) | नगरउपप्रमुख ⁄ उपाध्यक्ष , महा ⁄ नगर ⁄ गाउँपालिका | : | सदस्य |
| (ग) | सामाजिक विकास संयोजक | : | सदस्य |
| (घ) | प्रमुख प्रसाशकीय अधिकृत, महा ⁄ नगर ⁄ गाउँपालिका | : | सदस्य |
| (ङ) | समितिले मनोनित गरेको एक जना वडा अध्यक्ष | : | सदस्य |
| (च) | समितिले मनोनित गरेको एक जना प्र.अ. बृत्तिमार्ग निर्देशन इकाइ भएको सामुदायिक माध्यमिक विद्यालयबाट | : | सदस्य |
| (छ) | समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना वृत्तिमार्ग निर्देशन शिक्षक | : | सदस्य |
| (ज) | रोजगार संयोजक, रोजगार सेवा केन्द्र | : | सदस्य |
| (झ) | प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा ⁄ महाशाखा | : | सदस्य सचिव |

२. उपदफा (१) बमोजिम गठित निर्देशक समितिले आवश्यकताअनुसार विभिन्न विद्यालय ⁄ शैक्षिक संस्थाका प्रतिनिधि तथा विज्ञहरूलाई आमन्त्रण गरी राय परामर्श लिन सक्ने छ ।

३. उपदफा (१) बमोजिम मनोनित सदस्यको हकमा आवश्यकताअनुसार जिम्मेबारी परिवर्तन गर्न सक्ने छ ।

४. उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठक कम्तीमा प्रत्येक ३ ⁄ ३ महिनामा हुने छ साथै सम्वन्धी कार्यविधि समितिले आवश्यकताको निर्धारण गरे बमोजिम हुने छ ।

५. उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठक आवश्यकताअनुसार बस्ने छ र बैठक भत्ता स्थानीय सरकारको प्रचलित नियम बमोजिम हुने छ ।

६. वृत्तिमार्ग निर्देशन सेवाका सिकाइ तथा अनुभवहरूलाई स्थानीय नीति, नियम तथा कार्यविधि निर्माण गर्नको लागि प्रेरित गर्ने ⁄ गराउने

७. स्थानीय तहमा बृत्तिमार्ग निर्देशन सेवा प्रदान गर्नको लागि शिक्षा शाखा ⁄ महाशाखा र रोजगार सेवा केन्द्रको संयोजनमा बृतिमार्ग निर्देशन सेवा इकाइ गठन गरी कार्य वा सेवा प्रबाह गर्ने वा गराउने

## १४. विद्यालयस्तरमा वृत्तिमार्ग निर्देशन इकाइ गठन :

१. विद्यालयमा वृत्तिमार्ग निर्देशन सेवा कार्यक्रम गुणस्तरीय र प्रभावकारी कार्यान्वयन तथा सेवा प्रदानको लागि विद्यालय स्तरमा देहाय बमोजिमको वृत्तिमार्ग निर्देशन इकाइ गठन गरिने छः

(क) प्रधानाध्यापक सामुदायिक/संस्थागत विद्यालय : संयोजक

(ख) विद्यालय व्यवस्थापन समितिका तोकिएको सदस्य : सदस्य

(ग) वृतिमार्ग निर्देशन शिक्षकहरू
सामुदायिक/संस्थागत विद्यालय : सदस्य

२. उपदफा (१) बमोजिम गठित बृत्तिमार्ग निर्देशन इकाइको आवश्यकता अनुसार विभिन्न विद्यालय/शैक्षिक संस्थाका प्रतिनिधि तथा विज्ञहरूलाई आमन्त्रण गरी राय परामर्श लिन सक्ने छ।

३. उपदफा (१) बमोजिम मनोनित सदस्यको हकमा आवश्यकतअनुसार पदावधिको जिम्मेवारी परिवर्तन गर्न सक्ने छ।

४. उपदफा (१) बमोजिम गठित वृत्तिमार्ग निर्देशन इकाइको बैठक कम्ती मा प्रत्येक २/२ महिनामा हुने छ साथै सम्बन्धी आवश्यकताअनुसार सञ्चालन गर्न सक्ने छ।

## १५. विद्यालयस्तरमा वृत्तिमार्ग निर्देशन एकाइको काम, कर्तव्य र अधिकार :

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त बृत्तिमार्ग निर्देशन इकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

१. विद्यालयस्तरमा बृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन तथा व्यबस्थापनको सम्पूर्ण जिम्मेबारी हुने छ।

२. बृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि कार्यक्रम र योजना तर्जुमा गरी स्थानीय तह गाउँ/नगर कार्यपालिकामा पेश गर्ने

३. बृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि योजना तयार गरी कार्यक्रम सञ्चालन गर्ने/गराउने

४. बृत्तिमार्ग निर्देशन सेवालाई विद्यालय देखि श्रम बजारसम्म जोड्नका लागि तयारी क्रियाकलापहरू जस्तै: व्यक्तिगत विवरण लेखन, अन्तर्वार्ता तयारी, प्रस्तुति सम्बन्धी सिपहरू, काम खोज्ने पोर्टलहरू, विद्यार्थीहरूको बृत्ति छनोटको प्रमाणपत्र आदि कार्यहरू सञ्चालन गर्ने गराउने साथै स्थानीय तहमा रहेका उद्योगहरूसँगको अन्तरक्रिया तथा उद्योग अवलोकन र

विद्यालयमा हुने अन्य क्रियाकलापहरू जस्तैः निबन्ध प्रतियोगिता, चित्रकला, नृत्य आदि लाई वृत्ति विकासको अवधारणासँग जोड्ने

५. वृत्तिमार्ग निर्देशन कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र समीक्षा गरी गुणस्तर अभिवृद्धि गर्ने सम्बन्धमा आवश्यक सुझाव र पृष्ठपोषण दिने

६. वृत्तिमार्ग निर्देशन शिक्षकको क्षमता अभिवृद्धिको लागि स्थानीय सरकार, प्रदेश सरकार वा वृत्तिमार्ग निर्देशन सेवा केन्द्रसँग समन्वयन तथा सहकार्य गर्ने

७. वृत्तिमार्ग निर्देशन सेवाको स्थानीय शैक्षिक भित्तेपात्रोमा अन्य क्रियाकलापहरूलाई मिलान गरी सेवा प्रवाहको लागि आवश्यक समन्वय र सहकार्य गर्ने

८. वृत्तिमार्ग निर्देशन सेवा सम्बन्धी कार्यलाई गुणस्तरीय र प्रभावकारी कार्यान्वयनको लागि आवश्यकताअनुसार वृत्तिमार्ग निर्देशन सेवा केन्द्र र प्रदेश सरकारसँग समन्वय र सहजीकरण गर्ने ।

## परिच्छेद - ६
## विभिन्न सरोकारवालाहरूको काम, कर्तव्य र अधिकार

### १६. स्थानीय सरकारको काम, कर्तव्य र अधिकार :

स्थानीय तहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

१. कार्यक्रमको लागि बजेट विनियोजन र सुनिश्चित गर्ने

२. कार्यक्रम सञ्चालन गर्न विद्यालयसँग द्विपक्षीय सम्झौता गर्ने

३. कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा नियमित समन्वय र सञ्चारको लागि सम्पर्क व्यक्ति तोक्ने

४. कार्यक्रम सञ्चालनको लागि उपयुक्त विद्यालयको छनोट गर्ने

५. कार्यक्रम सञ्चालनको लागि विद्यालयहरूलाई खर्च उपलब्ध गराउने

६. कार्यक्रमलाई थप प्रभावकारी बनाउन नियमित अनुगमन र सुपरिवेक्षण गरी आवश्यक सल्लाह सुझाव दिने

७. वृत्तिमार्ग निर्देशन शिक्षकको क्षमता अभिवृद्धिको लागि प्रदेश सरकार अन्तर्गत स्थापना भएको वृत्तिमार्ग निर्देशन सेवा केन्द्रसँग समन्वयन तथा सहकार्य गर्ने

८. वृत्तिमार्ग निर्देशन सम्बन्धी शैक्षिक सामग्रीहरूको समय सापेक्ष परिमार्जन गर्ने

९. वृत्तिमार्ग निर्देशन कार्यक्रमसँग सम्बन्धित सबै आवश्यक दस्तावेजहरूको अभिलेख राख्ने

## १७. विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार :

विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

१. विद्यालयमा वृत्तिमार्ग निर्देशन कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहसँग द्विपक्षीय सम्झौताको लागि पहल गर्ने

२. वृत्तिमार्ग निर्देशन सत्रको अनुगमन तथा सुपरिवेक्षण गरी गुणस्तर सुनिश्चित गर्ने

३. वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनको लागि चाहिने आवश्यक सामग्रीको व्यवस्थापन गर्न पहल गर्ने

४. सिकाइ सामग्रीहरू विद्यालयमा सुरक्षित राख्ने व्यवस्था गर्ने

५. वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि शिक्षक छनोट गर्ने

६. छनोट भएका शिक्षकहरूलाई वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन सम्बन्धी तालिम, पुनर्ताजगी तालिममा पठाउने

७. वृत्तिमार्ग निर्देशन सेवा सम्बन्धी प्राविधिक सहयोगको लागि स्थानीय तह र वृत्तिमार्ग निर्देशन सेवा केन्द्रसँग समन्वयन गर्ने

८. वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि आवश्यक सम्पूर्ण व्यवस्थापनमा सहयोग गर्ने

## १८. स्थानीय तहमा गठित वृत्तिमार्ग निर्देशन सेवा केन्द्रको काम, कर्तव्य र अधिकार

वृत्तिमार्ग निर्देशन सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

१. वृत्तिमार्ग निर्देशन सेवा प्रवाहको लागि सम्बन्धित सरोकारवालाहरू (शिक्षक, विद्यार्थी, स्थानीय सरकार र उद्योग) सँग समन्वय गर्ने

२. शिक्षकहरूका लागि वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन सम्बन्धी तालिम, पुनर्ताजगी तालिमको लागि सहयोग र सहजीकरण गर्ने

३. वृत्तिमार्ग निर्देशन सत्र र अभिभावक भेलाको लागि वृत्तिमार्ग निर्देशन शिक्षकलाई प्राविधिक सहयोग तथा मार्गदर्शन गर्ने

४. युवा तथा अन्य सेवाग्राहीलाई वृत्ति विकास सम्बन्धी जानकारीको लागि भौतिक वा अनलाइनको माध्यमबाट वृत्तिमार्ग निर्देशन सेवा प्रदान गर्ने

५. वृत्तिमार्ग निर्देशन/परामर्श तथा रोजगार मेला आयोजनाको लागि प्राविधिक सहयोग गर्ने

६. स्थानीय तहको समन्वयमा बृत्तिमार्ग निर्देशन कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्ने र आवश्यक पृष्ठपोषण र सल्लाह सुझाव दिने

७. विभिन्न कार्यक्रमको माध्यमबाट वृत्तिमार्ग निर्देशन सेवा कार्यक्रमबारे बृहत रूपमा प्रचार प्रसार गर्ने

## १९. बृत्ति मार्गनिर्देशक शिक्षकको काम, कर्तव्य र अधिकार

बृत्तिमार्ग निर्देशन शिक्षकको काम, कर्तव्य र अधिकार बमोजिम हुने छ :

१. प्रधानाध्यापक/विद्यालय व्यवस्थापन समितिसँग छलफल गरी वृत्तिमार्ग निर्देशन कार्यक्रमको सत्र योजना बनाउने र सम्बन्धित सरोकारवालाहरूलाई पठाउने

२. बृत्तिमार्ग निर्देशन सहयोगी किताबअनुसार विद्यार्थीहरूलाई बृत्तिमार्ग निर्देशन सत्रहरू सञ्चालन गर्ने

३. विद्यालयमा हुने बृत्तिमार्ग निर्देशन बारे अभिभावक तथा अन्य सरोकारवालाहरूसँग छलफल र समन्वय गर्ने

४. बृत्तिमार्ग निर्देशन सत्रका सबै कागजातहरू अद्यावधिक गरी दुरुस्त राख्ने

५. विद्यार्थीहरूले कार्यक्रममा कार्यपुस्तिका सही तरिकाले भरेको सुनिश्चित गर्ने र निर्देशन पुस्तिकाअनुसार सत्रको समयमा विद्यार्थीहरूलाई सहजीकरण गर्ने

६ बृत्तिमार्ग निर्देशन सत्र समापन प्रतिवेदन तयार गरी खर्चको बिल, भर्पाइ सहित निकासाको लागि सम्बन्धित स्थानीय तहमा पेश गर्ने

७. विद्यार्थीहरूको व्यक्तिगत बिबरणसहित छनोट गरेका बृत्तिहरू डाटाबेसमा प्रविष्ट गर्ने

८. बृत्तिमार्ग निर्देशन कर्यक्रमको सबै सत्रहरूमा विद्यार्थीहरूको अनिवार्य उपस्थिति गराउने ।

# परिच्छेद -७

# अनुगमन, सुपरीवेक्षण तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

## २०. बृत्तिमार्ग निर्देशन कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण

१. विद्यालयमा सञ्चालन बृत्तिमार्ग निर्देशन कार्यक्रमको गुणस्तरीयता र प्रभावकारिताको लागि समय समयमा स्थानीय तह लगायत सम्बन्धित निकायबाट अनुगमन गरी आवश्यक सल्लाह सुझाव एवम् पृष्ठपोषण दिन सक्ने

२. अनुगमनको लागि अनुसूची - ६ बमोजिमको अनुगमन रुजुसूची प्रयोग गर्न सकिने छ ।

३. अनुगमनकर्ताको अभिलेख विद्यालयले अनुसूची - ७ अनुसार राख्नुपर्ने हुन्छ ।

**२१. प्रतिवेदन सम्बन्धमाः**

१. विद्यालयमा वृत्तिमार्ग निर्देशन कार्यक्रम सम्पन भइसकेपछि वृत्तिमार्ग निर्देशन शिक्षकले प्रगति प्रतिवेदन अनुसूची - ८ अनुसार तयार गरी निर्देशक समिति समक्ष पेस गर्नु पर्ने छ ।

२. विद्यालयमा वृत्तिमार्ग निर्देशन कार्यक्रम सम्पन भइसकेपछि वृत्तिमार्ग निर्देशन शिक्षकले विद्यार्थीहरूले छनोट गरेको वृत्तिहरू अनलाइन डाटावेसमा प्रविष्ट गरी सोको प्रतिलिपि प्रगति प्रतिवेदनसँगै निर्देशक समिति समक्ष पेस गर्नुपर्ने छ ।

## परिच्छेद -८
## विविध

**२२. जिन्सी सामान स्वीकार गर्न सक्ने :**

नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले वृत्तिमार्ग निर्देशन कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयनको लागि आवश्यक नगदबाहेक अन्य जिन्सी सामग्रीहरू प्रदान गर्न चाहेमा प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गरी स्थानीय तहको सहमतिमा निर्देशक समितिले निर्णय गरी उक्त सामग्रीहरू स्वीकार गर्न सक्ने छ ।

**२३. वृत्तिमार्ग निर्देशन कार्यक्रमको दिगोपनः**

वृत्तिमार्ग निर्देशन कार्यक्रमको दिगोपनको निम्ति तीनै तहको सरकारहरू (सङ्घीय,प्रदेश र स्थानीय) बिच समन्वय गरी र बजेट साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

**२४. बाधा अड्काउ फुकाउः**

यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ आइपरेमा ऐन, नियम तथा प्रचलित कानुनको विपरीत नहुने गरी मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

**२५. संशोधन, खारेजी तथा बचाउ :**

यस कार्यविधिलाई आवश्यक संशोधन तथा खारेजी गर्ने अधिकार स्थानीय तहमा रहने छ ।

## अनुसूची : १
## विद्यालय छनोटका आधार

वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि सामुदायिक तथा संस्थागत विद्यालय छनोटका आधार निम्न बमोजिम हुने छ :

१. माध्यमिक स्तरको विद्यालय हुनुपर्ने

२. विपन्न तथा पिछडिएको वर्गको विद्यार्थीहरूको सहभागिता भएको विद्यालयलाई प्राथमिकता हुनुपर्ने

३. दुर्गममा अवस्थित विद्यालयहरूलाई प्राथमिकता दिनुपर्ने

४. विगतको कार्यक्रम सम्पादनको मूल्याङ्कनको आधारमा

## अनुसूची -२
## विद्यालय र स्थानीय तहबिचको सम्झौता पत्रको नमुना
## द्विपक्षीय सम्झौता पत्र

### पृष्ठभूमि

........ नगरपालिका (यसपछि "प्रथम पक्ष" भनेर सम्बोधन गरिने), र ...............माध्यमिक विद्यालय (यसपछि "द्वितीय पक्ष" भनेर सम्बोधन गरिने) बीच तपसिलमा उल्लेखित जिम्मेवारीहरू / शर्तहरू पालना गर्दै वृत्तिमार्ग निर्देशन (Career Guidance) कार्यक्रम सञ्चालन गर्न दुवै पक्ष मञ्जुर भई मिति .......... ........................................गतेका दिन यो समझदारी पत्रमा हस्ताक्षर गरेका छौं ।

### तपसिल

**१. प्रारम्भ**

१.१. वृत्तिमार्ग निर्देशन (Career Guidance) सम्बन्धी सत्रहरू सञ्चालन गर्न सम्बन्धित विद्यालय - द्वितीय पक्ष) बाट दुई जना शिक्षकहरूको वृत्तिमार्ग निर्देशन सेवा केन्द्रको सहयोगमा क्षमता अभिवृद्धि गरी तयार गरिएको पाठ्यक्रममा आधारित रहेर ११० मिनेटको कक्षा नौमा छओटा सत्रहरू र कक्षा दशमा थप एउटा सत्र गरी जम्मा सातओटा सत्रहरू सञ्चालन गरिने छन् ।

१.२. द्वितीय पक्षले वृत्तिमार्ग निर्देशन सेवा कक्षा नौमा अध्यनरत ४० जना र कक्षा दशमा अध्यनरत ४० जना विद्यार्थीहरूलाई सरदर २५ देखि ३० जनाको समूहमा विभाजन गरी सञ्चालन गर्नुपर्ने छ ।

१.३. यो कार्यक्रम द्वितीय पक्षद्वारा सिफारिस भएको र कार्यक्रम सञ्चालन सम्बन्धी तालिम प्राप्त शिक्षकहरूले नै सञ्चालन गर्नुपर्छ ।

१.४. माथि उल्लिखित बुँदाहरूमा दुवै पक्षको समान बुझाइ रहने छ ।

१.५. यस सम्झौतामा दुवै पक्षको हस्ताक्षर भएको मितिदेखि लागु हुने छ ।

## २. प्रथम पक्षको जिम्मेवारीहरू

२.१. कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा नियमित समन्वय र सञ्चारको लागि सम्पर्क व्यक्ति तोक्ने

२.२. द्वितीय पक्षलाई बुँदा नं ४ को ४.१ र ४.२ मा उल्लेख भए अनुसारको कार्यक्रम सञ्चालन खर्च उपलब्ध गराउने

२.३. कार्यक्रमको कार्यान्वयन थप प्रभावकारी बनाउन नियमित अनुगमन र निरीक्षण गर्ने साथै आवश्यक सुझावहरू द्वितीय पक्षलाई जानकारी दिने

२.४. द्वितीय पक्षलाई कार्यक्रम कार्यान्वयन तालिका बनाउन सहयेग गरी सो अनुसार कार्यान्वयन गर्न र गराउन सुनिश्चित हुने

२.५. द्वितीय पक्षलाई कार्यक्रम सञ्चालन प्रभावकारी ढङ्गबाट गर्न गराउनको लागि आवश्यक निर्देशनहरू दिने (जस्तै: शिक्षकहरू छनोट गर्ने, क्षमता अभिवृद्धि /तालिम कार्यक्रमहरूमा सहभागी पठाउने, विद्यालय परिवार र अभिभावकहरूलाई अभमुखीकरण आदि )

२.६. कार्यक्रमको सबै चरणमा आवश्यक सहजीकरण गरी गुणस्तर सुनिश्चित गर्ने

२.७. बुँदा नं. ३ मा उल्लेख भए अनुसारको कार्यहरू सम्बन्धित विद्यालयले सम्पन्न गरेको सुनिश्चित गर्ने

२.८. वृत्तिमार्ग निर्देशन कार्यक्रमलाई अझ प्रभावकारी र वृहत्तर बनाउन सम्वन्धित सरोकारवालाहरूसँग समन्वय, सहकार्य गर्ने

२.९ . वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन गर्न शिक्षकहरूलाई तालिम तथा समग्र कार्यक्रम कार्यान्वयनको लागि यस क्षेत्रमा कार्यरत विभिन्न सङ्घ/संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने

## ३. द्वितीय पक्षको जिम्मेवारीहरू

३.१. वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि सात दिने शिक्षकहरूको क्षमता अभिवृद्धि तालिममा सहभागी हुनका लागि विद्यार्थी सङ्ख्याका आधारमा दुईदेखि चार जना शिक्षक छनोट गरी पठाउने

३.२. वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि कक्षा नौमा दैनिक ११० मिनेट अनुसारको छओटा सत्र र कक्षा दशमा ११० मिनेटको एउटा सत्र सञ्चालन गर्न समय तालिका बनाई सो अनुसार कार्यान्वयन गर्ने

३.३. वृत्तिमार्ग निर्देशन सत्र सञ्चालनका लागि कक्षाकोठा, पाठयोजना, सत्र योजना र शिक्षण सामग्रीको व्यवस्था गर्ने

३.४. वृत्तिमार्ग निर्देशन कार्यक्रमको कक्षा नौमा छओटा र कक्षा दशमा एउटा सत्र सम्पन भए पश्चात उपस्थित भएका विद्यार्थीहरूका विवरण अनलाइन डाटावेशमा अपडेट गर्ने

३.५. कार्यक्रम प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नका लागि शिक्षकहरू छनोट गर्ने, क्षमता अभिवृद्धि तालिम, बैठक, अन्तरक्रिया कार्यक्रमहरूमा सोही शिक्षक पठाउने, विद्यालय परिवार र अभिभावकहरूलाई आवश्यक जानकारी दिने आदि कार्यहरू गर्ने

३.६. आन्तरिक अनुगमन योजना बनाई विद्यालयका प्र.अ.ले सो अनुरूप वृत्तिमार्ग निर्देशन सत्र अनुगमन गरी विद्यार्थीहरूको सिकाइको गुणस्तर तथा प्रभावकारिता सुनिश्चित गर्ने

३.७. कार्यक्रम सम्पन्न भए पश्चात प्रथम पक्षसँग बुँदा नं. ४ को ४.१ र ४.२ अनुसारको रकम बुँदा नं. ५ बमोजिम माग गर्ने

३.८. प्रथम पक्षलाई कार्यक्रम सम्पन्न प्रगति प्रतिवेदन बुझाउने

**४. वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनको लागत विवरण :**

४.१ द्वितीय पक्षको कक्षा नौमा जम्मा विद्यार्थी सङ्ख्या... जना भएको हुँदा जम्मा विद्यार्थी सङ्ख्यालाई २५ देखि ३० जनाको समूहमा विभाजन गर्दा जम्मा ... ओटा समूहहरू हुने हुँदा निम्नानुसारको अनुमानित लागत विवरण तयार गरिएको छ :

| विवरण | परिमाण | दर रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|
| खाजा खर्च | (जम्मा विद्यार्थी आठ जम्मा सत्र)+(जम्मा समूह आठ जम्मा थप सङ्ख्या खाठ जम्मा सत्र)= | | | स्थानीय तहको प्रचलित नियमानुसार दररेट कायम गर्न सकिने छ । |

| | | | | |
|---|---|---|---|---|
| स्टेशनरी खर्च | .....जना विद्यार्थी = | | | |
| प्र. अ/वि.व्य.स.अनुगमन खर्च | (... समूह ८१ जना प्र.अ.)= | | | |
| शिक्षक प्रोत्साहन भत्ता | (...समूह आठ र छ सत्र दुई जना सहजकर्ता) = | | | |
| विद्यार्थी विवरण Database अपडेट/ प्रतिवेदन तयारी खर्च | ...वटा समूह = | | | |
| सत्र पूर्वअभिभावक अभिमुखीकरण खर्च | (...विद्यार्थी सङ्ख्याको १०० प्रतिशत अभिभावक + एक जना प्र.अ.+ ... जना सहजकर्ता सङ्ख्या + एक जना वि.व्य.स.+ एक जना का.स.+ दुई जना अन्य शिक्षक)= | | | |
| सत्र पश्चात अभिभावक अभिमुखीकरण खर्च | (...विद्यार्थी सङ्ख्याको १०० प्रतिशत अभिभावक + एक जना प्र.अ.+ ...सहजकर्ता संख्या+ एक जना वि.व्य.स.+ जना का.स.+ दुई जना अन्य शिक्षक)= | | | |
| कार्यालय सहयोगी खर्च | (..समूह ८ ६ सत्र ८१ जना सहयोगी)= | | | |
| जम्मा रकम | | | | |

४.२. द्वितीय पक्षको कक्षा दशमा (सातौँ सत्र) जम्मा विद्यार्थी सङ्ख्या... जना भएको हुँदा जम्मा विद्यार्थी सङ्ख्यालाई २५ देखि ३० जनाको समूहमा विभाजन गर्दा जम्मा ... वटा समूहहरू हुने हुँदा निम्नानुसारका अनुमानित लागत विवरण तयार गरिएको छ :

| विवरण | परिमाण | दर रू | जम्मा रकम रू | कैफियत |
|---|---|---|---|---|
| खाजा खर्च | (...जम्मा विद्यार्थी८जम्मा सत्र)+(जम्मा सुह८जम्मा थप संख्या८जम्मा सत्र)= | | | स्थानीय तहको प्रचलित नर्म्स अनुसार दररेट कायम गर्न सकिने छ |
| शिक्षक प्रोत्साहन भत्ता | (...समूह८ १ सत्र८२ जना सहजकर्ता)= | | | |
| कार्यालय सहयोगी खर्च | (...समूह८ १ सत्र ८ १ जना सहयोगी)= | | | |
| जम्मा रकम | | | | |

४.३. यस समझदारी पत्रअनुसार प्रथम पक्षले द्वितीय पक्षलाई कक्षा नौ र कक्षा दशमा बृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन गर्न/गराउनको लागि बुँदा नं. ४.१ र ४.२ को विवरण अनुसारको जम्मा रकम रू. ......... (अक्षरेपी रू. ........... मात्र) उपलब्ध गराउने छ ।

## ५. रकम भुक्तानी र प्रतिवेदन

५.१. द्वितीय पक्षले सम्झौता बमोजिम बुँदा नं. ४.३ अनुसारको लागत रकम भुक्तानीका लागि सम्बन्धित विद्यालयले निवेदन सहित आवश्यक प्रतिवेदन र कागजातहरू प्रथम पक्षलाई पेश गरेपछि वास्तविक विद्यार्थीहरूको उपस्थिति सङ्ख्याको आधारमा मात्र प्रथम पक्षले द्वितीय पक्षलाई रकम भुक्तानी गरिने छ ।

५.२. माथि उल्लिखित रकम भुक्तानी गर्दा प्रथम पक्षले नेपाल सरकारलाई तिर्नुपर्ने कर कट्टा गरी मात्र द्वितीय पक्षको बैङ्क खातामा चेक मार्फत जम्मा गरिने छ ।

५.३. नियमानुसार आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धित विद्यालयको हुने छ ।

## ६. समझदारी पत्रको अवधि

यस समझदारी पत्रको अवधि हस्ताक्षर भएको मितिबाट लागु भई मिति ..........................सम्म हुने छ ।

## ७. विविध:

कार्यक्रम कार्यान्वयन अवधिमा कुनै समस्या अइपरेमा दुवै पक्षको आपसी समझदारीअनुसार हुने छ र समझदारीमा पुग्न नसकिने विषय प्रचलित कानूनअनुसार हुने छ ।

हामी दुवै पक्ष माथि उल्लेखित सर्तहरूको अधिनमा रही यस...... नगरपालिकाअन्तर्गनको........... माध्यमिक विद्यालयमा कक्षा नौमा अध्यनरत विद्यार्थीहरूको लागि छओटा सत्र र कक्षा दशमा अध्यनरत विद्यार्थीहरूको लागि एउटा सत्रको वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन गर्न सहमत भई यस समझदारी पत्रमा हस्ताक्षर गरेका छौँ ।

| प्रथम पक्षको तर्फबाट | द्वितीय पक्षको तर्फबाट |
|---|---|
| ................................................................. | ................................................................. |
| नाम............................................................ | नाम ........................................................ |
| ..................................................पालिका, | प्रधानाध्यापक, श्री..........................विद्यालय |
| कार्यालयको छाप | विद्यालयको छाप |
| मिति: | मिति: |

## अनुसूची -३

## वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि आवश्यक सम्पूर्ण सामग्रीहरूको सूची

| सि.नं. | सामग्रीको नाम | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | सहयोगी पुस्तक | २ | |
| २. | वृत्ति जानकारी पुस्तिका | ३० | एउटा समूहलाई पुग्ने |
| ३. | रुचि र खुबी प्रश्नावली | ३० | एउटा समूहलाई पुग्ने |
| ४. | कार्यपुस्तिका | | कक्षा नौको जम्मा विद्यार्थी सङ्ख्याअनुसार (प्रत्येक वर्ष) |
| ५. | वृत्ति शब्दकोश | ३० | एउटा समूहलाई पुग्ने |
| ६. | हाजिरी रजिस्टर | | जम्मा विद्यार्थी सङ्ख्याअनुसार (प्रत्येक वर्ष) |
| ७. | नेपालको शिक्षा प्रणाली फ्लेक्स | १ | |
| ८. | रुचि र खुबीको फ्लेक्स | १ | |
| ९. | नेपालको शैक्षिक सङ्काय/धार फ्लेक्स | १ | |
| १०. | योजना निर्माण नमुना फ्लेक्स | १ | |
| ११. | वृत्ति जानकारी नमुना फ्लेक्स | १ | |
| १२. | खुबीको तथ्याङ्क पत्र फ्लेक्स | १ | |
| १३. | प्राविधिक तथा व्याबसायिक शिक्षाको महत्त्व फ्लेक्स | १ | |
| १४. | विषय र वृत्ति फ्लेक्स | १ | |
| १५. | वृत्ति जानकारी नमुना फलेक्स | १ | |
| १६. | वृत्ति पथको उदाहरण फ्लेक्स | १ | |
| १७. | मेरो वृत्ति विश्वास फ्लेक्स | १ | |
| १८. | दुई प्रकारको जानकारी फ्लेक्स | १ | |
| १९. | नेपालको शिक्षा प्रणाली फ्लेक्स | १ | |
| २०. | जीवनरेखा फ्लेक्स | १ | |
| २१. | पाँच क्षमता फ्लेक्स | १ | |
| २२. | पाँच क्षमता सिकाइ कार्डहरू | ५ | प्रति क्षमताअनुसार |
| २३. | वृत्ति समबन्धी कार्डहरू | | विभिन्न वृत्तिको |
| २४. | के तिमी तयार छौ ? | | कक्षा दशका विद्यार्थी सङ्ख्याअनुसार (प्रत्येक वर्ष) |

# अनुसूची - ४

## वृत्तिमार्ग निर्देशन सत्र सञ्चालन योजना फारामको नमुना

विद्यालयको नामः.................................................. ठेगानाः..............................................

स्थानीय तहको नामः..........................................प्रदेशः..................................................

कक्षा नौको विद्यार्थी सङ्ख्या : महिला......पुरुष........ कक्षा दशको विद्यार्थी सङ्ख्याः महिला........पुरुष........

वृत्तिमार्ग निर्देशन शिक्षकको नाम : १.................. वृत्तिमार्ग निर्देशन शिक्षकको नाम २....................

..................सम्पर्क नं...........................................सम्पर्क.....................................................

| समूह | सत्र १ | | सत्र २ | | सत्र ३ | सत्र ४ | | | सत्र ५ | | सत्र ६ | | सत्र ७ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मिति | समय | मिति | समय | मिति | समय | मिति | समय | मिति | समय | मिति | समय | मिति | समय |
| १. | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | | |
| अभिभावकीय सत्र | | | | | | | | | | | | | | |

तयार गर्ने :..................................

मितिः............................................

## अनुसूची - ५
## हाजिरी पुस्तिकाको नमुना फाराम

विद्यालयको नामः.................................................... प्रदेशः.........................................

पालिकाको नामः...........................................................................................................।

प्र.अ.को नामः......................................... सम्पर्क न......................... समूहः..................

पहिलो सत्र मितिः...................................... समय.............................. देखि......................

दोस्रो सत्र मितिः :..................................... समय............................... देखि......................

तेस्रो सत्र मितिः :...................................... समय............................... देखि......................

चौथो सत्र मितिः :..................................... समय............................... देखि......................

पाँचौं सत्र मितिः :..................................... समय............................... देखि......................

छैटौं सत्र मितिः :..................................... समय............................... देखि......................

| सि.न. | वृत्तिमार्ग निर्देशन शिक्षकको नाम | हस्ताक्षर | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो सत्र | दोस्रो सत्र | तेस्रो सत्र | चौथो सत्र | पाँचौं सत्र | छैटौं सत्र | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |

| सि.न. | विद्यार्थीको नाम | उमेर | लिङ्ग | जाति | दिन | दिन | | | | | | अभिभावकको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | २ | ३ | ४ | ५ | ६ | | |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |

# अनुसूची ६
# वृत्तिमार्ग निर्देशन सत्र अनुगमन नमुना फाराम

| | |
|---|---|
| विद्यालयको नाम | ठेगाना : |
| अनुगमन मिति : | प्रदेश : |
| स्थानीय तहको नामः | जिल्ला : |
| वृत्तिमार्ग निर्देशन शिक्षकको नाम : | सम्पर्क नं. |
| वृत्तिमार्ग निर्देशन शिक्षकको नाम : | सम्पर्क नं. |

| | |
|---|---|
| कक्षाः जम्मा विद्यार्थी सङ्ख्याः छात्राः छात्राः | |
| सत्रको विषयवस्तुः | सत्र अवधि |
| सत्रको उद्देश्यः | सत्र सुरु समयः |
| उपस्थित विद्यार्थी सङ्ख्याः छात्राः छात्रः | सत्र समाप्त समयः |

| मापदण्ड/सूचकहरू | छ | छैन | कैफियत |
